सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

नेपालको एकमात्र पसल जहाँ Latest मोबाईल सेटहरु सस्तो मुल्यमा उपलब्ध छ।
नत महँगो पर्ने डर नत नक्कली नै



Ctv MOBILE
साथै EXCHANGE Offer
1 year warranty in all mobiles
Shop No. 13, Tamrakar Complex, New Road, KTM, Nepal Tel: 2023170, 9849210000

● वर्ष १५ ● अंक २६ ● काठमाडौं, शुक्रबार, कातिक २७, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Nov 13, 2009 ● पृष्ठ २४ ... ल्य रु. १०/-

## निखिल र सञ्चिता विवाहको बाटोमा?

विदुर खतिवडा

नायक निखिल उप्रेती र नायिका सञ्चिता लुइँटेल नजिकका साथी भएकाले चाँडै नै उनीहरू विवाह-बन्धनमा बाधिँदैछन् भन्ने हल्लाले पछिल्ला दिनमा नेपाली चलचित्र उद्योगलाई तताएको छ।

उनीहरूबीचको निकट सम्बन्धलाई पुष्टि गर्ने आधार भने गत सोमबार यी दुवै कलाकार पशुपति मन्दिर परिसरमा एकसाथ देखिनु बन्यो। पूजा गर्ने क्रममा आएका नायक निखिल तथा नायिका सञ्चिता पूजा कार्यक्रम सकिएपछि हर्षित मुद्रामा साथै फर्किएका थिए। यद्यपि पूजा समारोहमा उनीहरूका अतिरिक्त निखिलका दुई दिदी तथा निर्देशक सुनिल पाण्डे पनि सहभागी थिए।

विस्तृत पृष्ठ २४ मा



तस्विर: चलचित्र दृश्यबाट

विस्तृत अन्तर्वार्ता पृष्ठ ५ मा



तस्विर: कमल श्रेष्ठ

*म भित्रभित्रै लज्जा महसुस गर्छु। बीचमै दुर्घटना भयो, आखिर पछि पनि विवाह गर्नु नै छ भने किन बजारमा आफ्ना कुरा फैलाइरहनु भनेर विवाह गरियो।*

*म अहिले जुन मानसिक दशामा छु, यस्तो बेलामा शिशिरले मलाई एकछिन पनि छोडेको छैन।*

*इन्डस्ट्रीमा मुखले आई लभ यु भन्दै चेपारो घस्नेहरू धेरै हुन्छन्, तर साँचो माया गर्नेहरू भेटिँदैनन्।*

*सेक्स जीवनको अपरिहार्य आवश्यकता हो। मैले आफ्नो ब्यायफ्रेन्डसँग सम्बन्ध राखेकी हुँ। प्रेममा यस्ता सम्बन्ध अहिलेको युगमा सामान्य हुन्।*

*मैले कुनै गल्ती गरेको छैन। त्यसैले पहाडै खस्यो, जीवन बरबाद भयो भनेर कुनामा पस्ने वा आत्महत्या गर्ने खालकी युवती म होइन।*

*यस्ता कुरालाई खोजी-खोजी बाहिर ल्याइदिनेहरू अपराधी हुन्।*

*यदि मेरो काम ठीक थियो भने सानो गल्तीलाई सबैले माफ गरिदिनुहुन्छ भन्ने लागेको छ।*

## पश्चाताप गर्दैछिन् पूजा लामा

...Plan your further Studies in the UK with the Specialist!

Study in UK



Under Tier-4 (PBS)

FREE SEMINAR & SPOT ADMISSION
Every Day from 10:00 am-6:00 pm @ Earth Vision Premises, Bagbazar, KTM.
Please visit with 2 pp-sized Photographs & copies of Academic Certificates for the Spot Admission.
Office will also stay open on Saturday (10:00 am to 4:00 pm)

- Spot Admission with Scholarships for all Applicants
- IELTS/TOEFL Optional/Not Needed*
- Plus Scholarships for IELTS/TOEFL Score Achievers
- Easy VISA Documentation
- Dependant can also apply Together
- 2 years Post-Study Work after Graduation
- Higher Chance of Getting Visa
- Outstanding Visa Success Rate till date
- Fast Track Offer & Visa Letters

*Condition Apply

Now Apply for Jan/Feb'10 Intakes

Requirement: Min. SLC/+2 or above

Foundation | Diploma | Bachelor | Master
Courses of Your Choice

IELTS & TOEFL Preparation with Special Discount

Visa to the World...
EARTH VISION INT'L EDUCATION
ESTD 2005 NEPAL
EARTH VISION INT'L EDUCATION
Bagbazar, Kathmandu (Opposite to NCC Bank)
4-250841
01-6222925
ECAN
www.earthvision.edu.np
evisionepal@wlink.com.np
Birtamod: 023-621392 | Hetauda: 9804257021 | Pokhara: 061-691448

Note: Agents urgently required in almost all major Cities of Nepal. Interested Persons/Institutions are requested to contact us at 9803023740 or evisionepal@wlink.com.np as soon as possible.

## ● क्यासेट ●

### डिजे तेन्जिङ



डिजे तेन्जिङले रिमिक्स गरेका लोकप्रिय गीतहरूको संग्रह 'डिजे तेन्जिङ' श्रोतामाभ्न आएको छ । रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत संकलित छन् । संग्रहका गीतहरूमा रोज मोक्तान, रेश्मा सुनुवार, आफिस शाह, महादेव त्रिपाठी, मिङ्मा शेर्पा, राजन इशान आदिले गाएका छन् ।

### मंगोलियन हार्ट–५



मंगोलियन हार्टको पाँचौं गीति-संग्रह 'मंगोलियन हार्ट भाग ५' बजारमा आएको छ । रियाज म्युजिकको यो संग्रहमा गायक राजु लामाले गाएका दसवटा गीत समावेश छन् । संग्रहका सबै गीत समूहकै सहकर्मीको शब्द तथा संगीतमा तयार भएको बताइएको छ ।

### आस्था



आस्था भण्डारीका पाँच गीतहरूको संग्रह बजारमा आएको छ । रियाज म्युजिकको यो संग्रहमा छवटा गीत समावेश छन् । विजु बज्र, भीषण योञ्जन, विजु कर्माचार्य तथा सुदीप गिरीद्वारा संगीतबद्ध संग्रहका गीतहरू भूपेन्द्र खड्का, भीषण योञ्जन तथा सुदीप गिरीले रचना गरेका हुन् ।

## ● रंगमञ्च ●

### नेपाली नाटकको सय वर्ष

भारतमा नेपाली भाषामा नाटक मञ्चन हुन थालेको सय वर्ष पूरा भएको अवसर पारेर दार्जीलिङ तथा आसपासका रंगकर्मीहरूलाई भारतीय नेपाली नाटकको शतवार्षिकी मनाएका छन् । शतवार्षिकी समारोहका अवसरमा दार्जीलिङमा एक नेपालीसहित भारतीय मूलका चार नेपाली स्रष्टा सम्मानित भएका छन् । उनीहरूले नेपाली भाषाको नाटक लेखेर नाट्य क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप सम्मान गरिएको हो । यसरी सम्मानित हुनेहरूमा नेपाली स्रष्टा प्रकाश आङदेम्बे, भारतीय मूलका नेपाली स्रष्टा डा. रुद्रराज पाण्डे, कृष्ण प्रधान तथा राजु हिमांशु थापा छन् । शतवार्षिकीकै अवसरमा गत आइतबारदेखि दार्जीलिङमा एकांकी नाटक प्रतियोगिता सञ्चालन गरिएको छ । दार्जीलिङ, खर्साङ, कालिङपोङ आदि क्षेत्रका एक दर्जन नेपाली नाटक प्रतियोगिताका लागि छनौट भएका छन् । अहिलेको प्रविधिअनुरूप समसामयिक रूपमा मञ्चन गरेर नेपाली नाटकलाई माथि उठाउन सकिने निष्कर्ष शतवार्षिकी समारोहमा निकालिएको थियो ।

## ● ग्यालरी ●

### प्रत्यक्ष संगीतमा चित्रकला

मिलन राईलाई चित्रकारका रूपमा चिन्नेहरू धेरै छन् तर गत शनिबार राजधानीमा आयोजित एक समारोहमा उनी संगीतकर्मीका रूपमा प्रस्तुत भए । हातमा ब्रस र रंग लिएर प्रस्तुत भएका राईले प्रत्यक्ष संगीतको तालमा स्टेजमै सजाइएको क्यानभासमा चित्रकला तयार पारेपछि उपस्थित दर्शकहरूले संगीत तथा चित्रकला दुवैको स्वाद लिने अवसर पाए । लाजिम्पाटस्थित नर्थ गेट एक्बास लाउन्ज एन्ड बारमा राईले प्रत्यक्ष संगीतमा चित्रकला तयार पारेका हुन् । मञ्चको एउटा कुनामा लोकधुन बजिरहेको थियो, अर्को छेउमा कलाकार राई संगीतको भावलाई क्यानभासमा उतारिरहेका थिए । नर्वेली कलाकारले प्रस्तुत गरेको धुनमा उनले उत्तिकै कौशलताका साथ चित्र तयार पारेका थिए । 'रात' शीर्षकमा तयार पारिएका चित्रमा उनले रातो, नीलो तथा कालो रंगको प्रयोग गरेका थिए । उनका चित्रहरू केही समयपछि सोही ठाउँमा प्रदर्शन तथा बिक्रीका लागि राखिनेछ ।

### कला मेलाको समापन

काठमाडौंमा पहिलो पटक सञ्चालन भएको अन्तर्राष्ट्रिय कला महोत्सव गत मंगलबार सम्पन्न भएको छ । १२ दिनसम्म सञ्चालन भएको कला महोत्सवको आयोजना सिद्धार्थ आर्ट ग्यालरीले गरेको थियो । महोत्सवको अन्तिम दिन गत मंगलबार सिद्धार्थ आर्ट ग्यालरीमा आयोजित अनौपचारिक समारोहमा समापनको घोषणा गरिएको थियो । उद्घाटन भव्य रूपमा भए पनि समापन सामान्य भएको टिप्पणी कतिपय कलापारखीको थियो । 'सेपरेटिङ मिथ फ्रम रियालिटी-स्ट्याटस अफ वुमेन' शीर्षकको उक्त प्रदर्शनीमा विभिन्न २५ देशका कलाकारका कलाकृतिहरू समावेश थिए । महिला विषयका चित्रकला, तस्विर, प्रतिस्थापन कला तथा दृश्य चित्रहरूले विश्वका महिलाहरूको वर्तमान अवस्थालाई उजागर गरेको थियो । गत कात्तिक १३ गते प्रारम्भ भएको महोत्सवले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कलाकारको कला बुझ्ने, हेर्ने अवसर प्रदान गरेको थियो ।

### अमेरिकी कलाकारको नेपाली चित्रकला

अमेरिकी नागरिक जेनिफर फुलरले नेपालमै बसेर तयार पारेका चित्रकलाहरूको प्रदर्शनी राजधानीमा प्रारम्भ भएको छ । नक्सालस्थित इन्डिगो ग्यालरीमा प्रारम्भ भएको प्रदर्शनी 'नेपाली' मा जेनिफरले तयार पारेका चित्रकला समावेश छन् । जेनिफरले आफ्नो चित्रकलामा नुवाकोटका बासिन्दाका विभिन्न रूपलाई प्रस्तुत गरेकी छिन् । द अम्ब्रेला फाउन्डेसनसँग आबद्ध जेनिफरले नुवाकोटको गुर्जे गाउँमा दुई वर्ष बिताएकी थिइन् । प्रदर्शनीमा समावेश उनका चित्रकलामा तामाङ गाउँका बालबालिकादेखि युवायुवती हुँदै वृद्ध-वृद्धासम्म अटाएका छन् । नुवाकोटको वस्तुस्थितिका विभिन्न रूप समेटिएका २३ वटा चित्रकलामार्फत उनी काठमाडौंमा पहिलो पटक प्रदर्शनीमा उत्रिएकी हुन् । गुर्जे गाउँका बासिन्दामात्र होइन, उनका चित्रकलामा गाउँको प्राकृतिक रहनसहन पनि समेटिएका छन् । दुई वर्षअघि गुर्जे गाउँकै खासाङ थिङसँग वैवाहिक जीवन प्रारम्भ गरेकी जेनिफर आफ्नो प्रदर्शनी आगामी आइतबारसम्म जारी रहने बताउँछिन् ।

### अनफोल्डमा आजाद

अन्तर्राष्ट्रिय कला मेलाको रौनक सेलाउन नपाउँदै कलाकार गोविन्द शाह आजाद आफ्नो २४ औं एकल चित्रकला प्रदर्शनीमार्फत प्रस्तुत भएका छन् । 'अनफोल्ड इन्भेन्सन' शीर्षकको उनको कला प्रदर्शनी गत आइतबारदेखि राजधानीमा प्रारम्भ भएको छ । डीएफआईडी नेपालका प्रमुख सराह सन्याहुम्वी तथा नेपाल-बेलायत समाजका अध्यक्ष प्रतिमा पाण्डेले संयुक्त रूपमा उक्त प्रदर्शनीको उद्घाटन गरेका थिए । बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालित यो प्रदर्शनीमा आजादले लन्डनमा कला विषयमा अध्ययन गरेको बेला दुई वर्ष लगाएर तयार पारेका चित्रकला समावेश गरेका छन् । विश्वमै चर्चामा रहेको बढ्दो तापक्रम तथा जलवायु परिवर्तनको विषयलाई उनले चित्रकलाको माध्यमबाट प्रस्तुत गरेका छन् । उनले चित्रकलामा वातावरण मात्र नभै अध्यात्मलाई पनि बादलमार्फत प्रस्तुत गरेका छन् । प्रदर्शनी मंसिर ८ गतेसम्म जारी रहनेछ ।

## ● लाइभ ●

### पोखरामा गायन प्रतियोगिता

भोलि शनिबार पोखरामा एउटा सांगीतिक प्रतियोगिता हुने भएको छ । उत्कृष्ट गला तथा कलाको खोजी गर्नका लागि रेडियो सराङकोट, पोखराले गायन प्रतिभाको छनौट गर्न लागेको हो । नयाँ कलाकारको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजना गर्न लागिएको 'सराङकोट तारा' शीर्षकको यो प्रतियोगितामा १२ जना प्रतिभाले निर्णायक प्रतिस्पर्धा गर्दैछन् । आयोजकहरूले दिएको जानकारीअनुसार अडिसनमा करिब ५ सय जनाले आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । पहिलो अडिसनबाट ३० जना प्रतिभाको छनौट गरिएको थियो । दोस्रो चरणको प्रतिस्पर्धाबाट १२ जना प्रतिभाको छनौट गरिएको हो । भोलिको निर्णायक प्रतियोगिता पोखरा उद्योग-वाणिज्य संघको सभाहलमा सञ्चालन हुनेछ । प्रतियोगिताका विजेतालाई मेरो आवाज एवार्डका साथै एउटा गीतको रेकर्डिङ तथा म्युजिक भिडियोको छायांकन गर्ने अवसरसमेत प्रदान गरिनेछ । उपविजेताले पनि एउटा गीत रेकर्ड गर्ने अवसर पाउनेछन् । उत्कृष्ट १० लाई सान्त्वना पुरस्कार प्रदान गरिनेछ ।

### अस्ट्रेलियामा नृत्य प्रतियोगिता

नेपालीहरूको जनसंख्या बढ्दै गएको अस्ट्रेलियामा पहिलो पटक नेपाली नृत्य प्रतियोगिता हुने भएको छ । आगामी मंसिर १३ गते अस्ट्रेलियाको ब्रिस्बेनमा हुने 'नेप्लिज डान्स कम्पिटिसन' शीर्षकको उक्त प्रतियोगिताका लागि आवेदन फारम भर्ने मिति समाप्त भैसकेको छ । ब्रिस्बेनको स्थानीय मेरीम्याक कम्युनिटी हलमा सञ्चालन हुने यो प्रतियोगितामा मौलिक नेपाली नृत्य प्रदर्शन गर्ने प्रतिभालाई अवसर प्रदान गर्न लागिएको छ । प्रतियोगितालाई सिंगल डान्स तथा ग्रुप डान्स गरी दुई चरणमा विभाजन गरिनेछ । दुवै विधामा पहिलो, दोस्रो तथा तेस्रो स्थान हासिल गर्ने प्रतिभालाई पुरस्कृत गरिनेछ । यसबाहेक बेस्ट ड्रेस, योङ ट्यालेन्ट (१० वर्षभन्दा कम उमेरका), बेस्ट इथ्निक डान्स, बेस्ट कपल डान्स विधामा पनि पुरस्कार प्रदान गरिने बताइन्छ ।

## ● पुस्तक ●

### समयलाई सम्बोधन

कवि त्रिलोचन आचार्य आफ्नो पाँचौं कृति 'समयलाई सम्बोधन' लिएर पुनः देखा परेका छन् । सामाजिक-राजनैतिक विषयवस्तु समेटिएको यो पुस्तकलाई झुल्का प्रकाशन, काठमाडौंले प्रकाशित गरेको हो । पुस्तकको मूल्य १ सय १ रुपैयाँ छ ।

### दिल खोली पर्खिरै'छु

गीतकार सुरेश घिमिरे 'निश्चिन्त'का ६० वटा गीतको संग्रह 'दिल खोली पर्खिरै'छु' लाई सुनकोसी संगीत कला प्रतिष्ठानले प्रकाशित गरेको हो । सामाजिक विसंगति-विकृतिविरुद्ध प्रहार गरिएका गीतहरू समेटिए यो पुस्तकको मूल्य १ सय ५१ रुपैयाँ छ ।

### पर-लोकतन्त्र

महाकाव्य साहित्यको जटिल विधा मानिन्छ । यस्तो जटिल विधाका गाउँले बलदेवले नयाँ कृति 'पर-लोकतन्त्र' सार्वजनिक गरेका छन् । महाकाव्यका पाठकहरू घट्दै गएको अहिलेको परिप्रेक्ष्यमा पर-लोकतन्त्रले पाठकहरूलाई महाकाव्यप्रति रुचि जगाउने विश्वास गरिएको छ । लेखक स्वयंद्वारा प्रकाशित यो कृतिको मूल्य १ सय रुपैयाँ छ ।

### पहाड बोकेर पहाडतिर

कवि हेमप्रभास अधिकारी आफ्नो नयाँ कृति 'पहाड बोकेर पहाडतिर' का साथ पाठकहरूसमक्ष पुगेका छन् । ४० वटा लामा-छोटा गद्यकविताहरू सँगालिएको यो पुस्तकलाई समीक्षा अधिकारीले प्रकाशित गरेकी हुन् । कविताका पाठकहरूका लागि रुचिकर हुन सक्ने यो पुस्तकको मूल्य ९९ रुपैयाँ छ ।

### आमाको वेदना

कवि राजेन्द्रप्रसाद पन्त 'तारकिणी'ले रचना गरेका ३६ वटा कविताको संग्रह 'आमाको वेदना' लाई कवि स्वयंले प्रकाशित गरेका हुन् । बोलेर आफ्ना भावना व्यक्त गर्न नसक्ने कविले कवितामार्फत आफ्ना मनका भावनाहरू सार्वजनिक गरेका छन् । ४२ पृष्ठको कविता-संग्रहको मूल्य व्यक्तिगत २५ रुपैयाँ तथा संस्थागत १ सय १ रुपैयाँ छ ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

कात्तिक २८ गते : खोटाङ हलेसी महादेव मेला, झापा सत्तासीधाम त्रिवेणी मेला, विश्व मधुमेह दिवस, २९ गते : बालाचतुर्दशी, सतबीज छर्ने, मंसिर १ गते : सोमबारे औंसी, अन्तर्राष्ट्रिय सहनशीलता दिवस । २ गते : अन्तर्राष्ट्रिय विद्यार्थी दिवस । ४ गते : अन्तर्राष्ट्रिय पुरुष दिवस, अन्तर्राष्ट्रिय शौचालय दिवस ।

### मेष

साताको पूर्वार्द्ध अनुकूल रहनेछ भने काममा सफलता प्राप्त गरेर धन आर्जन गर्न सकिनेछ । मन प्रसन्न रहनेछ । वैदेशिक कार्यमा सफलता पाउनुहोला । सजिलै अरूको मन जित्न सकिनेछ । मंगलबारदेखि चिन्ता बढ्नुका साथै घरेलु समस्याले पनि सताउन सक्छ ।

### मिथुन

घरेलु समस्याले सताउनेछ भने शत्रुले खोइरो खन्नेछन् । मनमा दुविधाले डेरा जमाउनेछ । सानो काममा सफलता पाउन पनि बढी परिश्रम गर्नुपर्ला । कुरा काट्नेहरूका साथै गलत विचार बढ्न सक्छ । मंगलबारदेखि काममा सफलता मिल्ने, धन आर्जन हुने तथा अरूबाट सहयोग पाइने योग छ ।

### सिंह

विवाद बढ्नेछ भने काममा अवरोध आउनाले मन चिन्तित रहनेछ । घरेलु समस्याले सताउन सक्छ । मित्रहरूको भरोसा गरे धोका हुनेछ । अध्ययनमा सफलता पाउन मुस्किल पर्नेछ । आइतबार र सोमबार पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ ।

### तुला

खर्च बढ्नेछ भने गलत सोचाइका कारण अप्ठ्याराहरू प्रशस्तै आउनेछन् । चिन्ताले मनमा दरिलो डेरा जमाउनेछ । अध्ययनमा अवरोध आउनाले मनोबल घट्नेछ । झूटो आरोप पनि लाग्न सक्छ । पराक्रम बढ्ने तथा अधुरा काम पूरा हुने योग छ । धन आर्जन हुनेछ भने अरूबाट सम्मान पनि पाइनेछ ।

### धनु

समष्टिमा साता राम्रो रहे पनि खर्चचाहिँ बढ्नेछ । मान-सम्मान मिल्नेछ भने अरूको मन जितेर आफ्नो वर्चस्व कायम गर्न सकिनेछ । धन आर्जन हुन सक्छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ ।

### कुम्भ

सुरुमा स्वास्थ्य प्रतिकूल रहनेछ भने काम गर्ने उत्साह देखिँदैन । सानो काममा सफलता पाउन बढी परिश्रम गर्नुपर्ला । कुरा काट्नेहरू सक्रिय रहनेछन् । विश्वास गरकाहरूले धोका दिनेछन् । मंगलबारदेखि मान-सम्मान मिल्नेछ भने काममा सफलता पाइनेछ । धन आर्जन हुने योग छ ।

### वृष

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ भने गलत विचारका कारण काममा अवरोध आउनेछ । सानो कुराले पनि चिन्ता बढ्न सक्छ । आइतबारदेखि बुधबारसम्म काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ । व्यवसाय लाभप्रद रहनेछ । भेटघाटमा रमाउने अवसर जुट्नेछ । प्रतिस्पर्धीहरूबाट सजग रहनुहोला ।

### कर्कट

मान-सम्मान पनि पाउनुहोला । धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ भने अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइनेछ । अध्ययनमा सफलता हात लाग्नेछ । यात्रा हुनसक्छ । आइतबारदेखि घरेलु समस्या बढ्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

### कन्या

सफलताका लागि संयमित रहनुहोला । मान-सम्मान मिल्नेछ । विवादतिर अघि नबढ्नुहोला । धनमाल हराउन सक्ने हुँदा सजग रहनुपर्नेछ । कुरा काट्नेहरू सक्रिय छन् । यद्यपि पराक्रमद्वारा काममा सफलता हात पार्न सकिनेछ । धन आर्जन पनि हुनेछ । अध्ययनमा सफलता मिल्नेछ ।

### वृश्चिक

साता मध्यम रहनेछ । खर्च बढे पनि आम्दानी घट्नेछैन । आफन्तहरूबाट सहयोग मिल्नेछ । भोज-भतेरमा सहभागी हुने अवसर जुट्नेछ । भाग्यले साथ दिनेछ । अध्ययनमा प्राप्त हुने सफलता कायमै रहे पनि आइतबार, सोमबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ ।

### मकर

मन चिन्तित रहनेछ । कामको बीचमा अवरोधको सामना गर्नुपर्ला । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन् । आइतबारदेखि मान-सम्मान एवं काममा सफलता मिल्नेछ । धन आर्जन पनि हुनसक्छ । वैदेशिक कार्य लाभदायक देखिन्छ ।

### मीन

व्यवसाय बढ्नेछ । रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ । भेटघाटले मनलाई प्रसन्न बनाउनेछ । धन आर्जन हुने योग छ । अरूलाई सजिलै आकर्षण गर्न सकिए पनि आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । झूटा आरोप पनि लाग्न सक्छ ।




# फिलिपिन्समा के गर्दैछिन् ऋचा ?

● कृष्ण भट्टराई

काठमाडौं– पर्सि आइतबार राति फिलिपिन्सको राजधानी मनिलानजिकैको रमणीय आइसल्यान्ड बोराकेमा हुने वर्ष २००९ को 'मिस अर्थ' प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरेकी ऋचा थापामगरले आफ्नो सम्पूर्ण तयारी पूरा गरेको बताएकी छिन् । प्रतियोगितामा सहभागी हुन उनी दुई साताअघि त्यसतर्फ प्रस्थान गरेकी हुन् । मिस अर्थ- २००९ स्थानीय बोराके इको भिलेज रिसोर्ट एन्ड कन्भेन्सन सेन्टरमा हुनेछ ।

विश्वका ८६ देशको प्रतिनिधित्व गर्दै भेला भएका सुन्दरीहरूले नेपालकी प्रतिनिधि ऋचाले झैं 'पृथ्वीसुन्दरी' अर्थात् 'मिस अर्थ' को मुकुट आफ्नो शिरमा सजाउने सपना सजाएका छन् । 'केही न केही त लिएरै आउनेछु, साप्ताहिकसँगको संक्षिप्त वार्तामा ऋचाले भनिन्– 'नेपालले केही पनि नजित्ने परम्परालाई तोड्ने लक्ष्य लिएकी छु, अन्तिम निर्णय त निर्णायककै हातमा हुन्छ ।'

असोजको पहिलो साता काठमाडौंमा सम्पन्न 'मिस नेपाल' प्रतियोगितामा ऋचाले फस्ट रनर्सअपको उपाधि जितेकी थिइन् । फस्ट रनर्सअपले मिस अर्थमा सहभागिता जनाउन पाउने भएकाले मिस नेपालको आयोजक हिडेन ट्रेजरले ऋचालाई फिलिपिन्स पठाएको हो । मिस नेपालको मुकुट पहिरिएकी जेनिशा मोक्तानले भने आगामी महिना दक्षिण अफ्रिकामा आयोजना हुने मिस वर्ल्ड– २००९ मा सहभागिता जनाउँदैछिन् ।

नेपाली समयअनुसार आगामी आइतबार मध्यरातपछि प्रारम्भ हुने मिस अर्थ प्रतियोगिताको अन्तिम प्रतिस्पर्धालाई रंगीन बनाउन आयोजकहरू अन्तिम तयारीमा जुटेका छन् । निर्णायक चरणअघिका केही साना प्रतियोगितामा ऋचाले नेपालको प्रतिनिधित्व गरिसकेकी छिन् । प्रतियोगिताका प्रारम्भिक चरणहरूमा नेपाली सुन्दरीको प्रस्तुति सन्तोषजनक रहेको बताइन्छ । मिस अर्थअन्तर्गत राष्ट्रिय पोसाक प्रदर्शन गर्ने चरणमा ऋचा रातो रंगको सारीमा प्रस्तुत भएकी थिइन् । हरियो रंगको मोटो पोतेका साथ छड्के तिलहरी लगाएकी ऋचाले दाहिने हातमा एउटी फिलिपिनो बालिकालाई डोहोऱ्याएकी थिइन् भने देब्रे हातमा चन्द्र-सूर्यअंकित नेपालको राष्ट्रिय झन्डा फहराएकी थिइन् । 'एउटी परम्परागत नेपाली दुलहीका रूपमा प्रस्तुत भएर नेपालको मौलिक पहिचान दिने प्रयास गरेकी थिएँ,' ऋचाका अनुसार अन्य देशको राष्ट्रिय पोसाकको तुलनामा नेपाली पोसाकलाई निर्णायकले पनि महत्त्व दिएका थिए । राष्ट्रिय पोसाक प्रदर्शन गर्ने चरणपछि सबै प्रतियोगी सुन्दरीलाई प्रेससमक्ष प्रस्तुत गरिएको थियो । उक्त चरणमा ऋचा रातो रंगको बिकिनीमा प्रस्तुत भएकी थिइन् । सबै प्रतियोगी सुन्दरीहरू बिकिनीमै प्रस्तुत हुनुपर्ने नियम भएकाले उनले बिकिनी लगाएकी हुन् । हँसिलो मुहारमा प्रस्तुत भएकी ऋचाको अनुहारमा आत्मविश्वाससमेत देखिन्थ्यो ।

दुई वर्षअघि एसएमएस गरेर दार्जीलिङका प्रशान्त तामाङलाई इन्डियन आइडल बनाएजस्तै यदि स्वदेश तथा विदेशमा रहेका नेपालीहरूले ऋचाको पक्षमा भोट दिने हो भने उनले मिस अर्थ प्रतियोगितामा 'मिस फोटोजेनिक' को उपाधि पक्कै पाउनेछिन् । इन्टरनेटमा गएर माउसमा एक क्लिक गर्नेबित्तिकै एउटी नेपाली सुन्दरीले उपाधि नै जितेर फर्कने सम्भावनालाई सदुपयोग गर्ने अवसर पनि छ । इन्टरनेटमा भोट दिन

बाँकी पृष्ठ २३ मा

Hellotunes (CRBTs) अब तपाईंको मोबाईलमा




Kamalo Sapana को CRBT download गरी आफ्नो नाम र ठेगाना 5005 मा SMS गरी Kamalo Sapana को Audio CD जित्नुहोस ।

अघिल्लो साताको Audio CD बिजेताहरुको नाम www.digitainment.com.np मा राखिएको छ । CD लिन आफ्नो परीचय पत्र र मोबाईल फोन लिई यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरीन्छ ।

| Song | Singer | NT | MERO | UTL |
|---|---|---|---|---|
| Batasale Malai | Kamala Shrestha | 0140002130 | 602635 | 7784949 |
| Mero Ghar Ko | Kamala Shrestha | 0140002131 | 602636 | 7784950 |
| Yaha Bata Ghar | Kamala Shrestha | 0140002132 | 602637 | 7784952 |
| Thamyo Hai Thamyo | Kamala Shrestha | 0140002133 | 602638 | 7784953 |
| Siri Siri Hawa | Kamala Shrestha | 0140002134 | 602639 | 7784954 |
| Diyera Ke Dine | Kamala Shrestha | 0140002135 | 602640 | 7784955 |
| Bolayo Bolayo | Kamala Shrestha | 0140002136 | 602641 | 7784956 |
| Nindra Bata | Kamala Shrestha | 0140002137 | 602642 | 7784957 |

Recommended Nepali Hellotunes CRBTs

| Songs Name | Singers | NT | MERO | UTL |
|---|---|---|---|---|
| Shaheed | X-Mantra | 0140002267 | 6021000 | 7785139 |
| Shaleek | X-Mantra | 0140002271 | 6021004 | 7785143 |
| Bhool Ma Bhulyo | Robin N Looza | 0140002305 | 602990 | 7785129 |
| Sochana | Astha B | 0140002220 | 602858 | 7785077 |
| Din Hos ya Raat | Nabin K Bhattaria | 0140002139 | 602695 | 7784982 |
| Maya Ko Kura | Nabin K Bhattaria | 0140002147 | 602703 | 7784990 |
| Halla Chalechha | Raju Lama | 0140002212 | 602843 | 7785056 |
| Timro Ra Mero | Raju Lama | 0140002256 | 602849 | 7785068 |
| Friday Evening | Sagun Tamrakar | 0140002148 | 602704 | 7784991 |
| Hello Puja | Sagun Tamrakar | 0140002159 | 602715 | 7785002 |
| Aama Aama Bhanera | Ani Choying Drolma | 0140002261 | 602848 | 7785061 |
| Aama Timi | Ani Choying Drolma | 0140002265 | 602852 | 7785065 |
| Parichaya | Naren | 0140002224 | 602862 | 7785081 |
| Aatma | Naren | 0140002231 | 602869 | 7785088 |
| Maya Basyo Mutuma | Netra and Rajani and DJ Raj and Aadim | 0140002246 | 602884 | 7785103 |
| Ghar Chhaina | Netra Feat Bina and Suraj Lamsal | 0140002251 | 602880 | 7785099 |
| Bheda Ko Oon Jasto | Nepalaya | 0140001898 | 602320 | 7784744 |
| Taal ko Pani | Nepathya | 0140001902 | 602321 | 7784748 |
| Ek Nagar | Rajesh Payal Rai | 0140001979 | 602519 | 7784815 |

Prismark/09

Digitainment P. Ltd. नेपालको एकमात्र कम्पनी हो जसले:
१. नेपालका सबै टेलिकमहरु नेपाल टेलिकम, मेरो मोबाईल र यु.टि.यलमा सेवा उपलब्ध गराउँदछ ।
२. भारतका प्रमुख टेलीकमहरुमा नेपाली गीतका CRBT सेवा दिदैं आएको छ ।
३. iTUNES मा नेपाली गीतहरु विश्वव्यापी डिजीटल बितरणको सम्झौता गरीएको छ ।


Digitainment Welcomes reeyaz music

आफ्नो गीत संगीत प्रर्बधन गराउन चाहने सम्पुर्ण संगीतकर्मी र म्युजिक कम्पनीहरुले ५००५५३० र २२३७३९५ मा सम्पर्क गर्न अनुरोध गरीन्छ ।

Brought to you by:
DIGITAINMENT PVT. LTD.
Chakupat, Patan Dhoka
Ph: 5005530, 2237395

UTL SHEMAROO

For More Songs:
www.digitainment.com.np



● सम्पादकीय ●

# उज्यालो संकेत

नेपाल र नेपालीका बारेमा राष्ट्रिय-अन्तर्राष्ट्रिय सबैखाले अध्ययन-प्रतिवेदनहरूले नकारात्मक संकेत गरिरहेका बेला नेपाली महिलाहरूको पक्षमा भने विश्व आर्थिक मञ्चले सकारात्मक प्रतिवेदन सार्वजनिक गरेको छ । विश्व आर्थिक मञ्चले गत सोमबार नयाँदिल्लीमा सार्वजनिक गरेको द जेन्डर ग्याप रिभ्यु-२००९ ले नेपाली महिलाहरूको आर्थिक तथा सामाजिक हैसियत निरन्तर उक्लिरहेको तथ्य प्रकाशमा ल्याएको छ । सन् २००७ को यस्तै प्रतिवेदनमा १ सय २५ औं र २००८ मा १ सय २० औं स्थानमा रहेका नेपाली महिलाहरूको स्थिति यो वर्ष १ सय १० औं स्थानमा उक्लिएको छ । संसारभरिका १ सय ३४ मुलुकलाई समावेश गरिएको उक्त प्रतिवेदनले नेपाली महिलाहरूको जुन-जुन पक्षलाई समेटेको छ, ती-ती पक्षमा नेपाली महिलाहरू सदैव कमजोर मानिँदै आएका थिए । खासगरी पुरुषप्रधान नेपाली समाजमा शिक्षा, स्वास्थ्य, रोजगार र आर्थिक स्वतन्त्रताजस्ता विषयमा नेपाली महिलाहरूले आफूलाई प्रतिस्पर्धात्मक स्थितिमा ल्याइपुऱ्याएको कुरालाई उक्त प्रतिवेदनले उत्साहजनक उपलीब्धका रूपमा संकेत गरेको छ । विश्व आर्थिक मञ्चको यस्तो प्रतिवेदनमा नेपाली महिलाको स्थिति समग्रमा १ सय १० औं भए पनि आर्थिक सहभागिता तथा अवसरमा १ सय १६ औं, शिक्षामा १ सय २५ औं, स्वास्थ्यमा १ सय २३ औं तथा राजनैतिक सशक्तकिरणमा ३५ औं स्थानमा छ । दक्षिण एसियामा नेपाल, श्रीलंका (१६ औं), बंगलादेश (९४ औं) र माल्दिभ्स (१ सयौं) भन्दा पछाडि तथा भारत ( १ सय १४ औं), पाकिस्तान (१ सय ३२ औं) भन्दा अगाडि रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेपाली महिलाहरूको समग्र स्थितिमा सुधार देखिनुमा पछिल्लो एक दशकयता नेपाली राजनीतिमा देखा परेको परिवर्तन मुख्य कारणका रूपमा देखा परेको छ । संविधानसभाको निर्वाचनलगायत निर्वाचन गरिनुपर्ने अन्य क्षेत्रमा समेत नेपाली महिलाहरूका लागि ३३ प्रतिशत आरक्षण गरिनुपर्ने राजनैतिक सहमति भएपछिका दिनहरूमा नेपाली महिलाहरूको सक्रियता राजनीतिबाहेक अन्य क्षेत्रमा समेत व्यापक रूपमा बढेको संकेत उक्त प्रतिवेदनले दिएको छ । यसबाट कुनै पनि कुरा घोषणा गर्दैमा के हुन्छ ? भन्ने प्रश्न उठाउनेहरूले पनि गतिलो जवाफ पाएका छन् । राजनीतिमा सुधार आए सबै क्षेत्रमा सुधार हुन सक्छ भन्ने कुरातर्फ पनि यो प्रतिवेदनले संकेत गरेको छ । यो प्रतिवेदनलाई एउटा आधार मानेर नेपाली राजनैतिककर्मीहरूले मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि ठोस पहल गर्नुपर्नेतर्फ पनि यो प्रतिवेदनले संकेत गरेको छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●

## यौनकर्मी चेलीबेटीको पक्षमा



हाम्रो समाजमा अझै पनि यौनकर्मलाई अपराधका रूपमा हेरिन्छ र त्यसको भागीदार मात्र महिलालाई मानिन्छ । सबैलाई थाहा भएकै कुरा हो, परम्परादेखि नै ठूलाठालु र खान्दानी पुरुष भनाउँदाहरूले प्रयोग गर्दै आएका यौनकर्मीहरूलाई खेलौना र आफूलाई खेलाडी सम्झन्छन् । यो दाहोरो मापदण्ड अहिले पनि यथावत् छ । यो सरासर अन्याय हो र यस्ता अन्याय हाम्रो समाजले सदियौंदेखि दोहोऱ्याउँदै आएको छ । यौन जीवन हो, यौन ऊर्जा हो र यौन प्रकृतिको सुन्दर सिर्जनाहरूमध्ये एक हो ।

जसले यौनलाई अस्वीकार गर्छ त्यो पाखण्डी हो वा मानसिक रूपमा विक्षिप्त । यो कुरा आजको संसारमा लुक्न नसकेको सत्य हो । योगीले यौन ऊर्जालाई सञ्चय गरेर आनन्द प्राप्त गर्न खोजिरहेको हुन्छ । यसलाई ब्रह्मचार्यको एउटा हिस्साका रूपमा लिइन्छ भने भोगीले चाहिँ यौन ऊर्जाको खर्च गरेर आनन्द प्राप्त गर्न खोजिरहेको हुन्छ । यी दुईको समानता भनेको आनन्दको खोजी हो । को कति सफल हुन्छ त्यो बेग्लै छलफलको विषय हो । यौनकर्ममा लाग्नु र यौनकर्मलाई पेसाका रूपमा अँगाल्नु कुनै पनि महिलाका लागि गर्वको विषय अवश्य होइन । यसका पछाडि रहेका पीडा र बाध्यताका बेग्लाबेग्लै कथा बन्न सक्छन् ।

नेपालमा यति नै संख्यामा यौनकर्मी महिलाहरू छन् भन्ने तथ्यांङ्क नभए पनि यो एउटा फस्टाइरहेको व्यापारका रूपमा अघि बढिरहेको छ । कतिपय देशले यौन व्यवसायलाई कानुनी मान्यता दिइसकेको अवस्थामा नेपालमा चाहिँ यसलाई अझै पनि अपराधका रूपमा हेरिन्छ ।

यसलाई अब नयाँ ढंगले व्यस्थापन गरी यौन व्यवसायलाई व्यवस्थित गर्दै छरिएर रहेका यौनबजारलाई अब प्रहरी र प्रशासनको एकलौटी कमाइखाने भाँडोका रूपमा होइन, राज्यको आम्दानीको स्रोतका रूपमा विकास गर्नुपर्छ । सबैलाई थाहा भएकै कुरा हो, कानुनमा बन्देज गरिएकै कारण यौन व्यवसायीहरूले लुकीछिपी प्रहरी र प्रसासनलाई पैसा ख्वाएर आफ्नो धन्दा चलाउँछन्, यो उनीहरूको बाध्यता हो ।

विश्व भूमण्डलीकरण र विभिन्न सञ्चार-माध्यमबाट प्राप्त यौनजन्य साहित्यको बढ्दो प्रभावको एउटा बेग्ले यौन उदार समाजको विकास भैरहेको छ, जसले यौनलाई अब नयाँ ढंगले परिभाषित गर्नेछ । एक प्रतिवेदनअनुसार नेपालमा यौनकर्मीहरूको मुख्य ग्राहक भनेका प्रहरी, सेना, कर्मचारी, व्यापारी तथा विभिन्न व्यापार-व्यवसायको क्रममा घर-परिवारबाट टाढा रहेकाहरू नै हुन् भने अर्का एक थरी विक्षिप्त मानसिकता भएका यौनपिपासुहरूलाई समेत यौन व्यवसायीहरूले झेलिरहेका हुन्छन्, जसले गर्दा समाजमा बलात्कार, हाडनाता करणीजस्ता यौनजन्य अपराध हुनबाट केही हदसम्म नियन्त्रण हुन्छ । यदि साँच्चै यौनकर्मीहरूले मिलेर एक पटकलाई यौनधन्दा ठप्प पारेर बन्द गर्ने हो भने यहाँ टोलैपिच्छे बलात्कारका घट्ना बढ्न सक्छन् ।

यदि यौन व्यवसायीलाई पनि कानुनी मान्यता दिएर निश्चित ठाउँमा र एरियामा सुरक्षित ढंगले व्यवसाय सञ्चालन गर्न दिने हो भने छरिएर रहेका यौनबजार व्यवस्थित हुनुको साथै कतिपय यौनजन्य रोग तथा एचआईभी एड्सजस्ता घातक रोगहरूविरुद्ध लड्न पनि मद्दत पुग्छ र अनि खुला रूपमा आएका यौनकर्मीहरूलाई एचआईभी एड्सका बारेमा जनचेतना फैलाउन र यसबाट सुरक्षित रहनका लागि गरिँदै आएको प्रयास पनि सफल बनाउन सकिन्छ । लुकेर सञ्चालनमा ल्याइएका यौनधन्दाबाट यौनजन्य रोग फैलिन सक्छ ।

कानुन कडा बनाएर मात्र यसलाई नियन्त्रण गर्न नसकिने कुरा प्रमाणित भैसकेको छ । अब यौन व्यवसायलाई पनि राज्यले अब नियन्त्रण गर्न नसक्ने कुरा घामजत्तिकै छर्लङ्ग छ । अब यौन व्यवसायलाई पनि राज्यले आफ्नो आम्दानीको स्रोत बनाउन सक्छ, जुन अहिलेसम्म प्रहरी र प्रशासनले मात्र दुरुपयोग गरिरहेका छन् ।

**–मोहन निरौला, चन्द्रगढी, झापा**

● तीतो सत्य ●

● गलत कामको परिणाम गलतै हुन्छ ।

● जीवन जिउने शैली मानिसको आफ्नै हातको कुरा हो ।

● अपमानले आफूभित्रका असल र खराब तत्त्वहरूको तुलना गर्न मद्दत गर्छ ।

● अल्छी भन्ने शब्द आफ्नो जीवनको डायरीबाट मेटाइदेऊ ।

**इन्द्रसिंह कार्की**

● मानिसले दुःखमा मात्र ईश्वरलाई सम्झन्छ ।

● जात मानिसको हुन्छ ईश्वरको हुँदैन ।

● जो एकान्तमा टोलाउँछ उसले अरूले भन्दा धेरै सपना देखेको हुन्छ ।

● लाखौं मानिस भए पनि पृथ्वी एक्लै छ ।

**टीकाराम अर्याल, स्याङ्जा**

● जीवनमा गल्ती गर्नेले कुनै न कुनै रूपमा ढिलो-चाँडो, सजाय अवश्य पाउँछ ।

● बिनाकारण संसारमा केही पनि हुँदैन, प्रत्येक कुराको पछाडि कारण अवश्य हुन्छ ।

● सफलता पाउन धैर्य आवश्यक छ ।

**रिजेश, भक्तपुर**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
***–सम्पादक***

● मोडल वाच ●

# भिजे बन्ने लक्ष्य



धरानमा सम्पन्न 'मिस फेरी-२००६' मा प्रतिस्पर्धा गरेर मोडलिङ क्षेत्रमा प्रवेश गरेकी धरानकी रोशिका शाही तीन वर्षदेखि मोडलिङमा रमाइरहेकी छिन् । ऱ्याम्पमा पहिलो पटक क्याटवाक गर्दा उनले 'मस्ट फ्रेन्ड्ली' शीर्षकको उपाधि जितेकी थिइन् । ५ फिट ४ इन्च अग्ली रोशिका दुई वर्षअघि राजधानी छिरेकी हुन् । सीसीआरसी कलेजमा कक्षा १२ मा अध्ययनरत रोशिकाले राजधानी आएपछि पनि मोडलिङ यात्रालाई निरन्तरता दिइन् । मिस काठमाडौं- २००९ तथा मिस टिन- २००९ मा प्रतिस्पर्धा गरेकी रोशिका अब भने म्युजिक भिडियो तथा विज्ञापनमा काम गर्न इच्छुक भएको बताउँछिन् । मिस टिन- २००९ मा सहभागी हुने क्रममा उनले करिब एक महिना मोडलिङसम्बन्धी प्रशिक्षण लिइन् । 'मोडलिङका सबै विधामा काम गर्न सक्ने भएकी छु, जिन्स तथा क्याजुअल वेयरकी पारखी रोशिका भन्छिन्– 'अब मोडल प्रतिस्पर्धामा होइन, भिजेको रुपमा तथा विज्ञापनमा मात्र काम गर्छु ।'

● सहर चर्चा ●

## हिजोका बहुला बा, आजका इन्जिनियर

डाँडाको थाप्लोमा इनार खनेर पानी ख्वाउँछु भन्दा इलाम पञ्चकन्याका इन्द्रप्रसाद ढकाल (५८) लाई सबैले अब ढकाल बूढा बहुलाएछन् भनेर उनको कुरालाई हावामा उडाइदिए, तर ५ हजार फिट उचाइको डाँडाको थाप्लोमा ढकालले अहिले इनार खनेर छिमेकी र गाउँलेहरूलाई पानी ख्वाइरहेका छन् । हिजोका बहुला इन्द्रप्रसाद अहिले गाउँकै इन्जिनियर बा भनेर चिनिएका छन् । गाउँलेहरूले नपत्याएको कुरा काम गरेरै देखाउन इन्द्रप्रसादलाई निकै हम्मे पऱ्यो । उनी भन्छन्- '२०६२ सालदेखि तीन वर्ष त रातदिनजसो डाँडाको थाप्लोमा इनार खनेर पानी निकाल्न खट्नुपऱ्यो । ६० फिट गहिरो खाडल खनेर डाँडाको थाप्लोमा पानी निकाल्न ढकालले २ लाख १३ हजार रुपैयाँ खर्च गर्नुपऱ्यो । उनले खनेको इनार छेउमै पाथीभरा देवीको मन्दिर छ । मन्दिर आउनेले पूजा गर्न जर्किनमा पानी लानुपर्थ्यो, तर अहिले डाँडाको मन्दिरछेउमै इनार भएपछि भक्तजनलाई समेत सजिलो भएको छ ।



● मुखाले ●

माओवादीलाई प्रधानमन्त्री पद चाहिएको हो भने बाहिर उफ्रेर हिंड्नु पर्दैन ।

**केपी शर्मा ओली**

माओवादी सरकार ढाल्ने र बनाउने खेलमा सामेल छैन ।

**दिनानाथ शर्मा**

अनमिन माओवादीबाट प्रभावित छ, उसले आफूलाई सुधारेर अर्ती-उपदेश बन्द गर्नुपर्छ ।

**रामचन्द्र पौडेल**

माओवादीहरूले प्रस्तुत गरेको उद्देश्यको राजनैतिक प्रकृति नै गलत छ ।

**मोहनविक्रम सिंह**

माओवादीसँग एउटा लडाइँचाहिँ लड्नुपर्छ ।

**परि थापा**

इस्लाम धर्मका लागि मक्का-मदिना भनेजस्तै हो, नेपाली राजनीतिका लागि दिल्ली ।

**उपेन्द्र यादव**

विधिसम्मत बाटो त्यागेर माओवादीले सुरु गरेको आन्दोलनले मुलुकलाई थप अन्यौल र अस्थिरतातर्फ धकेलेको छ ।

**महन्थ ठाकुर**

मुलुक भद्रगोलको स्थितिमा छ ।

**मातृका यादव**

संविधानसभाले खोजेको स्टेट्सम्यान हो, तर हाम्रा अधिकांश सभासद वडाअध्यक्षजस्ता छन् ।

**गगन थापा**

# भित्रभित्रै लज्जा महसुस गरिरहेछु

१० वर्षअघि द न्याम्पमार्फत मोडलिङमा उदाएकी पूजा लामाको करियर सन् १९९९ मा सुपर मोडलको उपाधिपछि चम्कियो। करिब २ सय न्याम्प मोडलिङ गरेकी पूजा पापी, चक्रव्यूह, सलामजस्ता चलचित्रकी नायिका पनि हुन्। यद्यपि उनी आफूलाई गायिकाका रूपमा चिनाउन चाहन्छिन्। दुई दर्जनजति गीत गाइसकेकी पूजाको म्युजिक नेपालबाट निस्किएको एल्बमले राम्रो व्यापार गरेको थियो। दोस्रो एल्बम निकाल्ने अन्तिम तयारी गरिरहँदा उनको विवादास्पद भिडियो क्लिप्स सार्वजनिक भयो। त्यसलगत्तै डिजे शिशिरसँग विवाह गरेकी पूजा आफ्ना सबै काम केही समयका लागि थन्क्याएर नयाँ घरमा रमाइरहेकी छिन्।

**विवाह गर्नुभयो, नयाँ दुलहीका रूपमा कस्तो महसुस गरिरहनुभएको छ ?**

शिशिरको मम्मी निकै मायालु, सहयोगी एवं मेरो भावना बुझ्ने हुनुहुन्छ। दाइ र बैनीले मलाई नयाँ सदस्यका रूपमा स्वीकार गर्नुभएको छ। शिशिरले साह्रै माया गर्छ। मैले घरमा भित्रिएपछि अप्ठ्यारो महसुस गर्नुपरेको छैन। यद्यपि म आफैं भने भित्रभित्रै लज्जा महसुस गर्छु। आखिर जतिसुकै आधुनिक भए पनि म नेपाली हुँ। सहज हुने प्रयासमा छु।

**पहिलो पटक डिजे शिशिरलाई कहिले भेट्नुभयो ?**

शिशिर राम्रो संगीतकार रहेछ। उसले 'रेलिमाई रेलिमाई...' गीत मलाई गाउन दिने योजना बनाएर खोजेछ। यो एक वर्षअघिको कुरा हो। गीतका लागि ऊ मलाई लिन मेरै घर आयो। त्यसयता हाम्रो निरन्तर भेटघाट भैरहेको थियो।

**प्रेम नि ?**

सायद त्यही बेलादेखि हुनुपर्छ। ऊ जस्तो कुल, हेन्डसम र प्रतिभाशाली व्यक्ति देखेर मेरो मन पग्लिएको थियो। उसले मलाई त्यसैबेला आफ्नो घर लिएर आयो अनि आमा, बैनी र परिवारका सदस्यहरूसँग भेट गरायो। उसको यो कुराले मलाई छोयो। माया खोजेर भौंतारिहेकी केटीको भावना बुझेको देखेपछि म कतिखेर उसको प्रेममा परे, थाहै भएन।

**विवाह गर्ने योजना बनाउनुभएको थियो ?**

पछिल्ला दिनमा हामी दुई-तीन वर्षपछि विवाह गर्ने योजना बुन्दै थियौं। हाम्रो उद्देश्य दुवैको करियरले एउटा उचाइ लियोस्, त्यसपछि सेटल हुनुपर्छ भन्ने थियो, तर बीचमै दुर्घटना भयो। आखिर पछि पनि विवाह गर्नु नै छ भने किन बजारमा आफ्ना कुरा फैलाइरहनु भनेर विवाह गरियो।

**मानिसहरू यो विवाह एक वर्ष पनि टिक्दैन भन्छन् नि ?**

मेरो जीवनको भविष्यवाणी गरी हिंड्नेहरूलाई धन्यवाद, तर शिशिरप्रति म पूर्ण बफादार छु, शिशिर पनि मप्रति बफादार देखिन्छ। उसले मलाई साह्रै माया गर्छ। म अहिले जुन मानसिक दशामा छु, यस्तो बेलामा शिशिरले मलाई एकछिन पनि छोडेको छैन। उसले मलाई हौसला दिइरहन्छ। यो देख्दा हाम्रो वैवाहिक जीवन लामो समय जान्छ भन्ने लाग्छ। यद्यपि जीवनमा आफूले सोचेजस्तो सबै कुरा नहुँदो रहेछ।

**तपाईं सिनियर कलाकार, भर्खरै करियर बनाइरहेको युवकसँग प्रेम बस्नुको कारण के होला ?**

उसको सिन्सियरिटी। ऊ कति गम्भीर छ भने जब भिडियो क्लिप्स बाहिर आएको हल्ला चल्यो, त्यसैबेला उसले भन्यो, 'पूजा डन्टवरी, यदि त्यो क्लिप्समा म छैन भने पनि म तिमीसँगै विवाह गर्छु।' अनी तुरुन्तै विवाह पनि भयो। इन्डस्ट्रीमा मुखले आई लभ यु भन्दै चेपारो घस्नेहरू धेरै हुन्छन्, तर साँचो माया गर्नेहरू भेटिँदैनन्। ऊ स्वार्थी भएको भए, क्लिप्सको हल्ला चल्नेबित्तिकै मुन्टो बङ्ग्याउन सक्थ्यो। उसले डटेर सामना गऱ्यो। यही हो प्रेम भनेको। प्रेमले सिनियर-जुनियर हेर्दैन। यद्यपि उमेरका दृष्टिले उ मभन्दा एक वर्ष जेठो हो।

**भिडियो क्लिप्स सार्वजनिक हुनुअघि र पछि तपाईंको कुरा गर्ने शैलीमा खासै परिवर्तन देखिएन, किन होला ?**

सेक्स जीवनको अपरिहार्य आवश्यकता हो। मैले आफ्नो ब्यायफ्रेन्डसँग सम्बन्ध राखेकी हुँ, उसैसँग विवाह गर्ने योजना थियो। प्रेममा यस्ता सम्बन्ध अहिलेको युगमा सामान्य हुन्। मैले कुनै गल्ती गरेको छैन। त्यसैले पहाडै खस्यो, जीवन बरबाद भयो भनेर कुनामा पस्ने वा आत्महत्या गर्ने खालकी युवती म होइन। कतिपय पत्रिकाले मलाई आत्महत्या नै गरोस् भन्ने अभिप्राय राखेरै लेखे, तर मलाई राम्रोसँग थाहा थियो, मैले के गरेकी हुँ र अब के गर्नुपर्छ ? यति भन्दाभन्दै पनि अर्को कुरा पनि महत्त्वपूर्ण छ। त्यो के भने म नेपाली हुँ। मेरो समाजले यस्ता कुरा पचाउँदैन। त्यही भएर मलाई अलिकति लाज र अप्ठ्यारो लागिरहेको छ। तर यो मेरो गल्तीका कारण बाहिर आएको होइन, अरू कसैले मलाई बदनाम गर्न बाहिर ल्याएका हुन्।

बाँकी पृष्ठ २३ मा

पूजा लामा
नायिका तथा गायिका




तस्बिर: ठिक्ठाकडटकम




# रोजगारीका लागि
# स्पा थेरापिस्ट

**मानवशरीर कसरी बनेको हुन्छ, कसरी सञ्चालित हुन्छ जस्ता विषय यसभित्र समेटिएको हुन्छ। योग पनि यही पाठ्यक्रमभित्र पर्छ। आत्मिक शान्ति एवं मनलाई सन्तुलित राख्न र तनावबाट मुक्त हुन योग उपयुक्त हुने भएकाले यसलाई पाठ्यक्रमभित्र राखिएको हो। मसाज थेरापीअन्तर्गत ड्राइ मसाज र वेल मसाजका सम्बन्धमा जानकारी दिइन्छ। नेपालमा परम्परागत रूपमै मसाजको प्रचलन रहँदै आए पनि त्यसको विधि एवं तौरतरिका भिन्दाभिन्दै हुने भएकाले मसाजका सम्बन्धमा जानकारी दिइएको हो।**

**शिव मुखिया**

काठमाडौं- आधुनिकताको अनुसरण, बढ्दो प्रतिस्पर्धा एवं प्रविधिको प्रयोगका कारण मानवजीवन यान्त्रिक बन्दै गएको छ। मानिसहरू आधुनिक सभ्यता अँगाल्ने नाममा प्राकृतिक जीवनशैलीबाट विमुख हुँदै गएका छन्। यस क्रममा प्राकृतिक जीवनशैलीमा रमाउन चाहनेहरूको संख्या बढ्दै गएको छ। कसरी प्राकृतिक जीवनशैली उपभोग गर्ने, शारीरिक स्वास्थ्य कायम राख्न के गर्ने, दीर्घायुका लागि कस्तो उपाय अपनाउने जस्ता चिन्ताले धेरैलाई गाँजेको हुनसक्छ। यिनै समस्या समाधानका लागि स्पा थेरापी भरपर्दो माध्यम बन्दै गएको छ, जसले सम्बन्धित क्षेत्रमा दक्ष जनशक्तिको समेत माग बढाउन थालेको छ। वेलनेस प्राकृतिक स्वास्थ्य संस्था तथा अनुसन्धान केन्द्र, बाँसबारीका मेडिकल डाइरेक्टर जनक बस्नेत भन्छन्– 'अहिले स्पा थेरापीको प्रचलन विदेशमा मात्र होइन, नेपालमा पनि मौलाउँदै गएको छ।'

**के हो स्पा थेरापिस्ट ?**

पूर्णतया प्राकृतिक पद्धति अपनाएर उपचार गर्ने विधिमध्येकै एक हो- स्पा थेरापी। मानसिक तनावबाट मुक्त हुन, आनन्द प्राप्त गर्न, रोगनिरोधात्मक क्षमता बढाउन यो पद्धति विश्वसनीय एवं लोकप्रिय मानिन्छ। शरीरका पाँच ज्ञानेन्द्रियबाट एकसाथ आनन्द प्राप्त गरेर सकारात्मक ऊर्जा दिलाउन पनि यो पद्धतिले लोकप्रियता पाएको छ। स्पा थेरापीअन्तर्गत पञ्चकर्म, जल चिकित्सा, माटो चिकित्सा, उपवास, रंग चिकित्सा, भोजन तथा पोषण र योग पर्छन्। स्पा थेरापीमा आहार, विहार र विश्रामजस्ता कुरालाई महत्त्व दिइन्छ। स्पा थेरापीसम्बन्धी कार्य गर्ने जनशक्तिलाई स्पा थेरापिस्ट भनिन्छ।

**कसरी बन्ने ?**

कामप्रति लगाव राख्न सक्ने र जिम्मेवारीप्रति संवेदनशील हुनेले यो क्षेत्रमा प्रगति गर्न सक्छन्। विकसित मुलुकहरूमा स्पा थेरापीलाई शैक्षिक पाठ्यक्रमभित्रै समेटेर अध्यापन गराइने भए पनि नेपालमा हालसम्म त्यस्तो अभ्यास भएको छैन। छिमेकी भारतको नोएडामा 'चन्दन स्पा एकेडेमी' बाट पनि स्पा थेरापिस्ट उत्पादन भैरहेका छन्। नेपालमा भने भर्खरै मात्र वेलनेस प्राकृतिक स्वास्थ्य संस्था तथा अनुसन्धान केन्द्रले स्पा थेरापीसम्बन्धी तालिम दिन थालेको छ। विदेशमा लिने कोर्सको तुलनामा नेपालमा सीमित कोर्स मात्र अध्ययन गर्न पाइन्छ। खासगरी यहाँ छ महिने कोर्सको व्यवस्था छ। केन्द्रले तीन महिने बेसिक र तीन महिने एड्भान्स कोर्सको व्यवस्था गरेको डा. जनक बस्नेत बताउँछन्। यहाँबाट सैद्धान्तिक र व्यावहारिक तालिम लिइसकेपछि स्पा थेरापिस्ट बन्न सकिन्छ। यहाँ एसएलसी उत्तीर्ण गरेकाहरूलाई भर्ना लिइन्छ। त्यसो त तालिम नलिई अनुभवका आधारमा पनि धेरैले स्पा थेरापिस्टको काम गर्ने अवसर पाइरहेका छन्।

**के-के पढ्नुपर्छ ?**

यो विषय प्रयोगमा अधारित भए पनि सैद्धान्तिक ज्ञानको पनि आवश्यकता पर्छ। नेपालमा पढाइने अनौपचारिक कोर्सअन्तर्गत शरीर रचना र क्रिया विज्ञान अध्ययन गर्नुपर्छ। मानवशरीर कसरी बनेको हुन्छ, कसरी सञ्चालित हुन्छ जस्ता विषय यसभित्र समेटिएको हुन्छ। योग पनि यही पाठ्यक्रमभित्र पर्छ। आत्मिक शान्ति एवं मनलाई सन्तुलित राख्न र तनावबाट मुक्त हुन योग उपयुक्त हुने भएकाले यसलाई पाठ्यक्रमभित्र राखिएको हो। मसाज थेरापीअन्तर्गत ड्राइ मसाज र वेल मसाजका सम्बन्धमा जानकारी दिइन्छ। नेपालमा परम्परागत रूपमै मसाजको प्रचलन रहँदै आए पनि त्यसको विधि एवं तौरतरिका भिन्दाभिन्दै हुने भएकाले मसाजका सम्बन्धमा जानकारी दिइएको हो। यसभित्र परम्परागत उपचार पद्धतिका रूपमा विकास भएको अक्युप्रेसर पनि सिकाइन्छ, साथै प्राकृतिक चिकित्सा, प्राकृतिक भोजन र पोषण, आधारभूत पञ्चकर्म आदिको पनि जानकारी दिइन्छ।

यसका अतिरिक्त प्राथमिक उपचार, नैतिकता, हस्पिटालिटी, स्किन केयर, सरसफाइ र उपकरण व्यवस्थापनसम्बन्धी शिक्षा दिइन्छ। यो कोर्समा सैद्धान्तिकका साथै प्रयोगात्मक ज्ञान दिइन्छ।

**कति खर्च लाग्छ ?**

विदेशमा यो विषय निकै खर्चालु हुने भए पनि भारत तथा नेपालमा न्यून लगानीमै अध्ययन गर्न सकिन्छ। त्यसो त स्पा क्लब, पाँचतारे होटलमा कार्यरत स्पा थेरापिस्टबाट पनि यस विषयमा जानकारी लिन सकिन्छ। नेपालमा छ महिने कोर्स पूरा गर्न ३० हजार रुपैयाँसम्म लाग्ने बताइन्छ।

**कहाँ छ अवसर**

हालै इन्डोनेसियामा स्पा म्यानेजरका रूपमा काम गरेर फर्किएका डा. त्रिदेन्द्र शाक्य भन्छन्- 'स्पा थेरापिस्टको माग जुन रूपमा छ त्यस अनुपातमा थोरै मात्र जनशक्ति छन्।' उनको भनाइबाटै थाहा हुन्छ, स्पा थेरापिस्टका लागि अवसरको अभाव छैन। शाक्यका अनुसार विदेशमा राम्रो आम्दानी गर्नेमध्ये स्पा थेरापिस्ट पनि एक हो। विकसित मुलुकमा मानिसहरू कार्यलयबाट फर्किसकेपछि नियमितजसो स्पा सेन्टरमा जाने गरेको उनी बताउँछन्। खासगरी अब्रोड स्टडीका लागि विदेसिने नेपालीहरूले स्पा थेरापीसम्बन्धी ज्ञान लिए बेरोजगार बस्नु नपर्ने डा. शाक्यको दाबी छ। त्यसो त छिमेकी भारतमा पनि यस्तो जनशक्ति खपत हुने सम्भावना छ। नेपालका पाँचतारे होटल, स्पा सेन्टर तथा हेल्थ क्लबहरूमा स्पा थेरापिस्टको माग छ।




**होटल तालिम विशेष छुटमा** २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम


Vissa Processing for Aboard Study U.K. Australia

**र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर** बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
**साहारा होटल तालिम सेन्टर** (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग 2040782, 016200757, 98510-93629
**र्‍याडीसन होटल तालिम सेन्टर** नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

**उद्घोषण**
RJ/VJ/MC, पत्रकारिता, समाचारवाचन, फोटोग्राफी, भिडियोग्राफीको तालिम, आफ्नै Studio मा Practical गराइने उत्कृष्टलाई Rejoice F.M. Time मा कार्यक्रम चलाउने अवसर
सम्पर्क: Rejoice Media Pvt. Ltd. Maitighar (थापाथली जाने मोड) ०१-४२४१३७१/९८४१५६६५६८

**सौन्दर्यका सामान**
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज

Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

**मुहार**

बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1650/-
चाउरीपना हटाउने Cream -1250/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्यास्ट्रिक ▶ब्लडप्रेशर▶ दम प्रा.उपचार
शरीरको उचाई बढाउने -1250/-
शरीरको तौल बढाउने -1000/-
मोटोपना घटाउने (रूपअमृत फ्रि)-4000/-
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्त रोकी उमार्ने तेल Rs. 750/-
Before Herbal44 After
आस्था हेल्थ केयर
काठमाडौं गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

**Learn to Speak English**
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

**ग्यारेन्टी उपचार**
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, डन्डीफोर, चायाँको उपचारको लागि।
शारिरिक तौल घटाउने, बढाउने।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
सावधान! डाक्टरद्धारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस।
माहारूद्र आयुर्वेद फार्मेसी
लगनखेल साझाभवन - 2291316
कोटेश्वर - 4601989

**होटेल तालिम मोडर्नमा**
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

**निशुल्क होटलतालिम**
वेटर/वेट्रेस
साथमा रु ३०००/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:- जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making ★House Keeping ★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 9841327603, 9841032377

**ENGLISH LANGUAGE TRAINING**
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

**६ महिना मै कक्षा-८ सजिलै पास गरौ**
(५, ६, ७, ८ फेल भई बिचैमा पढाई छोडेका वा १४ वर्षदेखि माथिका विद्यार्थीहरुले सम्पर्क राख्न सक्ने छन्) यस वैकल्पिक विद्यालयबाट यसै वर्ष २०६६ मा जिल्ला शिक्षा कार्यालयले लिने जिल्ला स्तरीय परीक्षा कक्षा-८ उर्तिण विद्यार्थीहरुले २०६७ सालमा कक्षा-९ नपढी सोझै कक्षा १० मा भर्ना भई SLC दिन पाउने भएको हुँदा सिमित सिटमा नयाँ भर्ना खुल्ला गरिएको छ। माध्यम:नेपाली/अंग्रेजी
स्याण्ड्रा विद्यालय नयाँबजार, सोह्रखुट्टे फोन:४३६१७१२
बुद्ध विद्यालय गोङ्बु, काठमाडौं फोन:४३६५९५५



# सफलता व्यवस्थापन

**के हो सफलता व्यवस्थापन ?**

अवसरलाई पहिचान गरी त्यसको अधिकतम उपयोग गर्न चाहनुहुन्छ ? तपाईंलाई आफ्नो विशेषता वा स्किलका सम्बन्धमा ज्ञान छ ? वास्तवमा यिनै कारण पहिचान गरी त्यसलाई अझ विकसित गर्नका लागि जागरूक रहनु र त्यसप्रछि क्रियाशील रहनु नै सफलता व्यवस्थापन हो । अर्को शब्दमा अवसरलाई पहिचान गर्ने स्किल, नेटवर्किङ क्यापासिटी, कम्युनिकेसन स्किल, मल्टी टास्किङ क्यापासिटी आदिलाई लगातार अपडेट गर्न सके सफलतातर्फको बाटो सरल हुँदै जान्छ ।

**किन आवश्यक ?**

सफलता प्राप्त गरेपछि केही यस्ता मनोवृत्ति देखा पर्न सक्छन् जसका कारण व्यक्तिको करियर प्रभावित हुन सक्छ । जस्तै- आफ्नो योग्यता बढाएर प्रस्तुत गर्नु, कमजोरीलाई वास्ता नगर्नु, स्वयंलाई पर्फेक्ट मान्ने भूल गर्नु आदि । त्यसभन्दा पनि सफलता प्राप्त गरेपछि व्यक्तिको सोच प्रभावित हुन सक्छ । जसलाई जुन तरिकाबाट सफलता प्राप्त भएको छ, उसले सोही विधिलाई नै उत्तम मान्ने प्रवृत्ति हुन्छ । यो प्रवृत्तिले नयाँ चुनौतीको सामना गर्न वा केही नयाँ गर्नबाट रोक्ने सम्भावना रहन्छ । अर्थात् सफलता प्राप्त गर्ने दौडमा अगाडि निस्कने बाटो व्यक्ति स्वयं आफैले बन्द गर्न पुग्छ । यो स्थितिको समाधान एउटै छ सफलताको व्यवस्थापन ।

**कसरी योजना बनाउने ?**

**सूची बनाउनुपर्छ :** केही विशेष गुणका कारण कैयन् पटक आफ्नो करियरमा अरूबाट प्रशंसाका शब्दहरू सुनिएको होला । हुनसक्छ आफ्नो पर्फर्मेन्सका कारण कुनै नोक्सान पनि बेहोरिएको होला । अतः आफ्ना सबल पक्ष एवं कमी-कमजोरीको सूची बनाउनुपर्छ । यसो गर्नाले आफ्नो खुबी र कमजोरीका बारेमा राम्रो वा स्पष्ट जानकारी प्राप्त हुन्छ । जसबाट निरन्तर आफूलाई सुदृढ र राम्रो गर्नतर्फ अग्रसर भइन्छ ।

**भुल्नुहुँदैन :** व्यक्तिको सफलतामा उसको आफ्नो योग्यता र क्षमताको नै योगदान हुन्छ, तर उसको क्षमतालाई सही रूपमा लगानी गर्नमा उसको मित्र-आफन्तजन, सहयोगी, सहकर्मी वा हाकिम सबैको कहीं न कहीं अहम् भूमिका रहेको कुरालाई पनि भुल्नुहुँदैन । अतः आफ्ना सिनियर र सहकर्मीबाट निरन्तर रूपमा सिक्ने कुरामा तत्पर रहनुपर्छ । अनुभव र विकल्पलाई बाँड्नुपर्छ । आफ्ना जुनियरलाई सहयोग र प्रोत्साहन प्रदान गर्नुपर्छ । आफ्नो टिमलाई सबल, सक्षम बनाउने प्रयत्न गर्नुपर्छ । टिमलाई अझ सुदृढ बनाउन अग्रसर हुनुपर्छ । यसबाट व्यक्तिको गुडविल बढ्छ, क्षमता विकसित हुन्छ र ऊ निरन्तर अगाडि बढ्छ ।

**तयार रहनुपर्छ :** आफ्ना गल्ती स्वीकार गर्न तयार रहनुपर्छ । गल्तीबाट नयाँ कुरा सिक्ने अवसर प्राप्त हुन्छ । लडेपछि नै राम्रोसँग हिँड्न जानिन्छ । अतः गल्ती स्वीकार गर्नुपर्छ तर गल्तीको कारण बुझेर त्यसको निराकरण गर्नुपर्छ । यसबाट भविष्यमा त्यही गल्ती दोहोरिने सम्भावना कम हुन्छ र आत्मविश्वास वृद्धि हुन्छ । हार वा गल्ती स्वीकार गर्न नसक्नु आफूलाई अगाडि बढ्नबाट रोक्नु सरह हो । नयाँ कुरा सिक्न नचाहनु हो । अप्ठ्यारा स्थिति र चुनौतीलाई सामना गर्न नखोज्नु हो । अतः गल्ती स्वीकार गरी आफ्ना कमी-कमजोरीलाई सुधार्नु आवश्यक छ ।

**रेकर्ड राख्नुपर्छ :** आफ्ना उपलब्धि एवं सफलताको रेकर्ड राख्नुपर्छ । यसले नयाँ चुनौती सामना गर्न, नयाँ कुरा हासिल गर्न प्रेरित गरिरहन्छ । आफूलाई अझ सुद्ध गर्न प्रेत्साहन प्राप्त हुन्छ । नयाँ जोस एवं उत्साह कायम रहन्छ । यसबाट सफलताको बाटो अझ फराकिलो बन्दै जान्छ ।



# अभिनयमा करियर

समाजमा अरूको भन्दा फरक किसिमको पहिचान स्थापित गर्न जो-कोही लालायित हुन्छन् । त्यसमा पनि नाम र दाम कमाउन सकिने क्षेत्रमा आफुलाई स्थापित गर्नु गर्वको विषय बन्छ । यस्तो चाहना राख्नेहरूका लागि चलचित्र एवम् रंगमञ्च उपयुक्त प्लेटफर्म हो । चलचित्र एवम् रंगमञ्चमा प्रवेश पाउन अभिनय क्षमता हुनुपर्छ ।

सूचना प्रविधिको विकाससँगै मनोरञ्जनका साधनहरू सुलभ बन्दै जाँदा चलचित्र, टेलिचलचित्रले पनि व्यापकता पाउँदै गएको छ । यसै मेसोमा चलचित्र तथा टेलिचलचित्रमा अभिनय गरेर ठूलो जमातमा आफूलाई परिचित गराउन र अर्थोपार्जनसमेत गर्न सकिने भएकाले यसतर्फ युवायुवतीको आकर्षण बढ्दो छ । नेपालमा रंगमञ्च पनि व्यावसायिक रूपमै फस्टाउँदै गएको छ । यसबाहेक म्युजिक भिडियो, वृत्तचित्रमा पनि प्रशस्तै अवसर पाउन सकिन्छ ।

चलचित्रलाई समाजको दर्पण पनि भनिन्छ । चलचित्रमा अभिनय गर्नु भनेको समाजका पात्रको जीवन्त नक्कल गर्नु हो । समाजमा विभिन्न चरित्र, स्वभाव एवं प्रवृत्तिका मानिस हुन्छन्, कलाकारले तिनै विविध चरित्र पर्दामा उतार्न सक्नुपर्छ ।

अभिनयका लागि विभिन्न चरित्र एवं प्रवृत्तिमा दुरुस्त नक्कल गर्न सक्ने खुबी आवश्यक छ । आफूले कस्तो किसिमको चरित्र निर्वाह गर्नुपर्ने हो, कस्ता संवाद बोल्नुपर्ने हो भन्ने कुरा राम्रोसँग बुझेर सोका लागि मानसिक एवं शारीरिक रूपमै तयार हुनुपर्छ । लगनशीलता, धैर्यता एवं रचनात्मक क्षमता अभिनयको अर्को पाटो हो ।

आममानिसका अगाडि उभिएर अभिनय गर्नु सामान्य होइन । त्यसमा पनि अरूको चरित्रलाई दुरुस्तै उतार्नु निकै चुनौतीपूर्ण हुन्छ । यसर्थ अभिनयको सम्पूर्ण खुबीसँगसँगै बलियो आत्मविश्वास हुनु आवश्यक छ ।

आफू अभिनयमा सक्षम छु भन्ने लागिसकेपछि स्क्रिन टेस्ट गराउन सकिन्छ । आफ्ना कमजोरी सुधार्न तालिम पनि लिन सकिन्छ । हाल विभिन्न इन्स्टिच्युटले अभिनयसम्बन्धी तालिम सञ्चालन गरिरहेका छन् । राम्रोसँग बुझेर मात्र त्यस्ता तालिमकेन्द्रमा भर्ना हुनुपर्छ ।

अहिले अभिनयका लागि राजधानीमै तालिम लिनुपर्छ भन्ने पनि छैन । राजधानीलगायत मोफसलका थुप्रै संस्था वा कला प्रशिक्षण केन्द्रबाट तालिम लिन सकिन्छ । त्यस्ता कला प्रशिक्षण केन्द्रहरूले विषयवस्तु हेरी अभिनय तथा प्राविधिक पक्षका बारेमा ५ हजारदेखि १ लाख रुपैयाँसम्म (पूरा कोर्सको) लिन्छन् । कुन ठाउँमा कुन विषय अध्ययन गर्ने भन्ने कुरा आफैंले निर्णय गर्नुपर्ने हुन्छ ।

–शिव मुखिया




यस वृत्तचित्रका साथै अन्य शिक्षामुलक वृत्तचित्र, चलचित्र प्रदर्शन गर्न परेमा पनि हामीलाई सम्झनुहोस् ।
सम्पर्क : विजय ४२४१०४५/९८५१०३२८४८/९८०३०१३१३५/०१-२३१३७९८



**UN CIVPOL (SAT) Test preparation**
को लागि (नेपाल प्रहरी र सशस्त्र प्रहरी को निम्ती)
**Prem Swoveet** द्वारा लिखित पुस्तक/**CD: Eagle Eye**
*Listening comprehension (in American voices), Sample Reports & 60 Reading comprehensions*
हालै प्रकाशित भई बजारमा आएको छ ।
**Price: Rs. 280/-**
Language books, cassettes, CDs & Videos also available here!
- **OLC's Creative Publications,** Bag Bazar, Near Ratnapark.
**CIVPOL (SAT) Test Preparation new Classes are starting!** Contact: O'seas Academy, 4-247897

**Language / Computer**
**English:** Elementary, Intermediate & Advanced courses,
(Free books, Cassettes, audio-visual,& interactive classes...)
**Computer:** Basic/Advanced/Accnt./Graphic courses

**TOEFL / IELTS / SAT/GRE** Pre.
(Free Books/ CDs/ materials/ Lab & Online practice/ weekly tests)
*Study Abroad:* **USA, UK, Canada, Australia** ....
*Wide range of courses, Free counselling ....*
**O'seas Academy (OLC)** **Head office** Bag Bazar, **4-268945**
**OLC** Jamal-Branch, **4-244741**
*(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)*



**आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार**

| | |
|---|---|
| **हाडजोर्नी तथा नसा** | सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स |
| **पेट संवन्धी** | ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु |
| **मानसिक** | डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि । |
| **दिर्घरोगहरु** | पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि । |
| **यौन** | सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ) |
| **सुन्दरता** | अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु । |

**धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.**
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मन्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६



**६ महिना मै +2**
तथा **Math / Science / Test** नदिईकनै
**S.L.C.** पास !!
(Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
**American/Nios (+2)**
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने ।
**४/४ महिना मै IA/ICom Pass !!**
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरूका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
**अंग्रेजी, JAPANESE, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरू, साथै** Tution for **BBS, BA, +2, CBSE, A"Level and Computer Courses.**

**ओरियन एकेडेमी**
सामाखुशी -4388400
9851021071
चावहिल, 2290690

**डिप्लोम्याटिक एकेडेमी**
ललितपुर, 5549139
9851021665
बनेपा, 011-660994



# लोप हुँदैछ पाटे बाघ ?

**गोपाल मरासिनी**

संसारमा पाइने बिरालो जातिको सबैभन्दा ठूलो र बलियो जनावर बाघ हो। प्राकृतिक खाद्यश्रृंखलामा पनि बाघ शीर्ष स्थानमा पर्छ। बाघलाई साधारण अर्थमा जंगलको राजाको नामले पनि चिनिन्छ। बाँच्ने अनुकूल वातावरण नपाउँदा पर्याप्त बासस्थानको अभावजस्ता कारणहरूले बाघ संकटमा पर्दै गएको छ। जंगलको राजा अर्थात् हिंस्रक शक्तिशाली र आर्कषण जनावर बाघ लोप हुनबाट जोगाउने उद्देश्यका साथ काठमाडौं विश्व बाघ कार्यशाला-२००९ सम्पन्न भयो।

विश्व बैंकअन्तर्गतको विश्व बाघ बचाउ पहल ग्लोवल टाइगर इनिसिएटिभको सक्रियतामा पहिलो पटक यस विषयमा बृहत् कार्यशाला सञ्चालन गरिएको हो। बाघको संख्या डरलाग्दो रूपमा ओरालो लागेको बेला बाघको चोरी-सिकारी तथा अंगको गैरकानुनी व्यापार निरुत्साहित गर्ने उद्देश्यले काठमाडौंमा भएको विशेषज्ञहरूको बहसले बाघ संरक्षणमा नयाा आशाको किरण पलाएको छ। कार्यशालामार्फत विशेषज्ञहरूले १० वर्षमा करिब ७ हजार बाघ पुऱ्याउने लक्ष्यसमेत लिएका छन्।

बीसौं शताब्दीको सुरुमा एसियामा मात्र १ लाख बाघ थिए। पछिल्लो समयमा यो संख्या ओरालो लागेर ३ हजार ५ सयभन्दा तल झरेको छ। सय वर्षको अवधिमा बाघको संख्या अकल्पनीय रूपमा घटेपछि यतिबेला विश्वको ध्यान बाघतर्फ केन्द्रित भएको हो। सन् १९६० को दशकमा एसियाको जंगलमा मात्र ३५ हजार बाघ बस्थे। अहिले ३ हजार २ सयमा पुगेको बाघको संख्याले संरक्षणमा ठूलो चुनौती खडा भएको छ। बाघ घट्ने क्रम नरोकिने हो भने अबको एक दशकमा बाघ विश्वबाटै लोप हुने चेतावनी विशेषज्ञहरूले दिएका छन्।

नेपाल, भारत, भुटान, चीन, थाइल्यान्ड, बंगलादेश, म्यान्मार, रूस, भियतनाम, कम्बोडिया, मलेसिया र लाओसमा बाघ पाइन्छन्। नेपालको चितवन, बर्दिया र शुक्लाफाँटामा बाघ पाइन्छ। तीन महिनाअघिको तथ्यांकअनुसार नेपालमा करिब १ सय २१ वयस्क बाघ छन्। सन् २००० को तथ्यांकलाई आधार मान्ने हो भने शुक्लाफाँटा र बर्दियामा बाघको संख्या क्रमश: ओरालो लागेको छ। यस क्षेत्रमा करिब ३७ वटा बाघ हराएका छन्। तीव्र रूपमा घटिरहेको बाघका सम्बन्धमा अध्ययन गरेका विशेषज्ञहरू विश्व वन्यजन्तु कोष ग्लोबल टाइगर फन्ड र सेभ दि टाइगर फन्डलगायतका दातृ निकायले ढिला गरिए बाघको संख्या तीव्र घट्ने निष्कर्ष निकालेका छन्।

बाघ बाक्लो वन, अग्लो घाँस तथा प्रशस्त आहार पाइने ठाउँमा बस्छ। बाघको संख्यामा अकल्पनीय रूपमा ओरालो लाग्नुको प्रमुख कारण चोरी-सिकारी बासस्थानको अभाव, प्रमुख चुनौतीका रूपका देखा परेका छन। बाघ जनसंख्या वृद्धि, मानव निर्मित प्रदूषण, वनजंगलको फडानीजस्ता कार्यको चपेटामा परेको छ। बाघको चोरी-सिकारीका कारण बाघको माग विश्वबजारमा तीव्र छ। बाघ मारेर यसको छाला, हड्डी, दाात, अंग तथा मासु अवैध रूपमा बिक्री-वितरण गरिन्छ। महँगो औषधी र रक्सी बनाउन प्रयोग हुने बाघको अंग विशेष गरेर विश्वकै ठूलो र राम्रो बजार मानिएको चीनमा पुऱ्याइन्छ।

अन्तर्राष्ट्रिय बजारमा पाटेबाघको छाला र हड्डीको मागसागै मूल्य पनि उच्च छ। संरक्षित जनावरका रूपमा सूचीकृत गरेको भए पनि बाघको चोरी-सिकारी रोकिन सकेको छैन। चीनमा पाटेबाघ र चितुवाको हाड र छाला बिक्री-वितरणमा प्रतिबन्ध लगाइएको भए पनि त्यसले चीनमा राम्रो बजार पाइरहेको छ। चीन र तिब्बतमा टाइगर बोन शक्तिबर्द्धक टोनिकका लागि प्रयोग हुने गरेको छ। धनाढ्य व्यक्तिहरूले बाघको छाला कोठा सजाउन, धार्मिक कार्य एवं डरलाग्दो रोगमा औषधीका रूपमा प्रयोग गर्छन्। यति धेरै उपयोगी र महत्त्व भएकै कारण बाघ चोरी-सिकारीको पञ्जामा परेको हो।

बाघको सिकार गर्नेलाई राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २६ अनुसार पााच वर्षदेखि १५ वर्ष कैद वा ५० हजारदेखि १ लाख वा दुवै सजाय हुनसक्छ। कानुनमा सजायलाई लिपिबद्ध गरिएको भए पनि तस्करीलाई आर्थिक साथगाथमा छुटाउने, राजनैतिक ओत लगाउने जस्ता गलत संस्कारका कारण बाघको संरक्षण अपेक्षाअनुरूप हुन सकेको छैन। चोरी-सिकार, बासस्थानको क्षय, जमिनको खण्डीकरण, प्राकृतिक आहारको कमीजस्ता कारण बाघको संरक्षण हुन सकिरहेको छैन।

मानवनिर्मित प्रदूषण र प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण वातावरण, पर्यावरण र त्यसमा आश्रित वनस्पति वन्यजन्तु लोप हुने क्रम बढ्दो छ। दिनहुँ भैरहेको वनजंगल विनाश, अतिक्रमण र फडानी, जलवायु परिवतन, विश्व ऊष्णीकरण, जनसंख्या वृद्धिजस्ता समस्यालाई व्यवस्थापन गरी वन्यजन्तुसम्बन्धी कानुन निर्माण गर्ने तथा स्थानीय समुदायलाई वन्यजन्तुका सम्बन्धमा सचेत गर्ने अभियानमा परिचालन गर्ने आदि उपाय अपनाई प्रकृतिका अनुपम सृष्टि बाघको संरक्षण गर्नु आवश्यक छ। बाघको संख्या यही गतिमा घट्ने हो भने आगामी पुस्ताले किताबको पानामा मात्र देख्न पाउने अवस्था आउनेछ।

# लोपोन्मुख धानको संरक्षणमा



**लक्ष्मी साह**

निजगढ– मध्यतराईबाट लोपोन्मुख पुराना जातका धान र तरकारीको बीउ संरक्षण गर्न स्थानीय किसानहरू कस्सिएका छन्। विगत १० वर्षदेखि समुदायका महिला र पुरुष किसानहरूको समूह यस्तो कार्यमा जुटेको हो। 'नयाँ जात विकास गर्न पुरानै जात चाहिने हुँदा संरक्षण आवश्यक छ' स्थानीय किसान रामाधार यादवले भने। राम्रो उत्पादनसहित कृषकहरूको आम्दानी वृद्धि गर्न र सहज रूपमा शुद्ध बीउ उपलब्ध गराउन यो कार्यमा आफूहरू जुटेको किसानहरूले बताएका छन्।

किसानहरूले साठी, लालका बास्मती, अन्नदी, मुटमुर, नख्खी सारो, दुधिसारो, रमनी, मधुमाला, रमनी बरमभुसी, चेङ्उल, भठी, मालभोग, घिउ कुमार, रजला, लालटेङगर, आमाघौज, खेह्रा, पाखर आदि ८२ वटा पुराना जातका धान संकलन गरेका छन्। 'साठी' जातको धान छठपर्वको प्रसाद बनाउन अनिवार्य चाहिन्छ। यसैगरी 'लालका बास्मती' जातको धान विवाह विधिका लागि नभैनहुने धान हो। वैवाहिक (दाम्पत्य) जीवन अटल र सुखमय रहोस् भन्ने मान्यताले यसको प्रयोग गरिन्छ।

'पुराना धान लोप हुन दिँदैनौं,' संरक्षण समाजका रूपनारायण यादवले भने। उनीहरूले पुराना जातको संरक्षणसँगै सामुदायिक बीउ बैंक पनि स्थापना गरेका हुन्। किसानहरू विकासका लागि स्थानीय पहल (लिवर्ड) र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को सहयोगमा कृषि विकास तथा संरक्षण समाज नामक संस्थामा संगठित भएर धानको बीउ संरक्षणमा जुटेका हुन्। उनीहरू ८२ वटा पुराना (रैथाने) जातका धान, छ प्रकारका तरकारीको बीउ संरक्षणसँगै १३ वटा नयाँ जातको धानको विकास गर्न सफल भएका छन्। उनीहरूले त्यस्ता धानको खेती स्वयं आफैं गरेर दुई टनभन्दा बढी बीउ भण्डारण गरिसकेका छन्। समूहकै सदस्य किसानको निजी भकारीमा ती बीउ भण्डारण गरिएको छ। रैथाने दुधिसारो र हर्दिनाथ १ मा क्रस गरेर 'कचोर्वा ४', 'कचोर्वा ५', 'कचोर्वा १२५', 'कचोर्वा ११७' जातका नयाँ धानसहित १३ वटा धानको नयाँ जात विकास गर्न पनि किसानहरूले सफलता प्राप्त गरेका छन्। नयाँ जातमध्ये 'कचोर्वा ४' को सिफारिसका लागि किसानहरूले माग गरेका छन्।

मागअनुसार धानबाली, बाली प्रजनन, माटो, कीरा, बाह्य अनुसन्धान तथा बीउ विशेषज्ञ आदिको नार्क र लिवर्डका वैज्ञानिकहरूको टोलीले कचोर्वा पुगी अध्ययन-अवलोकन पनि गरिसकेको छ। 'अन्य जातको तुलनामा खडेरी र रोग कीराको प्रकोप बढी खप्न सक्ने, उत्पादन र भातको स्वाद पनि राम्रो भएकाले सिफारिसका लागि विज्ञहरूसँग अनुरोध गरेका छौं,' कृषि विकास तथा संरक्षण समाज कचोर्वाका अध्यक्ष रामएकवाल यादवले बताए। राष्ट्रिय बीउ-बिजन समितिबाट सिफारिसको अनुमोदन हुनुअघि नै 'कचोर्वा ४' नामक नयाँ जातको धान यस क्षेत्रका किसानहरूबीच लोकप्रिय भैसकेको छ। 'स्वाद र उत्पादनले 'कचोर्वा ४' नामको नयाँ जातको धानले किसानहरूलाई आकर्षित गरेको लिवर्डका पीताम्बर श्रेष्ठले बताए।

# लामो हवाई उडान खतरनाक हुन सक्छ




न्युजिल्यान्डका शोधकर्ताहरूका अनुसार लामो हवाई यात्रामा जाने १ सय व्यक्तिमध्ये एक यात्रीको रगत स-सानो चोक्टा भएर जम्ने सम्भावना हुन्छ। यदि कुनै माध्यमले उक्त रगतको सानो चोक्टा रगतकै माध्यमबाट फोक्सोमा पुगे मानिसको मृत्युसम्म हुनसक्छ। वैज्ञानिकहरूका अनुसार लामो उडानमा जाने ९ सय यात्रीको परीक्षणपछि त्यसमध्ये ९ जनालाई डिप बेन थरमबोसिस (डिबीटी) अर्थात् रगत जमेर स-सानो चोक्टा हुने समस्या उत्पन्न भएको थियो। विज्ञान पत्रिका दि लेंसेटका अनुसार यात्रीहरूमा यस्तो समस्या अन्य कारणले पनि हुन सक्छ तर यसभन्दा पहिलेको अध्ययनमा लामो उडानमा जाने व्यक्तिहरूमा डिबीएसको सम्भावना धेरै भएको बताइएको थियो।

यस्तो समस्या १० घन्टा वा त्यसभन्दा बढी हवाई यात्रा गर्नाले उत्पन्न हुन्छ। आखिर के हो त डिबीटी ? वैज्ञानिकहरूका अनुसार हवाई जहाजको सिटमा बस्दा जब खुट्टा एउटै स्थितिमा लामो समयसम्म एउटै अवस्थामा रहन्छ तब राम्रोसँग रक्तप्रवाह हुन सक्दैन। फलस्वरूप रक्तवाहिनी नलीमा रगतको स-सानो चोक्टा जम्न थाल्छ र खुट्टा झमझमाउने, निदाउने अनि पीडा महसुस हुने हुन्छ। त्यसपछि खुट्टालाई चिमोट्दा काट्दा पनि थाहा नपाउने हुन्छ। यस्तो अवस्थामा कुनै तरिकाले स-साना रगतका चोक्टा रगतकै माध्यमबाट फोक्सोमा गए मानिसको अवस्था नाजुक हुन्छ।

चिकित्सासम्बन्धी रिपोर्टमा भनिएको छ- हवाई यात्रा र डिप बेन थरमबोसिसबीच सीधा सम्बन्ध रहन्छ तर केही वैज्ञानिक यो तथ्यसँग सहमत छैनन् तर ब्रिटेनमा गरिएको एक अध्ययन अनुसार हवाई यात्राले स्वास्थ्यमा गम्भीर खतरा उत्पन्न गर्न सक्छ। हवाई यात्रा गर्दा मानिस अक्सिजनको कमीका कारण बिरामी हुने आशंका गरिएको छ। अनुसन्धानमा संलग्न विमान यात्रीहरूमध्ये ५४ प्रतिशतको रगतमा अक्सजिनको मात्रा यति कम भएको थियो जसका कारण अतिरिक्त अक्सिजन दिनुपर्ने अवस्थाको सिर्जना भयो। वैज्ञानिकहरूले ८४ जना मानिसमा गरेको अध्ययनमा उनीहरूको रगतमा अक्सिजनको स्तर औसत ४ प्रतिशत कम भएको पाए। जब विमान जमिनमा थियो त्यतिबेला यात्रीहरूको रगतमा अक्सिजनको स्तर सामान्य ९७ प्रतिशत पाइएको थियो, तर विमानले उडान भर्दा यसको मात्रा ९३ प्रतिशत मात्र पुगेको थियो।

उल्लेखनीय के छ भने अस्पतालमा कुनै रोगीको रगतमा अक्सिजनको स्तर सामान्यतया ९४ प्रतिशतभन्दा तल गए अतिरिक्त अक्सिजन दिइन्छ। वैज्ञानिकहरूका अनुसार शरीरमा अक्सिजनको स्तरमा कमी आए मानिसहरू सास लिनमा अप्ठ्यारो महसुस गर्छन् र मृत्युको मुखमा सम्म पुग्छन्। यद्यपि अहिले नै यो अनुसन्धानलाई लिँदा चिन्ता गरिहाल्नुपर्ने अवस्था छैन।

विज्ञान जरनल एनेस्थेसियामा प्रकाशित एक प्रतिवेदनमा डा. सुसन हम्फरीले भनेका छन्- अक्सिजनको स्तर घट्नासाथ डिहाइड्रेसन हुनु, हिंडडुल गर्ने समय नहुनु र विमानको क्याबिनमा वायुको आर्द्रता कम हुनुका कारण बिरामीको सम्भावना रहन्छ। हालका दिनहरूमा विमान तेज र धेरै उचाइमा उड्ने हुँदा यस्तो समस्या गम्भीर भएको बताइन्छ तर ब्रिटेनको नागरिक उड्डयन प्राधिकरणका प्रवक्ताका अनुसार स्वस्थ व्यक्तिले विमानमा यात्रा गर्दा आत्तिनुपर्ने, डराउनुपर्ने अवस्था छैन। प्रवक्ताका अनुसार स्वस्थ व्यक्तिमा अक्सिजन घट्दैमा कुनै खतरा हुँदैन। हाम्रो चिन्ता केवल फोक्सो एवं मुटुका रोगीहरूलाई लिएर मात्र हो। त्यस्ता रोगीहरूले हवाई यात्रा गर्नुपूर्व चिकित्सकको सल्लाह लिनु आवश्यक छ।

**–राजीवनन्दन कर्माचार्य**



# २१ मेघापिक्सलको एसएलआर



२१ दशमलव १ मेघापिक्सेलसहितको डीएसएलआर क्यामेरा नेपाली बजारमा भित्रिएको छ। डीएसएलआर क्यामेरा व्यावसायिक फोटोग्राफीका लागि उपयुक्त हुन्छ। क्यानोन कम्पनीको यो क्यामेराबाट उच्च गुणस्तरको फोटो खिच्न सकिन्छ। ३ दशमलव ९ एफपीएस, ३ इन्चको एलसीडी तथा १ हजार ८० एचडी यसका थप विशेषता हुन्। क्यामेराको गुणस्तरअनुरूप यसको मूल्य न्यून भएको कम्पनीको दाबी छ। उच्च आईएसओ रेन्जको यो क्यामेराबाट एलसीडी हेरेर पनि तस्बिर खिच्न सकिन्छ। फाइभ मार्क टु मोडलमा उपलब्ध डीएसएलआरको नेपाली बजार मूल्य २ लाख १० हजार रुपैयाँ छ।

# आधुनिक भान्सालाई ग्याँस हुड

नयाँ घर बनाइरहनुभएको छ र भान्सालाई आधुनिक स्वरूपमा ढाल्दै हुनुहुन्छ भने तपाईंका लागि ग्याँसहुड उपयोगी सावित हुनसक्छ। आधुनिक भान्साका लागि थुप्रै विशेषतासहितको थ्री बर्नर ग्याँसहुडले भान्साको आकर्षण थप्नेछ। मार्बल कटिङ गरेर सोझै भान्सामा जडान गर्न मिल्ने पानासोनिक ग्याँसहुडलाई पशुपति इम्पोरियरले नेपाली बजारमा उतारेको हो। ४१३ मोडलमा उपलब्ध पानासोनिक ग्याँसहुड मलेसियन उत्पादन हो। फिटिङ गर्न समेत सजिलो यो ग्याँसहुडले तुलनात्मक रूपमा निकै कम ग्याँस खपत गर्ने दाबी गरिएको छ। यसको नेपाली बजार मूल्य १२ हजार ५ सय रुपैयाँ छ।

# डिजिटल वासिङ मेसिन



आईएफबी ब्रान्डको डिजिटल वासिङ मेसिन नेपाली बजारमा भित्रिएको छ। फ्रन्ड डुवर, स्टिल बडी यसका थप विशेषता हुन्। ७ केजी क्षमतासहितको यो वासिङ मेसिन सुविधायुक्त छ। यसले २२ सय वाट विद्युत् खपत गर्छ। नेपाली बजारमा यसको मूल्य ४६ हजार ५ सय रुपैयाँ छ।

# सोनीको होम थिएटर



सोनी कम्पनीको आधुनिक होम थिएटर नेपाली बजारमा भित्रिएको छ। उच्चस्तरको संगीत सुन्न एवं भिडियो हेर्नसमेत उपयोगी यो होम थिएटरमा अरूमा भन्दा भिन्न विशेषता छ। डीएभी-डिजेड २०९ के मोडलमा उपलब्ध सोनी होम थिएटरमा पेन ड्राइभ लगाउन मिल्छ। सिडी एवं डिभिडीमा भएको फिल्म, गीत आदिलाई मेमोरी कार्डमा रेकर्ड गरेर राख्नसमेत मिल्ने यो थिएटर फाइभ इन वान स्पिकरमा उपलब्ध छ। यसको नेपाली बजार मूल्य ३५ हजार रुपैयाँ छ।

# वाटरप्रुफ पेन ड्राइभ



अहिलेको समयमा निकै उपयोगी बनेको पेनड्राइभलाई पानीबाट जोगाउन गाह्रो छ। पानीले भिज्दा कुनै असर नपुग्ने पेनड्राइभ अब नेपाली बजारमै उपलब्ध छ। सानो र पातलो आकारमा उपलब्ध पीएनवाई कम्पनीको पेनड्राइभलाई पानीले कुनै असर गर्दैन। छिटो डाटा ट्रान्सफर गर्न सक्नु यसको विशेषता हो। हाल बजारमा पीएनवाईको विभिन्न जीबी क्षमताको पेनड्राइभ पाइन्छ, जसको मूल्य क्रमशः ७ सय ५० देखि २ हजार २ सय सम्म पर्छ।





तस्बिरः साइबरसंसार डटकम

# फुर्सदमा छिन् उषा



पछिल्लो समयमा नेपाली चलचित्रकर्मीको व्यस्तता ह्वात्तै बढेको छ। चलचित्र निर्माणमा आएको तीव्रताले चलचित्रका प्राविधिकदेखि कलाकारसम्मलाई भ्याई-नभ्याई छ। आफ्ना अधिकांश समकालीन नायक-नायिका चलचित्रको काममा व्यस्त भैरहेका बेला नायिका उषा पौडेल भने फुर्सदमा छिन्, अर्थात् उनी अहिले कुनै पनि चलचित्रमा काम गरिरहेकी छैनन्। झन्डै दुई दर्जन चलचित्रमा अभिनय गरिसकेकी उषालाई चलचित्र क्षेत्रमा सुन्दर अनुहार तथा आकर्षक नृत्य गर्ने नायिकाका रूपमा चिनिन्छ। अभिनयमा चाहिं उनी अझै पारंगत हुन नसकेको टिप्पणी चलचित्र निर्देशकहरूको छ। त्यसैले होला, उषाले अभिनय गरेका अधिकांश चलचित्र व्यावसायिक रूपले असफल छन्। सायद, पछिल्लो समयमा निर्माण भैरहेका चलचित्रका निर्माता-निर्देशकलाई उषाको अभिनय कौशलमा विश्वास नलागेरै होला, उनीसँग अहिले एउटा पनि चलचित्र छैन। पछिल्लो समयमा बेलायतमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न भिसाका लागि आवदेन दिएका दिलीप रायमाझी तथा उषा पौडेलमध्ये दिलीपको भिसा मात्र स्वीकृत हुनुले उषाको चिन्ता बढेको छ।

# विवाहको खबरले दुःखी

नायिका ऋचा घिमिरेका लागि एउटा दुःखद खबर! आगामी मंसिर २७ गते निर्देशक शंकर घिमिरेसँग वैवाहिक जीवन प्रारम्भ गर्न लागेकी ऋचालाई यो दुःखद खबर भने उनकै प्रशंसकहरूबाट आएको हो। ऋचाको टीकाटालो भएको खबर सार्वजनिक भएपछि फिल्मीखबर डटकमले नेपाली चलचित्रका दर्शकमाझ एउटा सर्वेक्षण गर्‍यो। सर्वेक्षणका लागि उक्त वेबसाइटले आमपाठकसामु एउटा प्रश्न तेर्‍यायो, 'नायिका ऋचा घिमिरेको विवाह हुन लागेको समाचार सुन्दा तपाईंलाई कस्तो लाग्यो?' सर्वेक्षणमा सहभागी हुने दर्शकका लागि अचम्म लाग्यो, खुसी लाग्यो तथा दुःख लाग्यो गरी तीनवटा वैकल्पिक जवाफ पनि राखियो। सर्वेक्षणमा सहभागि झन्डै ३ सय दर्शकमध्ये सबैभन्दा बढी अर्थात् ४१ प्रतिशत दर्शकले ऋचाको विवाहको समाचारले आफूलाई दुःख लागेको धारणा व्यक्त गरेका छन्। ३१ प्रतिशत दर्शकले चाहिं उक्त समाचारले आफूलाई खुसी लागेको बताएका छन् भने २८ प्रतिशत दर्शकले आफूलाई उक्त समाचारले अचम्ममा पारेको तर्क प्रस्तुत गरेका छन्।

# हिरो प्रशान्त



'अरे क्या नाम...' गीत गाएर श्रोताको मन जितिरहेका नेपालीभाषी इन्डियन आइडल प्रशान्त तामाङ अब चलचित्रमा नायक हुने भएका छन्। प्रशान्त राजधानीमा शुभमुहूर्त गरेर छायांकन प्रारम्भ गरिएको चलचित्र 'गोरखा पल्टन' मार्फत नायक हुन लागेका हुन्। यसअघि आफ्ना म्युजिक भिडियोका लागि मात्र अभिनय गरेका प्रशान्त पहिलो पटक चलचित्र नायक हुन पाउँदा नौलो अनुभूति गरिरहेका छन्। बेलायतमा कार्यरत ३ हजार ५ सय ब्रिटिस गोरखा सैनिक तथा उनीहरूको पारिवारिक सेरोफेरोमा आधारित चलचित्र 'गोरखा पल्टन' मा प्रशान्तले ब्रिटिस गोरखा सैनिकको भूमिका निर्वाह गर्दैछन्। भारतीय प्रहरीमा कार्यरत प्रशान्तले सैनिकको भूमिका निर्वाह गर्न खासै असजिलो नहुने धारणा व्यक्त गरेका छन्। प्रशान्त भन्छन्– 'दार्जीलिङमा छँदा ब्रिटिस गोरखा सैनिकको जीवनशैलीलाई नजिकबाट नियाल्ने अवसर पाएकाले आफ्नो भूमिकालाई न्याय गर्न सक्ने आत्मविश्वास छ।' गायकका रूपमा स्थापित भैसकेका प्रशान्तलाई नायकका रूपमा दर्शकले कत्तिको साथ दिने हुन्, हेर्न बाँकी नै छ। यो चलचित्रमा सोनिया केसी, रञ्जिता गुरुङ, सुनिल थापा, गोपाल भुटानी आदि कलाकारले पनि अभिनय गर्दैछन्।



# दिन फिर्‍यो जस्तो छ

चलचित्र 'कन्यादान' मा अभिनय गरेकी नायिका रञ्जना शर्मा फेरि अर्को चलचित्रमा काम गर्ने तयारीमा छिन्। 'मेरो दिन फिर्‍यो जस्तो छ, धेरै ठाउँबाट प्रस्ताव आइरहेको छ,' रञ्जनाले भनिन्। पछिल्लो समय चर्चामा आउने नायिका रञ्जना पनि हुन्। केही म्युजिक भिडियोमा छोटा लुगा लगाएर अभिनय गरेकी रञ्जना निर्देशक श्याम भट्टराइसँग सम्बन्ध-विच्छेद गरेपछि एकाएक चर्चामा आएकी थिइन्। श्यामद्वारा निर्देशित चलचित्र मर्यादा र मौसममा अभिनय गरेकी रञ्जनालाई अरू चलचित्र नपाएको आरोप पनि लाग्ने गरेको थियो तर 'कन्यादान'मा अभिनय गरेपछि रञ्जनाले आफ्नो दिन फिरेको महसुस् गरेकी छिन्। यसअघि नै उनले 'सलाम छ मायालाई' मा पनि अभिनय गरेकी थिइन् तर, उक्त चलचित्रको बजार राम्रो हुन नसकेकाले त्यसबाट रञ्जनाले कुनै फाइदा पाइनन्।



## लभगुरु

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २२ वर्षीय युवक हुँ । म एउटी युवतीलाई मन पराउँछु । पहिले त हामीबीच बोलचाल भयो । त्यसपछि हामी सधैं भेट्न थाल्यौं । मैले उनलाई मन पराएको दुई वर्षभन्दा बढी भैसकेको छ । मैले प्रेमप्रस्ताव राख्दा उनले त्यतिबेला कुनै जवाफ दिइनन्, केही महिनापछि उनले मलाई मन पराएको कुरा बताइन् । हाम्रो जात र धर्म नमिल्ने समस्या पनि उनले भनिन् । म मुस्लिम धर्मको परें, उनी नेवार जातिकी हुन् । उनी मलाई एकदमै मन पराउने कुरा गर्छिन्, तर धर्म र जातका कारण विवाह हुन नसक्ने बताउँछिन् । कतै घुम्न जाँदा होस् वा भेट्दा हाम्रो यही विषयमा कुरा हुने गरेको छ । हाम्रो प्रेम अधुरो हुने जस्तो भयो, म के गरूँ ?**

**–अनाम**

जहाँसम्म मैले बुझेअनुसार नेपालको कानुनमा वैवाहिक सम्बन्धका लागि जात र धर्मका आधारमा कुनै बाधा-बन्देजको कुरा उल्लेख छैन । यस विषयमा कानुनका ज्ञातासँग सम्पर्क राखेर विश्वस्त हुन सक्नुहुन्छ । कानुनी बाटोबाट तपाईंको समस्याको निराकरण खोज्ने हो भने बालिग भएको कारणले तपाईंहरूको वैवाहिक सम्बन्धलाई कानुनले मान्यता दिन्छ, तर समस्याको अर्को पाटो पनि छ । यो अवस्थामा तपाईं र तपाईंकी प्रेमिकाले विवाह-सम्बन्ध गाँस्न खोज्दा सामाजिक कलह हुनसक्छ अथवा तपाईंहरूको समुदायले विरोध गर्न सक्छ । पत्रमा एउटा कुरा स्पष्ट छैन, तपाईंहरूले आफ्ना घर-परिवारका कसैसँग यस विषयमा सल्लाह गर्नुभएको छ ? तपाईंहरूले आ-आफ्नो तवरबाट घर-परिवारमा सबैभन्दा नजिक लाग्ने आफन्त अर्थात् आफ्ना दाजुभाइ, दिदीबहिनी, मामा, काका आदि जो पनि छन्, उनीहरूसँग गोप्य सल्लाह गर्नुहोस् । उनीहरूको सल्लाह तपाईंहरूका लागि उपयोगी हुनसक्छ । हाम्रो समाजमा फरक जाति र धर्मका केटा-केटीबीच विवाह नभएको होइन । तपाईंहरूले समाज र परिवारलाई आफ्नो पक्षमा ल्याउन निकै संघर्ष त गर्नुपर्ला, तर त्यो असम्भव भने छैन । प्रयास गर्नुहोस्, शुभकामना ।



● फिल्मी खबर ●

### दसगजाको छायाँकन

दयाराम दाहालले निर्देशन गरेको चलचित्र दसगजाको झापा र इलाममा विभिन्न स्थानमा छायांकन भैरहेको छ । विशुद्ध सामाजिक भनिएको यो चलचित्र भारतले अतिक्रमण गरेका नेपाली भूमिमा छायांकन गरिएको छ । चलचित्रको छायांकन झापाको दमक, कोरोबारी, महेशपुर तथा इलामको कन्याम आदि स्थानमा सुटिङ गरिएको निर्देशक दाहालले बताए । नेपालमा भारतले अतिक्रमण गरेका विभिन्न ५२ स्थानमा यो चलचित्रको छायांकन गरिने उनले जानकारी दिए । निर्माता नवल खड्का चलचित्रको मुख्य भूमिकामा छन् ।

### रेखाको चोरी भयो मन

रेखा फिल्म्सको पाँचौं प्रस्तुति 'कसले चोर्‍यो मेरो मन' को सम्पादनकार्य सम्पन्न भएको छ । छविराज ओझाको निर्माणमा सविर श्रेष्ठले निर्देशन गरेको यो चलचित्रको स्वराङ्कन कार्य पनि सुरु भैसकेको छ । चलचित्रमा रेखाले पहिरनका लागि निकै खर्च गरेकाले यो चलचित्रको बजेट बढेको निर्देशकले बताएका छन् । झन्डै ७५ लाखको लगानीमा तयार गर्न लागिएको यो चलचित्रका निर्देशक श्रेष्ठले विगतमा आकाश अधिकारी र अनिश कोइरालासाग मुख्य सहायक निर्देशक भै १० वर्ष काम गरेको अनुभव संगालेका छन् भने उनले केही समयअघि प्रदर्शित चलचित्र 'तोड' मा प्राविधिक निर्देशकका रूपमा काम गरेका थिए । सांगीतिक प्रेमकथामा आधारित चलचित्र 'कसले चोर्‍यो मेरो मन' मा रेखा थापा, आर्यन सिग्देल, नीर शाह, बीएस राणा, किशोर खतिवडा आदि कलाकारले अभिनय गरेका छन् ।

### दागाको सुटिङ भक्तपुर दरबारमा

नायक निखिल उप्रेती र सञ्चिता लुइँटेलले अभिनय गरेको चलचित्रको छायांकन भक्तपुरमा भैरहेको छ । भक्तपुर दरबारमा चलचित्रको गीत सुटिङ गरिएको हो । 'चमचम चमचम चम्किने तारा टिप्छु भन्दिनँ, तिम्रो चोखो माया देऊ अरू केही भन्दिनँ' गीतको दृश्य यहाँ छायांकन गरिएको छ । यहाँको उँट, गैंडा, सिकारी कुकुर, सिंह र गिद्धको ढुङ्गाका मूर्तिले सजिएको सिद्धीलक्ष्मी मन्दिरमा उक्त गीतको छायांकन भएको हो ।





After +2 ?!
Admission Open
CA Foundation & Inter Level
Classes Start: December 1, 2009
HURRY UP
Seats are Limited
प्रिमियर CA
Be a CA with BBS
PREMIER COLLEGE ESTD 2000
New Baneshwor, Kathmandu
Wing-1, Tel: 4785198, 4784738, 2040467
(Infront of BICC Southern Gate)
Wing-2, Tel: 4467468, 016207877
(Near to old Shivadarshan Cinema)

३ महिनामा ४" उचाइ बढाउने
- केश झर्न तुरुन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
- ग्यास्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)

नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

अन्तिम खोज
थाहै नदिई जाँड रक्सी र चुरोट छुटाउने
३ ईन्च सम्म उचाई बढाउने
Height Plus
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा ।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
जस्तो सुकै ड्रग्स को कुलत छुटाउने।
१००% ग्यारेण्टि ०% साईडईफेक्ट
फ्रि होम डेलिभरी
केश झर्न रोकी उमार्ने, चायाँ पोतो हटाउने ।
Gorkha Herbal
Hotline: 4282138, 9841079654
9851026391 चितवन: 9845279326




उद्घोषण तालिम
R.J./V.J./M.C.
- Facilities of Internship &
- Opportunities of Media House
Aaja ko Aawaj Media, Putalisadak
9841-676661/ 9841485142

तु-आवश्यकता
American Company को लागि कर्मचारी आवश्यकता ।
योग्यता: SLC or Above
संख्या: 8 Ladies / Gents
सुविधा: 10000
USI 9849195511 9803437476 ललितपुर नख्खु दोबाटो
URI 9841680647 9841574773 नयाँ ठिमी संखधर चोक
Note : Office Visit गर्दा Document अनिवार्य छ ।

Special Courses
For U.K./JAPAN goers....
होटल तालिम
Cook- 1 month
Waiter/ress-1 month
Bakery- 15days,
Coffee- making -15days
also other training are available.
KMDC Koteshwor, (Kamana Manpower Development Center)
4601878 / 4600335

Wanted
L.G Company
लाई कर्मचारी आवश्यकता
संख्या: 5 Gents/ Ladies
तलब: 9000
योग्यता: SLC/PCL
Unique Solution
5543056, 9841466409
9803897872
Gwarko, Lalitpur
नोट: बुझ्न आउँदा Document अनिवार्य छ

# मृत्युको बाटोमा लिन्ड्से



हलिउडकी नायिका लिन्ड्से लोहान मुत्युको बाटो हिंडिरहेको उनकै बुवा माइकल लोहानले बताएका छन् । समाचारअनुसार गत साता लसएञ्जल्समा आयोजित एउटा समारोहमा उनी पहिलेको तुलनामा थप सुन्दर देखिएकी थिइन् । सुन्दर देखिएपछि माइकल आफ्नी छोरीको सम्भावित मृत्युका कारण चिन्तित छन् । माइकल भन्छन्– 'लिन्ड्से एक वर्षभन्दा बढी बाँच्दिनन् ।' विगत केही महिनादेखि छोरीबाट छुट्टिएर अलग्गै बसिरहेका माइकलका अनुसार लिन्ड्से अहिले पनि पेन किलरको सहयोगमा बाँचिरहेकी छिन् । ग्रेजिया पत्रिकासँग कुराकानी गर्दै माइकलले आफ्नी छोरीलाई लामो समय पुनर्स्थापना केन्द्रमा राख्नु आवश्यक भएको बताएका छन् । यसो नगरिए उनको स्थिति एल्भिस प्रेस्ली, निकोल एन्ना स्मिथ तथा हिथ लेजरको जस्तै हुनेछ । यसबीच न्युयोर्क तथा पेरिसमा सम्पन्न पार्टीहरूमा सहभागी लिन्ड्से स्वस्थ देखिएको बताइन्छ ।

# स्टारजस्ती छैनन्

'गजनी'बाट उदाएकी नायिका असिनमा 'स्टार' अभिनेता-अभिनेत्रीहरूमा हुने केही पनि छैन । एउटा चलचित्र सुपरहिट हुनेबित्तिकै बलिउडमा 'स्टार'को पगरी गुथाइन्छ । 'स्टार' भएपछि उनीहरूको ठाँट र रवाफ बेग्लै हुन्छ । गाडी, सेक्रेटरी, पैसा, बंगला आदि कुरा त उनीहरूका वरिपरि घुमिरहन्छन् । प्रशंसकहरूको गन्ती पनि करोडबाट सुरु हुन्छ । उनीहरूले जे काम गरे पनि त्यसको पारिश्रमिक पाउँछन् । यी कुरासँगै उनीहरूमा देखावटी घमन्ड पनि बढ्न थाल्छ । घमन्ड गरेन भने 'स्टार'ले भाउ नै पाउँदैनन् । दक्षिण भारतबाट आएकी असिनसँग 'स्टार'का पछिपछि लाग्ने सबैकुरा भए पनि घमन्ड भने छैन । हालै प्रदर्शनमा आएको चलचित्र 'लन्डन ड्रिम्स'को छायांकनका क्रममा उनलाई लन्डनको चिसोले समातेछ । मुम्बई फर्केर आउनेबित्तिकै उनी नराम्रोसँग बिरामी परिन् । 'साइनस'को समस्या देखिएपछि उनको 'माइनर अप्रेसन' गर्नुपर्‍यो । उनी मुम्बईको धिरुभाई अम्बानी अस्पतालमा भर्ना भइन् । 'स्टार' भनेर उनको अगाडि जान अस्पतालका कर्मचारीहरूले पनि अप्ठेरो मान्न थालेपछि गीत गाएर, गफ गरेर कर्मचारीलगायत अरू बिरामी तथा कुरुवाहरूलाई उनले आफूतिर आकर्षित गरिन् । विगतमा अनेकौं 'स्टार'को सेवा गरिसकेका उक्त अस्पतालका कर्मचारीहरू अहिले भन्दैछन्- 'असिन अरू स्टारजस्ती छैनन् ।'





# करिना भर्सेज ब्रिटनी

करिना कपुर बलिउडकी हट 'सेक्सी बेबी' हुन् । गत वर्ष चलचित्र 'टसन' का लागि 'जिरो फिगर' बनाएर बिकनीमा नाचेपछि उनको कामुक सौन्दर्यको चर्चा निकै चल्यो । गायिका ब्रिटनी स्पेयर्सलाई पनि हलिउडकी कामुक गायिकाको उपाधि दिइएको धेरै भैसक्यो । मीठो आवाज, सौन्दर्य र सुन्दरताले मात्र होइन, आकर्षक शारीरिक बनावटले पनि उनलाई साथ दिएको छ । यी दुईलाई एकसाथ राख्दा कस्तो देखिएला ? तर यिनीहरू एकसाथ त होइन, एउटै प्रयोजनका लागि प्रयोग हुँदैछन् । उनीहरू 'जीरो फिगर' अर्थात् 'स्लिम' भएको कुराले चर्चा पाएपछि जापानको एक ल्यापटप उत्पादकले यी दुईलाई आ-आफ्नो ल्यापटपको प्रचारमा प्रयोग गरेका छन् । सबैभन्दा पातलो ल्यापटप उत्पादन गरेकाले करिना र ब्रिटनीजस्तै ल्यापटप भनेर उक्त ल्यापटपको प्रचार गर्न लागिएको उत्पादक कम्पनीले जनाएका छन् ।

# सुपर मोडलको खोजीमा



सुपर मोडल नओमी क्याम्बेल अचेल बेलायतकी नयाँ क्याटवाक क्विनको खोजीमा जुटेकी छिन् । सुपर मोडल खोज्ने क्रममा उनी एउटा प्रतियोगिता आयोजना गर्दैछिन्, जसमा बेलायतका सामान्य युवतीहरूले पनि भाग लिन सक्नेछन् । विजेताहरूको छनौट नओमी तथा निर्माता एन्ड्र्यू यङले गर्नेछन् । प्रतियोगितालाई ट्यालेन्टहाउस डटकमको एउटा महत्त्वपूर्ण अंगका रूपमा विकसित गर्ने योजना छ । प्रतियोगिताकी विजेतालाई अन्तर्राष्ट्रिय सुपर मोडलको ताज त पहिराइने नै छ, उनले हलिउडका ठूला कलाकारसँग काम गर्ने अवसर पनि पाउनेछिन् ।

## केवल एक प्रश्न

# फेरि विद्यार्थी हुन पाए कुन विषय पढ्न रुचाउनुहुन्छ ?

(सन्दर्भ : विश्व विद्यार्थी दिवस नोभेम्बर १७)



फेरि विद्यार्थी हुन पाएँ भने...अँ... मैले पहिले जनसंख्या विज्ञान विषयलाई मुख्य विषय बनाएकी थिएँ। अहिले पनि विद्यार्थी बन्ने अवसर पाएँ भने यही विषय रोज्ने थिएँ। देशको जनसंख्या मात्र होइन, महिलाहरूको संख्या तथा उनीहरूको समस्या पनि अध्ययन गर्न पाइने भएकाले मैले यो विषय रोजेकी हुँ।

**रञ्जना शर्मा (नायिका)**

फेरि एकपटक विद्यार्थी हुन पाएँ भने सायद म राजनीतिशास्त्रको विद्यार्थी बन्ने थिएँ। अहिले देशको अवस्था डामाडोल भएकाले राजनीतिशास्त्रको राम्रो विद्यार्थी भएर देशलाई निश्चित दिशा दिने थिएँ जस्तो लाग्छ।

**आषुसेन लामा (गायक)**

मैले भर्खरै मात्र समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेको छु। मलाई पुनः विद्यार्थी बन्ने मौका प्रदान गरियो भने यही विषय नै छनौट गर्छु। मानिसलाई बुझ्न समाज बुझ्नु अनिवार्य छ। समाजलाई राम्रोसँग बुझ्न समाजशास्त्र नपढी सुखै छैन।

**ऋषिराज आचार्य (निर्देशक)**

म फेरि विद्यार्थी हुन पाएँ भने अँ...खै कुन विषय भन्ने। ए ए मेरो अंग्रेजी अलि कमजोर छ। अंग्रेजी लेखाइ त धेरै राम्रो छ तर बोल्नचाहिं...खै के खै के ! फरर बोल्न सक्ने हुनैका लागि म अंग्रेजी विषय नै रोज्थें। अंग्रेजीपछिको विषय रोज्न पाएँ भनेचाहिं नेपाली साहित्य रोज्ने थिएँ। पछिल्लो समयमा नेपाली भाषा पनि धरमरको स्थितिमा भएकाले त्यसलाई सुधार्न नेपालीमा थप अध्ययन आवश्यक देखेको हुँ।

**सीताराम कट्टेल (धुर्मुस)**

ओहो कस्तो रमाइलो प्रश्न सोध्नुभयो ! म फेरि विद्यार्थी हुन पाए फेसन डिजाइनिङ अध्ययन गर्थें। अहिलेको जमाना नै फेसनको छ। फेसन डिजाइनिङको अध्ययनले आफू फेसनेबल हुने मात्र होइन, रोजगारी पनि पाउन सकिने भएकाले म यही विषय रोज्थें।

**तारानाथ भट्टराई (मोडल)**






अर्जुन कार्की
(एक्सन नायक)

# स्टन्ट

## • मेरो अनुभव •

आफूखुसी दुर्घटना मोल्नुलाई नै म 'स्टन्ट' मान्छु। भैपरी आउने खतरालाई दुर्घटना भनिन्छ भने त्यही दुर्घटनालाई निम्त्याउँदै अरूलाई मनोरञ्जन प्रदान गर्नु स्टन्ट हो। एक्सन चलचित्र बन्न थालेदेखि नै नेपाली चलचित्रमा पनि स्टन्टम्यानहरू आए। नायकको डुब्लिकेट भएर कतिपय कलाकारले स्टन्ट गरे। नायकले हावामा किक हान्छ, स्टन्टम्यान भने त्यहीअनुरूप भीर, खोला, पोखरी, ढुंगा जताततै लड्नुपर्छ अनि पर्दामा चलचित्र चल्दा भने नायकले ताली पाउँछ। स्टन्ट गर्ने कलाकारलाई दर्शकले 'ठिक्क पर्‍यो, खुच्चिङ' भनिरहेका हुन्छन्। म पनि नेपाली चलचित्रमा नायक हुनुअघि स्टन्टम्यान र फाइटर थिएँ। ४० वटा जति चलचित्रमा त्यसरी काम गरें होला। १२ वर्षको उमेरमा मोरङमै छँदा दाइबाट तेक्वान्दोको प्रशिक्षण पाएको थिएँ। द्वन्द्वकलामा त्यही बेलादेखि रुचि जागेको हो। त्यसैले आफ्नै प्रयत्नमा सिक्दै गएँ। २०५४ सालतिर म चलचित्र क्षेत्रमा आएँ, द्वन्द्वकलाकार भएर।

धराननजिकै कोसीको बगरमा चलचित्र 'तिम्रो लागि' को छायांकन हुँदै थियो। बम पड्किएको दृश्यमा मैले नायकको डुब्लिकेट भएर स्टन्ट गर्नुपर्ने थियो। बम त पड्क्यो तर म नराम्रोसँग घाइते भएँ। बालुवा उडेर मेरो आँखा र मुख भरियो। बमको चोक्टा उछिट्टिएर मेरो शरीरभरि ठाउँ-ठाउँमा घाउ भयो। म त बेहोस भएछु, धन्न बाँचियो। यस्ता घटना मेरो जीवनमा धेरै पटक भएका छन्। त्यसपछि म रेस्लिङ खेल्न थालें। रेस्लिङमा पनि हातका हड्डी खुस्कनु सामान्य भएको थियो। मेरो शरीरमा दुई-चार टाँका लगाइएका घाउ त कति छन् कति ? अब त सानातिना घाउको वास्ता लाग्नै छाडिसक्यो। नायक भएकै पहिलो चलचित्र 'दिदीभाइ'मा चोभारको डाँडाबाट झन्डै पचास फिट तल रहेको पोखरीमा मोटरसाइकलसहित फाल हालेको थिएँ। धेरै चलचित्रमा अभिनय गरें र गरिरहेको छु। यी सबै चलचित्रमा सानातिनादेखि ठूलासम्म सबै प्रकारका स्टन्ट गरिरहेकै छु। मेरो सुझाव के भने यदि कोही स्टन्ट कलाकार हुन चाहन्छन् भने यो विषयमा दक्ष मानिसको सहायता लिनुपर्छ। लहडमा आफैं अभ्यास गर्दा ज्यान जाने वा अङ्गभङ्ग हुन सक्ने डर हुन्छ। नेपाली चलचित्रमा स्टन्ट गर्नु भनेको भगवान् भरोसा नै हो।



तस्विर: नवराज बाग्ले

## ● तीन प्रश्न ●

टेलिभिजनबाट प्रसारण हुने चलचित्रसम्बन्धी कार्यक्रम हेरिरहने दर्शकका लागि प्रकाश सुवेदी नौलो अनुहार होइन। विगत चार वर्षदेखि कान्तिपुर टेलिभिजनमा नेपाली चलचित्रमा आधारित मनोरञ्जनात्मक कार्यक्रम 'रजतपट' को निर्माता तथा सञ्चालन गरिरहेका सुवेदी पछिल्लो एक वर्षदेखि कान्तिपुर टेलिभिजनमै अर्को एउटा कार्यक्रम 'ग्ल्यामर गफ' मार्फत पनि दर्शकमाझ पुगिरहेका छन्। हरेक बुधबार राति ७:३० बजे प्रसारण भैरहेको 'रजतपट' ले अघिल्लो सातादेखि प्रसारणको गौरवमय २ सय भाग पूरा गरिसकेको छ। चलचित्रकर्मीमाझ अत्यन्त लोकप्रिय यो कार्यक्रमले आमदर्शकलाई समेत आकर्षित गरिरहेको छ। चलचित्रकर्मीहरूसँगको अन्तरंग कुराकानी प्रसारण हुने 'ग्ल्यामर गफ' कान्तिपुर टेलिभिजनका मन पराइएका कार्यक्रमहरूमध्ये एक हो। रजतपटले २ सय भाग पूरा गरेको उपलक्ष्यमा यसलाई केही परिमार्जन गर्ने तयारीमा रहेका सुवेदीले 'ग्ल्यामर गफ' लाई आगामी सातादेखि केही पृथक् बनाउने भएका छन्। कान्तिपुर टेलिभिजनमा कार्यक्रम निर्माण गर्नुअघि उनी नेपाल टेलिभिजनबाट प्रसारण भएका दुई कार्यक्रम 'हिट मिक्स' तथा 'फिल्म नगरी' को निर्माण तथा सञ्चालनमा व्यस्त थिए। रजतपटको सफलतामा केन्द्रित रहेर सुवेदीसँग साप्ताहिकको तीन प्रश्न :

**रजतपटलाई त चलचित्रकर्मीले विवादास्पद भन्दै आएका थिए नि ?**

हामी जे देख्छौं, त्यही भन्छौं भन्ने नारासहित कार्यक्रम निर्माण गरिएकाले पहिलो एक वर्ष कार्यक्रमलाई विवादास्पद भन्नेहरू प्रशस्त थिए।

**अहिलेचाहिं यसको क्रेज कस्तो देख्नुहुन्छ ?**

कार्यक्रमको पहिलो भागदेखि २ सय १ भागसम्म आइपुग्दा विषयवस्तु तथा प्रस्तुतिमा निकै सुधार आएको छ। हामीले गर्ने समीक्षात्मक टिप्पणीहरू पहिलेजत्तिकै प्रभावकारी छन् तर म लचिलो भएको हो कि चलचित्रकर्मी सप्रिएका हुन्, उनीहरूले नै कार्यक्रम मन पराइरहेका छन्।

**आमदर्शकले कार्यक्रमको कुन सेग्मेन्ट मन पराएका छन् ?**

आमदर्शककै लागि निर्माण गरिएको यो कार्यक्रमको 'असिनेमा' भन्ने सेग्मेन्ट दर्शकले अत्यधिक रुचाएका छन्। त्यसबाहेक समीक्षात्मक टिप्पणी, कार्यक्रमको प्रारम्भिक तथा बिदाइको क्षणलाई पनि उत्तिकै मन पराइएको छ।

## ● सानो पर्दा ●

### राते काईंलाको आगमन

खलनायकका रूपमा चर्चित राते काइँला अर्थात सुनिल थापा पुनः सानो पर्दामा देखिन थालेका छन्। अघिल्लो वर्ष 'धुमुर्सको मामा' का रूपमा प्रस्तुत भएर दर्शकको मन जितेका थापा पुनः हास्यश्रृंखला 'मेरी बास्सै' मा पुरानै भूमिकामा प्रस्तुत भएका छन्। गत दसैंको श्रृंखलादेखि उनी पुनः यो श्रृंखलामा देखिन थालेका हुन्। यसबीच चलचित्रमा मात्र व्यस्त अर्का हास्यकलाकार रामचन्द्र अधिकारी पनि 'मेरी बास्सै' मार्फत नै सानो पर्दामा प्रवेश गरेका छन्।

### खोजी प्रतिभाको कुरा

नेपाल टेलिभिजनबाट प्रसारण हुने नयाँ रियालिटी शो 'खोजी प्रतिभाको' को काठमाडौं अडिसन सम्पन्न भएको छ। अघिल्लो साता गायन विधाको अडिसनमा सहभागी ३ सय २४ प्रतियोगीमध्ये अघिल्लो चरणका लागि १ सय ६५ जना छनौटसमेत भए। यसबीच गत शुक्रबार तथा शनिबार नेपाल टेलिभिजनको स्टुडियोमा प्रतियोगिताका थप दुई विधा अभिनय तथा नृत्यको अडिसन सम्पन्न भएको छ। कार्यक्रम निर्देशक तथा सञ्चालक दिनेश डिसीका अनुसार गत साताको अडिसनमा नृत्यतर्फ १ सय ५ जना नयाँ प्रतिभा सहभागी थिए भने अभिनयतर्फ ७० जनाको सहभागिता थियो। दुवै विधाबाट क्रमशः ५६ तथा ३६ जना अघिल्लो चरणका लागि छनौट भएका छन्। गत साताको अडिसनमा सुरेश अधिकारी, राजेशपायल राई, भुवन केसीका अतिरिक्त नीर शाह, दीपकराज गिरी, गौरी मल्ल तथा रिनाशा राई निर्णायकका रूपमा सहभागी थिए। साप्ताहिकको समेत सहभागिता रहेको यो कार्यक्रमको पोखरा अडिसन आगामी साता सञ्चालन गरिने निर्माता नेपाल टेलिभिजनले जनाएको छ।

### प्रेमचरीको पुनरागमन

हास्यकलाकार नारायण त्रिपाठीले पुनः एक पटक दर्शक हँसाउने भएका छन्। दिनेश डिसीको निर्देशनमा तयार भएको चर्चित हास्यश्रृंखला 'ट्वाक्क-टुक्क' मा 'प्रेमचरी' का रूपमा प्रस्तुत भएर दर्शकको मन जितिसकेका कलाकार त्रिपाठी यसपटक हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मार्फत दर्शकमाझ पुग्न लागेका हुन्। प्रेमचरीलाई आजै राति प्रसारण हुने 'झ्याइँकुटी झ्याइँ' मा देख्न पाइनेछ। हरेक शुक्रबार प्रसारण भैरहेको दमन रूपाखेतीद्वारा निर्देशित यो श्रृंखलामा प्रेमचरीले झ्याइँकुटीको कान्छा ससुराको भूमिका निर्वाह गर्दैछन्। करिब डेढ वर्षअघि अमेरिका गएका प्रेमचरी अघिल्लो महिना मात्र स्वदेश फर्किएका हुन्। 'नेपाल फर्किएपछि अभिनय गर्ने रहर पुनः जाग्यो, प्रेमचरी भन्छन्– 'दमन रूपाखेतीले कान्छा ससुराको भूमिका निर्वाह गर्ने प्रस्ताव गर्नुभयो, मैले नाइँ भन्न सकिनँ।' 'मेरो सहभागिताले श्रृंखलालाई कत्तिको फाइदा पुग्छ त्यो त भविष्यको कुरा हो,' त्रिपाठी भन्छन्– 'तर व्यक्तिगत रूपमा भने मलाई यसले प्रशस्त फाइदा पुऱ्याउनेछ।'




## ● विदेशबाट ●

### बिदाइका कुरा

स्टार प्लसको लोकप्रिय धारावाहिक 'बिदाइ...' का दर्शक संख्या दिन-प्रतिदिन बढ्दो छ। आगामी सोमबारदेखि शुक्रबार राति ९:१५ बजे प्रसारण हुने यो पारिवारिक श्रृंखलामा एउटा नयाँ मोड आउने भएको छ। श्रृंखलाको विकसित कथाअनुसार नायक रणवीर जेल जाने क्रममा छन् भने रागिनीको गर्भपतन हुँदैछ। भनिन्छ, दर्शक सहभागिता बढाउन यो श्रृंखलाको कथामा सामान्य परिवर्तन गरिंदैछ। रणवीरलाई जेल पठाउने प्रसंग श्रृंखलाको पहिलो परिवर्तन हुनेछ। साधनालाई जिस्क्याउने युवकहरूलाई हातपात गरेपछि रणवीर प्रहरीले गिरफ्तारीमा पर्ने दृश्य भर्खरै छायांकन गरिएको छ। यसबीच श्रृंखलाका अर्को नायक आलेखलाई पनि बिस्तारै स्वस्थ भएको देखाइँदैछ। रागिनीको गर्भपतनका बारेमा भने भर्खरै कथा लेखिएको छ।

### उद्घोषणमै रमाउँदैछन् राम

जिटिभीबाट प्रसारण भएको धारावाहिकका नायक राम कपुर पछिल्लो समयमा अभिनयको तुलनामा रियालिटी शोको उद्घोषणमा व्यस्त छन्। 'राखीका स्वयंवर' कार्यक्रममा उद्घोषणका रूपमा प्रस्तुत भएका रामले नै स्वयंवर भाग दुईअन्तर्गतको राहुल महाजनको स्वयंवरको कार्यक्रम 'राहुल दुल्हनिया ले जाएगा' को पनि उद्घोषण गर्ने भएका छन्। स्रोतहरूका अनुसार राम तथा कार्यक्रमका निर्माताबीच सम्झौता भैसकेको छ। राहुल महाजनको स्वयंवरको प्रसारण मंसिरको तेस्रो



सातादेखि प्रारम्भ हुनेछ। राहुल महाजनलाई आफ्नो सपनाको राजकुमार बनाउन स्वयंवरमा १६ जना युवतीले भाग लिंदैछन्। राखीको स्वयंवरमा उनलाई आवश्यक सल्लाह दिएर सहयोग गर्ने उद्घोषक रामले राहुललाई कस्तो प्रकारको सल्लाह दिने हुन्, हेर्न बाँकी नै छ। राहुलको यो स्वयंवरमा केही नायिकाले पनि सहभागिता जनाउन सक्ने अनुमान गरिएको छ। यो कार्यक्रम कलर्स टेलिभिजनबाट प्रसारण हुनेछ।

## जम्का भेट

सुनिल थापालाई अझै पनि 'राते काइँला' कै रूपमा चिनिन्छ। अठार वर्षअघि उनले चलचित्र 'चिनो'मा निर्वाह गरेको खलनायकको चरित्रले अहिलेसम्म पनि उनको परिचय कायम राखेको छ। त्योभन्दा दस वर्षअघि भारतीय अभिनेता कमल हसनको पहिलो हिन्दी चलचित्र 'एक दुजेके लिए'का मुख्य खलपात्रका रूपमा उनी बलिउड प्रवेश गरिसकेका थिए। उक्त चलचित्र सफल भए पनि सुनिल थापाले बलिउडमा आफूलाई स्थापित गराउन सकेनन्। तुलसी घिमिरेले 'चिनो'का रूपमा प्रस्ताव राख्नेबित्तिकै उनी तुरुन्त काठमाडौं आइहाले। खलनायक, हास्यअभिनेता, चरित्र अभिनेतासँगै नेपाली चलचित्र क्षेत्रमा उनको परिचय निर्माताका रूपमा पनि छ। हालै उनको सहभागितामा एउटा अन्तर्राष्ट्रिय स्तरको चलचित्र 'गड लिभ्स इन हिमालयाज' को निर्माण सम्पन्न भएको छ। यसै प्रसंगमा अभिनेता थापासँग सुव्रत आचार्यको जम्काभेट :



**'गड लिभ्स इन हिमालयाज' अंग्रेजी चलचित्र हो ?**

होइन, यो पूर्ण नेपाली चलचित्र हो, जसलाई अंग्रेजी र नेपाली दुइवटै भाषामा बनाइएको छ।

**शीर्षक त अंग्रेजी भाषामा छ नि त ?**

नेपाली शीर्षक खोज्दैछौं। दुरुस्त अनुवाद गर्दा त्यति मज्जाको लागेन। भाषाविद्, साहित्यकार तथा पत्रकारहरूसँग शीर्षकका बारेमा सरसल्लाह भैरहेको छ।

**किन त्यस्तो शीर्षक राख्नुभएको ?**

सानैमा अनाथ भएका बालबालिकालाई सम्झाउने उद्देश्यले 'तिम्रा बाबु वा आमा भगवान्कहाँ गएका छन्' भन्ने गरिएको छ। यसैलाई चलचित्रको मूल विषय बनाइएको छ। बालमनोविज्ञानमा आधारित कुल ९५ मिनेटको यो चलचित्रमा एउटा बालक भगवानकहाँ गएको भनिएका आफ्ना अभिभावकलाई खोज्न निस्कन्छ।

**निकै लगानी गरिएको छ रे ?**

ठीक सुन्नुभएछ। सामान्य नेपाली चलचित्रको लगानीभन्दा कमसेकम तीन गुणा बढी लगानी छ, तर म त नेपालका तर्फबाट निर्माता हुँ। अन्य मुलुकका निर्माता पनि छन्। यसको निर्देशन भारतका निर्देशक सञ्जय श्रीनिवासले गरेका छन्। चलचित्रको प्रविधि र प्राविधिक, कलाकारहरूको अभिनय आदि सामान्यभन्दा फरक छ। मैले पनि सेताम्मे केश फुलेको बूढाको भूमिका निर्वाह गरेको छु।

**किन यस्तो चलचित्रमा हात हाल्नुभएको ?**

अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा सहभागिता गराउन र अन्तर्राष्ट्रिय स्तरमा नेपालको परिचय गराउने किसिमको चलचित्रमा संलग्न हुनु मेरो धेरै अघिदेखिको रहर हो। यो चलचित्र निर्माणको कुरा चल्यो, म सहर्ष तयार भएँ। यसमा सबै नेपालकै कलाकार छन्। यो चलचित्रमा पूर्व मिसनेपाल माल्भिका सुब्बालगायत मेलिना मानन्धर र बालकलाकार विजोल गिरीको अभिनय छ। मलाई के लाग्छ भने यो चलचित्रमा नेपाली कलाकारहरूको अभिनय विश्वका प्रख्यात निर्माता तथा निर्देशकहरूले हेरिसकेपछि आगामी दिनमा उनीहरूलाई अन्तर्राष्ट्रिय स्तरबाट पनि प्रस्ताव आउनेछ।

**अब राते काइँलालाई बिर्साउने भूमिका निर्वाह नगर्ने ?**

त्यो त मेरो 'सिग्नेचर रोल' थियो। त्यही चर्चा सायद अब पाउँदिनँ होला, तर चर्चामा आउने किसिमका अन्य भूमिका भने अवश्य निर्वाह गर्नेछु। आफैं चलचित्र निर्देशन गर्ने तयारीमा जुटेको छु। 'गड लिभ्स इन हिमालयाज'को प्रदर्शन र साइन गरेका केही चलचित्रको काम सकिएपछि म आफ्नै निर्देशनमा चलचित्रको निर्माण थाल्छु।



## तुम मिले

बलिउडमा आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'तुम मिले' वास्तविक घटनामा आधारित छ। रोमान्सको श्रेणीमा राखिएको यो चलचित्रमा सिरियल किसरको उपाधि पाएका नायक इमरान हासमी तथा सोहा अलि खानले मुख्य भूमिका निर्वाह गरेका छन्। सोनी म्युजिक तथा विशेष फिल्म्सको ब्यानरमा तयार पारिएको यो चलचित्रको निर्देशन कुणाल देशमुखले गरेका हुन्।

मुकेश भट्टको लगानीमा निर्माण गरिएको यो चलचित्रमा प्रितमले संगीत दिएका छन्। नीरज श्रीधर, के के, जावेद अलि, मोहित चौहान आदि गायक-गायिकाले चलचित्रमा स्वर प्रदान गरेका छन्। मुम्बईमा आएको बाढीमा आधारित यो चलचित्रमा इमरान तथा सोहाका थुप्रै कामुक दृश्य समावेश गरिएको छ। चलचित्रको छायांकनका क्रममा सोहा तथा इमरानले मृत्युको सामना गर्नुपरेको बताइन्छ। चलचित्रको एउटा दृश्यमा दुवै जना गहिरो पानीमा गएर रोमान्टिक दृश्य दिनुपर्ने थियो। पानीभित्र बिजुलीको तार नांगो हुनु तथा बिजुलीको आपूर्ति कसरी बन्द गर्ने भन्ने कुराको जानकारी कसैलाई नभएकाले उनीहरू समस्यामा परेका थिए। जोखिम मोलेरै भए पनि दुवैले उक्त दृश्यको छायांकन पूरा गरेरै छाडेका थिए। चलचित्रमा इमरान तथा सोहाबीच एउटा अत्यन्तै कामुक चुम्बन दृश्यसमेत छ। दर्शकको आकर्षकका लागि उक्त दृश्य समावेश गरिएको निर्देशकको तर्क छ। चलचित्रमा बाढीकै क्रममा इमरान तथा सोहाबीच प्रेमसम्बन्ध स्थापित भएको कथा समेटिएको छ। इमरानलाई बलिउडकै सिरियल किसरको उपनाम प्राप्त भएकाले उनले अभिनय गरेको चलचित्रमा चुम्बन दृश्य समावेश हुनु नौलो मानिँदैन, तर सैफअलि खानकी बहिनी सोहाले हालसम्म कुनै पनि चलचित्रमा चुम्बन दृश्य दिएकी थिइनन्।



## २०१२

यो साता हलिउडमा प्रदर्शन हुने चलचित्र '२०१२' मा एउटा काल्पनिक कथा समेटिएको छ। वैज्ञानिकहरूले दाबी गरेअनुसार आगामी सन् २०१२ मा यो ब्रह्माण्ड नै ध्वस्त हुँदैछ। चलचित्र '२०१२' को कथा तिनै वैज्ञानिकहरूको दाबीको वरिपरि घुमेको छ। विश्वमै सन् २०१२ को जस्तो भयावह स्थिति यसअघि कहिल्यै नआएको दाबी पनि चलचित्रले गरेको छ। कुनै एउटा मात्र देशलाई होइन, विश्वका सम्पूर्ण देशमा मच्चिने हलचलमा आधारित यो चलचित्रलाई समीक्षकहरूले व्यग्रतापूर्वक प्रतीक्षा गरिरहेका छन्।

'टु थाउजेन्ट टुवेल्व' उपशीर्षकको यो चलचित्रको निर्देशन रोनाल्ड इम्रिचले गरेका हुन्। इम्रिच तथा हाराल्ड क्लोजरद्वारा तयार पारिएको कथामा निर्माण भएको यो चलचित्रको निर्माण पनि निर्देशक इम्रिचले नै गरेका हुन्। एक्सन, एड्भान्चर, साइन्स फिक्सन, फेन्टासी तथा थ्रिलर गरी विभिन्न आधा दर्जन श्रेणीमा राखिएको यो चलचित्रको छायांकन अमेरिका तथा क्यानडाका विभिन्न स्थानमा गरिएको हो। चलचित्रमा जोन कुसाक, अमान्डा पिट, चिवेटेल इजिफर, ओलिभर प्लाट, टम म्याकार्थी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

**• चलचित्र •**

## विष

निर्देशकका रूपमा शंकर घिमिरेद्वारा निर्देशित पहिलो चलचित्र 'विष' को प्रदर्शन आज शुक्रबारदेखि काठमाडौं उपत्यकामा हुँदैछ। घिमिरेकै निर्माणमा बनेको यो चलचित्रमा उनकी भावी पत्नी नायिका ऋचा घिमिरे मुख्य भूमिकामा छिन्। ऋचा यो चलचित्रमा लागूपदार्थ दुर्व्यसनीको भूमिकामा छिन्। निर्देशक घिमिरेका अनुसार चलचित्रको मूल विषय पनि लागू पदार्थको दुर्व्यसन हो। समाजमा विषका रूपमा युवापुस्ताको भविष्य अन्धकार बनाइरहेको लागूपदार्थको कारोबार तथा दुर्व्यसनबाट परेको नकारात्मक प्रभावलाई व्यावसायिक चलचित्रका रूपमा पस्केर निर्माता तथा निर्देशक घिमिरे समाजमा सकारात्मक सन्देश दिन खोजेको बताएका छन्। चलचित्रमा हङकङमा बसोबास गरिरहेका अभिनेता सुनिल पोखरेल तथा ऋचा जस्ता युवाको सहयोगबाट नायकत्रय राजेश हमाल, निखिल उप्रेती तथा सुशील क्षेत्री लागूऔषध कारोबारको गहिराइमा पुग्छन् र युवापुस्तालाई त्यस्तो बाटोमा लगाउने तत्त्वको पर्दाफास गर्छन्। सुनिल पोखरेलको कथामा बनेको यो चलचित्रमा सुरेश अधिकारी र दिनेश सुनामको संगीत, दिनेश न्यौपाने र किशोर ढकालको पटकथा/सम्वाद, रत्न ढकालको छायांकन, राजेन्द्र खड्गीको द्वन्द्व, बसन्त श्रेष्ठ र राजु शाहको नृत्य तथा शिव पुरीको सम्पादन छ। चलचित्रमा रेजिना उप्रेती र सञ्चिता लुइँटेलले पनि अभिनय गरेका छन्। यो चलचित्र जमलस्थित विश्वज्योति चलचित्र भवनलगायत राजधानीका आधाभन्दा बढी चलचित्र भवनमा एकसाथ प्रदर्शन हुँदैछ।






सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : साइबरसंसार डटकम
अनुष्का
ढकाल



WHITE MISCHIEF
ULTRA PURE VODKA
A little mischief. A lot of fun.
UNITED SPIRITS NEPAL PVT. LTD.

## २०६६ मंसिर
NOV-DEC 2009

| आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S | आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ 16 | २ 17 | ३ 18 | ४ 19 | ५ 20 | ६ 21 | ७ 22 | ८ 23 | ९ 24 | १० 25 | ११ 26 | १२ 27 | १३ 28 |
| १४ 29 | १५ 30 | १६ 1 | १७ 2 | १८ 3 | १९ 4 | २० 5 | २१ 6 | २२ 7 | २३ 8 | २४ 9 | २५ 10 | २६ 11 | २७ 12 |
| २८ 13 | २९ 14 | ३० 15 | | | | | | | | | | | |

## हेराइको विमोचन

गायक सुरज बस्नेतले गाएका पपगीतहरूको संग्रह 'हेराइ' को विमोचन गत शुक्रबार राजधानीमा आयोजित एक समारोहबीच सम्पन्न भएको छ। संग्रहको विमोचन वरिष्ठ संगीतकार शम्भुजित बाँस्कोटाले गरेका हुन्। विमोचन समारोहमा गायक बस्नेतले संग्रहका केही गीत गाएर उपस्थित दर्शक-श्रोताहरूलाई मनोरञ्जन प्रदान गरेका थिए। समारोहमा संगीता श्रेष्ठद्वारा निर्देशित विमोचित संग्रहको 'फूल राम्रो...' गीतको म्युजिक भिडियोको प्रथम प्रदर्शन समेत गरिएको थियो। कन्ट्री सङ शैलीमा गाइएकाले उक्त गीतको भिडियोलाई सन् '८० को दशकको छनक प्रदान गर्न खोजिएको निर्देशक श्रेष्ठ बताउँछिन्।

## दंग छन् लोकराज

अञ्जु पन्त तथा शिशिर योगीको स्वरले सजिएको गीत 'तिमीले पराई ठानेपछि...' गीत कम समयमै लोकप्रिय भएपछि यसका गीतकार लोकराज अधिकारी दंग परेका छन्। मोबाइलको कल रिङ ब्याक टोन (सिआरबिटी) मा हालसम्म २ लाख ९० हजार पटक डाउनलोड भएपछि गीतकार अधिकारी दंग परेका हुन्। सन्तोष श्रेष्ठद्वारा संगीतबद्ध यो गीत 'साधना' शीर्षकको गीतिसंग्रहमा समावेश छ।

## ब्यान्ड च्यालेन्ज दोस्रो चरणमा

स्प्राइट ब्यान्ड च्यालेन्ज प्रतियोगिता दोस्रो चरणमा प्रवेश गरेको छ। दोस्रो चरणका लागि २२ वटा सांगीतिक समूह छनौट भएका छन्। दोस्रो चरणका लागि झन्डै १ सयवटा सांगीतिक समूहले प्रतिस्पर्धा गरेका थिए। दोस्रो चरणबाट २२ वटा सांगीतिक समूहमध्ये १२ वटाको छनौट गरिनेछ। ब्यान्ड च्यालेन्जलाई नेपालकै लोकप्रिय सांगीतिक प्रतिस्पर्धा मानिंदै आएको छ। अघिल्लो वर्षको ब्यान्ड च्यालेन्जमा प्रतिस्पर्धा गरिसकेका इन्काउन्टर, रुबिकन, रकयुग, कलश, प्रनय, इन्फिनिटी, इरोअर उत्कृष्ट २२ का लागि छनौट भैसकेका छन्। यसबाहेक बापटिज्म, डेड बोन, ब्ल्याक आउट, द हाउस कल, संस्कृति, सोल, द ट्राभलर्स, द टाइम, द उल्का आदि समूहले पनि दोस्रो चरणमा प्रवेश पाएका छन्। दोस्रो चरणपछि उत्कृष्ट छ र अन्तिम प्रतिस्पर्धाका लागि तीनवटा समूह छनौट गरिनेछ।

## जगदीशको एकल साँझ

गायक जगदीश समाल सांगीतिक जीवनमै पहिलो पटक एकल गायन कार्यक्रममा सहभागी भएका छन्। गत बुधबार राजधानीमा आयोजित 'जगदीश समाल एकल सांगीतिक साँझ–२०६६' मा उनले आफ्ना एक दर्जनभन्दा बढी गीत-संगीत प्रस्तुत गरे। दरबारमार्गस्थित मालिंगो रेस्ट्रो गजलबारमा आयोजित सांगीतिक कार्यक्रममा उनले करिब दुई घण्टा आफ्ना कर्णप्रिय गीत प्रस्तुत गरेका थिए।

## खोजी लोकताराको

स्थानिय प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले हलेसी संगीत पाठशाला काठमाडौंको संयोजकत्वमा देशव्यापी लोकतारा खोजी अभियान सञ्चालन गरिएको छ। हालसम्म कास्की, गोरखा, लमजुङ, स्याङ्जा तथा तनहुँ जिल्लामा लोकताराको छनौट भैसकेका छन्। हलेसी संगीत पाठशालाका संयोजक आरबी लामाका अनुसार ७५ वटै जिल्लामा लोकगीत गायन प्रतियोगिता सञ्चालन गरिनेछ। प्रत्येक जिल्लाबाट छनौट भएका लोकताराहरूबीच सञ्चालन गरिने निर्णायक प्रतियोगिताबाट प्रथम हुने प्रतिभालाई 'लोकतारा' का रूपमा छनौट गरिनेछ।

## आम्दानी असहायलाई

एकल स्वर-सङ्गीतको ईश्वरभक्ति भजन सङ्ग्रहित भिसिडी 'ॐ नमः शिवाय' को बिक्रीबाट सङ्कलित रकम अनाथ, असहायको सहयोगार्थ खर्चिने गायिका राधिका श्रेष्ठले बताइन्। आधा दशकदेखि गायनमा सक्रिय रहँदै आएकी गायिका श्रेष्ठ आफ्नो तेस्रो आधुनिक गीतिसङ्ग्रहको तयारीमा छिन्।

## भजनलाई सम्मान

केशव-सुष्मा भजन ज्ञान गुठीले आफ्नो दसौं वार्षिकोत्सवको अवसर पारेर भक्ति संगीतमा लामो समयदेखि सक्रिय तीन संस्था तथा दुई संगीतकर्मीलाई सम्मान गरेको छ। गुठीले तीन शताब्दीदेखि भक्ति संगीतमा समर्पित बनेपाको चण्डेश्वरी भजन मण्डललाई महाशक्ति सम्मान, पोखराको भैरव सांस्कृतिक संरक्षण समितिलाई महादेव सम्मान तथा वाल्मिकी सेवा समिति श्रीकृष्ण भजन मण्डली भक्तपुरलाई महाबुद्ध सम्मान प्रदान गरिएको हो। सोही समारोहमा भीमबहादुर नकर्मी तथा बद्रीमान श्रेष्ठलाई विशेष सम्मान प्रदान गरिएको थियो। कार्यक्रममा गायक राज सिंह, गायिका संगीता शाक्य र चण्डेश्वरी भजन मण्डलले सांगीतिक प्रस्तुति दिएका थिए। समारोहमा केसु गुठीको दसौं प्रस्तुति भजन संग्रह 'मेरो मनमा राम' तथा सम्मानित भीमबहादुर नकर्मीको एकल रचना रहेको 'कसरी दर्शन पाऊँ' शीर्षकका दुई भजन संग्रह पनि गायक फत्तेमान, गुठीका अध्यक्ष केशवराज राजभण्डारी तथा गायक प्रेमध्वज प्रधानले संयुक्त रूपमा विमोचन गरेका थिए।

## हनुमानघाटमा उदयको गीत

गायक उदय सोतानले गाएको 'हजार जुनी तिमीसँग' गीतको छायांकन भक्तपुरको हनुमानघाटमा सम्पन्न भएको छ। म्युजिक भिडियोमा नायकको भूमिकामा मोडल दिलसन तथा नायिकाको भूमिकामा मोडल उषाले अभिनय गरेका छन्। भिडियोको निर्देशन वातावरण वैज्ञानिक तथा कल कान्तिपुरका सञ्चालक सुरज ठकुरीले गरेका हुन्। स्थानीय दुई महिला किसानलाई पनि भिडियो अभिनय गराइएको छ। उक्त गीतमा बिछोड भएका प्रेमी-प्रेमिकाको पुनर्मिलन घाटमा भएको कथा समेटिएको छ।

## कन्सर्टमा राजेश र ईश्वर

राजधानीको मानभवनस्थित शीतल रेस्टुराँमा आयोजित लाइभ कन्सर्टमा गायकद्वय राजेशपायल राई तथा ईश्वर गुरुङ (नमस्ते ब्यान्ड) ले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका छन्। गत साता आयोजित सांगीतिक साँझमा यी दुबैले करिव दुई घण्टा दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। गायक राजेशपायल भने गीत-संगीतका साथै क्यारिकेचरमार्फत दर्शकहरूलाई हँसाउन पनि सफल रहे।

## आनीको समाजसेवा

गायिका आनि छोइङ डोल्माले आफ्नो पछिल्लो गीतिसंग्रह 'आमा' बाट संकलन भएको रकम सोल्टिमोडस्थित एक वृद्धाश्रममा आश्रित वृद्धाहरूलाई हस्तान्तरण गरेकी छिन्। उक्त संग्रहका गीतका गीतकार तथा समता विद्यालयका संस्थापक प्रिन्सिपल उत्तम संजेलले गीतिसंग्रहको बिक्रिबाट संकलन भएका १ लाख १० हजार रुपैयाँ वृद्धावस्था व्यवस्थापन तथा सामाजिक कल्याण गुठीकी दिलशोभा श्रेष्ठलाई हस्तान्तरण गरेका थिए। हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको समेत उपस्थिति रहेको उक्त अवसरमा गायिका आनीले केही समयअघि मधुरिमा नेपालबाट सम्मानित हुँदा पाएको २५ हजार रुपैयाँ तथा एनआरएनको नारी निकुञ्जले प्रदान गरेको २५ हजारसहित ५० हजार रुपैयाँ पनि वृद्धाश्रमलाई हस्तान्तरण गरिन्।

## भक्तराजलाई पुरस्कार

भीमविराग संगीत साहित्य कला प्रतिष्ठान नेपालले बिजुलीमायाँ वन श्रेष्ठ राष्ट्रिय संगीत पुरस्कार-२०६६ वरिष्ठ गायक तथा संगीतकार भक्तराज आचार्यलाई प्रदान गर्ने भएको छ। प्रतिष्ठानको हेटौंडामा आयोजित पाँचौं वार्षिक साधारणसभामा यस्तो जानकारी दिइएको हो। बिजुलीमायाँ वन श्रेष्ठ राष्ट्रिय संगीत पुस्कारको राशि नगद ५० हजार रुपैयाँसहित सम्मान पत्र रहनेछ। यसवर्ष प्रतिष्ठानले तुलसीमायाँ शिवकुमारी सिर्जनशील नारी पुरस्कार, कमला भवानी संगीत पुरस्कार, बालप्रतिभा पुरस्कार, शिला नारी संगीत पुरस्कार र यसै वर्ष स्थापना गरिएको हर्षतर बज्राचार्य स्मृति स्वर्ण पुरस्कारसमेत प्रदान गर्नेछ। प्रतिष्ठानकी महासचिव सुशीला पाण्डेले भीमविरागको जन्मदिन माघ १५ गते हेटौंडामा विशेष कार्यक्रमको आयोजना गरी सबै पुरस्कार प्रदान गरिने जानकारी दिइन्। प्रतिष्ठानले आफ्ना क्रियाकलाप तथा भीमविरागको व्यक्तित्वलाई समेटेर स्मारिका प्रकाशन गर्ने तयारी भैरहेको पनि बताएको छ।

## ● म्युजिक अपडेट ●

### ज्याक्सनका बुवा बोलेपछि

किङ अफ पप माइकल ज्याक्सनले आफ्नो निधन हुनुभन्दा अघि तयार पारेको वारेसनामामा आफ्ना बुवा जो ज्याक्सनका लागि केही पनि छाडेका रहेनछन्। यो कुराको जानकारी पाएपछि ज्याक्सनका बुबाले हालै अमेरिकाको एउटा अदालतमा मुद्दा दायर गर्दै आफूलाई ज्याक्सनको सम्पत्तिबाट हरेक महिना केही रकम पाउनुपर्ने माग राखेका छन्। जोले प्रत्येक महिना १५ हजार डलर (करिब १० लाख रुपैयाँ) को माग गरेका छन्। ज्याक्सनको वारेसनामामा आफ्नो सम्पत्ति आमा क्याथरीन तथा उनका तीन जना सन्तानका अतिरिक्त केही रकम च्यारिटीलाई दिने कुरा उल्लेख छ, तर बुवा जोका लागि भने उनले केही पनि लेखेका छैनन्।

### भिक्टोरियाको सहयोग

सांगीतिक समूह स्पाइस गर्ल्सकी गायिका तथा फुटबलर डेविड बेकह्यामकी श्रीमती भिक्टोरिया बेकह्याम पुनः एक पटक चर्चामा छिन्। भिक्टोरिया यसपटक कसैलाई सहयोग गरेका कारण चर्चामा आएका हुन्। अमेरिकामा घर खोज्दा-खोज्दा हैरान भएकी सुपरमोडल केट मसलाई भिक्टोरियाले एउटा घर खोजिदिएर यस्तो सहयोग गरेकी हुन्। सूत्रका अनुसार भिक्टोरियाले केटलाई घर दिलाउन प्रशस्त मेहनत गर्नु परेको थियो।

### ब्रिट्नीको तेस्रो विवाह ?

अमेरिकी गायिका ब्रिट्नी स्पेयर्सले तेस्रो विवाह गर्ने समाचार सार्वजनिक भएको छ। एउटा वेबसाइटमा अपलोड गरिएको समाचार अनुसार ब्रिट्नीको औंलामा इन्गेज्मेन्टको नयाँ औंठी देखिएको छ। आफ्ना नजिकका साथी जेसन ट्रविकसँग उनले तेस्रो विवाह गर्न लागेको बताइन्छ। तेस्रो विवाहको समाचारलाई गायिका स्पेयर्सले पुष्टि नगरे पनि पछिल्ला केही महिनायता ब्रिट्नी तथा जेसनलाई सँगसँगै देखिन थालेको छ। यसबीच ब्रिट्नीकी आमाले पनि छोरीको घरजम भएको देख्न चाहेको बताएपछि उनको विवाहको सम्भावना बढेको दाबी गरिँदैछ।



विदेशबाट

### जेसिकाको रोजाइ

अमेरिकी गायिका तथा नायिका जेसिका सिम्पसनले बलिउड नायिका नेहा धुपियालाई आफ्नो नयाँ सांगीतिक कार्यक्रमको एउटा महत्त्वपूर्ण अंगका रूपमा चयन गरेकी छिन्। जेसिकाको नयाँ सांगीतिक कार्यक्रममा नेहा भारतीय ब्रान्ड एम्बेसडरका रुपमा सहभागी हुनेछिन्।

## ● साताको स्वर ●



### बादल प्रसाईं

**'म बादल तिमी वर्षा....' कस्तो गीत हो ?**
यो पप शैलीमा आधारित रोमान्टिक गीत हो।

**गीतमा कस्ता भावना समेटिएका छन् ?**
बादल र वर्षाजस्ता प्राकृतिक कुरालाई माया-प्रेमसँग तुलना गरिएको छ।

**यो गीत कस्ता श्रोताका लागि गाउनुभएको हो ?**
पप संगीत सुन्ने पुस्ताका लागि नै मैले यो गीत गाएको हुँ, तर भिडियो प्रदर्शन भएपछि प्रायः सबै उमेरका श्रोताले यसलाई मन पराएका छन्।

**श्रोताले गीतको कुन पक्ष मन पराएका छन् ?**
गीतको शब्द सबैभन्दा बढी मन पराइएको छ। यसबाहेक संगीत तथा स्वरको प्रशंसा गर्नेहरू पनि प्रशस्त छन्।

**म्युजिक भिडियोचाहिं कस्तो बनेको छ ?**
निर्देशक प्रसन्न पौडेलले गीतको मर्मअनुसारकै भिडियो बनाएका छन्। भिडियोकै कारण गीतले लोकप्रियता हासिल गरेकोमा म सन्तुष्ट छु।

## ● अफबिट ●



मन पराउने हजार भेटिन्छन्, जुनी काट्ने एउटै हुन्छ : **गायक रामकृष्ण ढकाल आफ्नी पत्नी नीलमसँग। तस्बिर : नवराज वाग्ले**

## ● ब्याण्ड ●




नेपाली सांगीतिक समूहहरू माझ 'सुकर्म' ले आफ्नो पृथक् पहिचान बनाएको छ। शास्त्रीय संगीतमा आधारित धुनहरू मात्र प्रस्तुत गर्ने यो समूहले राजधानी काठमाडौंमा मात्र दर्जनौं एकल सांगीतिक कार्यक्रम प्रस्तुत गरिसकेको छ। सामान्यदेखि विशिष्ट श्रेणीका व्यक्तिलाई पनि सुकर्मले आफ्ना कर्णप्रिय धुनमार्फत लोभ्याउने क्रम जारी छ। सुकर्म नेपाली लोक तथा शास्त्रीय धुनलाई फ्युजन गरेर श्रोतालाई लठ्याउने संगीत सिर्जना गर्न सिपालु छ। संगीतमार्फत नै नेपालको कला तथा संस्कृतिलाई विश्वव्यापी बनाउँदै आएको यो समूहमा अहिले तीन जना संगीतकर्मी आबद्ध छन्। समूहमा डा. ध्रुवेशचन्द्र रेग्मी सितारवादकका रूपमा सक्रिय छन् भने प्रमोद उपाध्याय तबलावादक हुन्। श्याम नेपालीचाहिं सारंगीवादकका रूपमा कार्यरत छन्। समूहले हालसम्म आधा दर्जनभन्दा बढी सांगीतिक धुनको संग्रह सार्वजनिक गरिसकेको छ। प्रत्येक दसैंमा कर्णप्रिय मालश्री धुन प्रस्तुत गरेर श्रोताहरूको मन जितिरहेको सुकर्मले कर्म, किराँतेश्वर, घाँसी, मुस्ताङ, उपासनाजस्ता सांगीतिक धुनहरूको संग्रह बजारमा ल्याइसकेको छ।



चकलेटको लोकप्रियता बढाउन फेसनको राजधानी पेरिसमा हालै चकलेटबाट तयार पारिएका पोसाकहरूको प्रदर्शनी सम्पन्न भयो। प्रदर्शनीमा फेसन डिजाइनरहरूले चकलेटबाट तयार पारिएका आभूषण, टोपी तथा पोसाकहरू राखेका थिए।

**तस्बिर : एजेन्सी**


● पहिलो विश्व ●

## कहिले भयो कुमारित्व भंग



चर्चित निर्देशक रोमान पोलानेस्कीले चलचित्र क्षेत्रमा प्रवेश गर्ने क्रममा रहेकी १३ वर्षीया किशोरी सामन्था गेइनरसँग यौनसम्पर्क राखेपछि उनले अमेरिकी कानुनअनुसार क्षतिपूर्ति तिरे। उक्त घटनाको एक दशकपछि उनी स्वीजरल्यान्डमा आयोजित चलचित्र महोत्सवमा सहभागी हुन जाँदा पक्राउ परे। उनको पक्राउसँगै अहिले किशोरीहरूले कुन उमेरमा आफ्नो कुमारित्व भंग गर्दा कानुनले दण्डित गर्दैन भन्ने बहस प्रारम्भ भएको छ। कतिपय यौन विश्लेषकले किशोर-किशोरीले आपसी सहमतिमा जुनसुकै उमेरमा पनि आफ्नो कुमारित्व गुमाउन सक्छन् भनेका छन्। अझ चलचित्र क्षेत्रमा आपसी सहमतिमा किशोरीले कुन उमेरमा आफ्नो कुमारित्व भंग गर्छिन् भन्ने कुरा उनीहरूकै निर्णयमै भर पर्ने उनीहरू बताउँछन्। यो प्रसंग चर्चामा आएपछि एक संचार-माध्यमले हालै हलिउडका नायिका तथा गायिकाहरूले आफूले कुमारित्व भंग गरेको उमेरलाई सूचीकृत गरेको छ। उक्त सूचीअनुसार यूएस म्यागजिनलाई अन्तवार्ता दिने क्रममा एन्जेलिना जोलीले १४ वर्षमा आफूले कुमारित्व भंग गरेको बताएकी थिइन् भने सोही म्यागजिनका विभिन्न अंकमा फर्गीले १८ वर्षमा, केली ओस्ब्रुनोले १३ वर्षमा, लिल बेनीले १३ वर्षमा, म्यागना फक्सले १७ वर्षमा, पेरिस हिल्टनले १५ वर्षमा, सियना मिलरले १६ वर्षमा तथा उड्डी हार्लिसनले १७ वर्षमा कुमारित्व भंग गरेको कुरा सगौरव बताएका थिए। यसैगरी ब्रुक शिल्डले हेल्थ म्यागजिनलाई २२ वर्षमा, ड्यानियल र्‍याडक्लिफले यूएस विक्लीलाई १६ वर्षमा आफूले कुमारित्व भंग गरेको बताएका थिए।

## मेवाको लिंग परिवर्तन गर्न



विज्ञानले मानव तथा विभिन्न जनावरको लिंग परिवर्तनमा सफलता हात पारिसकेका छन्। अहिले विज्ञान फलफूलका बोट-बिरुवाको लिंग परिवर्तन गर्ने अभियानमा लागेको छ। अमेरिकाको युनिभर्सिटी अफ इलिनोसिसले मेवाको लिंग परिवर्तन गर्न वैज्ञानिकहरूको एक समूहलाई हालै ३१ लाख अमेरिकी डलर (२३ करोड २५ लाख रुपैयाँ) दिने घोषणा गरेको छ। वैज्ञानिकहरूले मेवाका विभिन्न जात-जातिमा तीन किसिमको लिंग रहेको पहिचान गरेका थिए। वैज्ञानिकहरूका अनुसार मेवाको बिरुवामा भाले, पोथी र दुवै किसिमको लिंग हुन्छ। उनीहरूका अनुसार भाले र पोथी अलग लिंग भएका बोटबाट उत्पादन हुने मेवा स्वादिलो नभए पनि दुवै लिंग भएको मेवा अत्यधिक स्वादिलो हुन्छ। यदि भाले र पोथी अलग लिंग भएका मेवामा विपरीत लिंग राख्न सके मेवा स्वादिलो हुने वैज्ञानिकहरूको ठहर छ। यदि मेवामा दुवै किसिको लिङ्ग राखेर बिरुवा उत्पादन गर्न सकियो भने यसको खपत बढ्ने आशा कृषकहरूको छ।

### अन्त्यमा...

तस्बिरलाई राम्रोसँग हेर्नुहोस् त, एक निर्वस्त्र पुरुष झ्यालको छेवैको एसीमाथि उभिएको छ। अत्यधिक गर्मी लागेका कारण एसीमाथी निर्वस्त्र उभिएको होला भनेर यो दृश्य देख्ने धेरैले उसको तस्बिरसमेत खिचे, तर घटना बुझ्दै जाँदा उक्त कुरा झूटो ठहरियो। चीनकी एक महिला श्रीमान् कार्यालय गएको मौका पारी परपुरुषलाई घरमा बोलाएर यौनसम्बन्ध राख्थिन्। एक दिन श्रीमान् अफिस समयभन्दा चाँडै घर आइपुग्दा ती महिला परपुरुषसँगै कोठामा थिइन्। उनलाई परपुरुषलाई लुकाउन हम्मे-हम्मे पर्‍यो र उनले झ्यालबाट बाहिर रहेको एसीमाथि ती पुरुषलाई पठाइन्। ती पुरुष एसीमाथि निर्वस्त्र उभिएको देखेपछि पैदल यात्रुहरूले तस्बिर खिच्न थाले, तर पछि घटना थाहा पाएपछि ती महिलाका श्रीमान्ले आफ्नी श्रीमती र ती पुरुषको क्रियाकलाप सार्वजनिक गर्न उक्त तस्बिरलाई इन्टरनेटमा राखिदिए।



## नारीको कात्तिक अंक



# नेपाल भाषाको सांगीतिक रमझम



नुवाकोटमा नेवार समुदायको बाक्लो बसोबास छ, तर मातृभाषा जान्नेहरूको संख्या भने पातलो । यहाँ नेपाल भाषा जान्नेभन्दा नजान्ने नै धेरै छन् । नेपाल भाषा जान्ने युवापुस्ता कम भए पनि बूढापाका त बोल्छन् ।

यही मेसोमा युवाहरूमा भाषिक मोह जगाउन नुवाकोटको बट्टारमा नेपाल संवत् ११३० का अवसरमा भिन्तुना सांस्कृतिक कार्यक्रम शुक्रबार सम्पन्न भएको छ । कमै सांगीतिक कार्यक्रम हुने नुवाकोटमा नेपाल भाषाको मात्र सांगीतक कार्यक्रम यसअघि सायदै भएको थियो । नेपाल भाषा बुझ्ने मात्र होइन, नबुझ्ने अरू जातका मानिस पनि बट्टारको पुरानो बजारमा भिन्तुना सांस्कृतिक कार्यक्रमको मज्जा लिन सहभागी भएका थिए ।

बतार पासा पुचः र चःमति नेवा खल काठमाडौंको संयुक्त आयोजनामा भएको कार्यक्रममा गायिका सरस्वती महर्जन, श्याम महर्जन, रत्नशोभा महर्जन, लक्ष्मी महर्जन आदिले नेपाल भाषाका सुमधुर गीत-संगीतसँगै नृत्य पनि प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए । परम्परागत पोसाकमा सजिएका युवायुवतीहरूले बजारमा रौनक थपेका थिए ।

सांगीतिक कार्यक्रमअघि बट्टार र त्रिशूलीका नेवारहरूले परम्परागत धिमे बाजा बजाएर बजारलाई नै संगीतमय बनाइदिएका थिए । नेपाल भाषा ठ्याक्कै नबुझे पनि संगीतको भाषा बुझेर नेवारी गीतमा झुम्नेहरू धेरै थिए ।

– **नवदीप अजनवी**

# अर्जुनधारामा मेला



झापा- पूर्वको पशुपतिनाथका रूपमा परिचित अर्जुनधारा जलेश्वर धाममा विगतका वर्षहरूझैं यसपटक पनि लागेको बृहत् धार्मिक मेलाका कारण धाम निकै गुल्जार देखिएको छ । कात्तिक १९ देखि २९ गतेसम्म यहाँ २७ औं वार्षिक महोत्सव भैरहेको छ ।

महोत्सवमा महाभारत कथा र रुद्रयज्ञ, धान्याञ्चल महायज्ञ, विश्व शान्तिको कामनासहित यज्ञकुण्ड हवनजस्ता धार्मिक कार्यक्रम भैरहेको जलेश्वरधाम मन्दिर व्यवस्थापन समितिका सचिव अम्बिकाप्रसाद खतिवडाले जानकारी दिए । खतिवडाले महेशसंन्यास आश्रम देवघाट धामका पीठाधीश डा. रामानन्द गिरीले दैनिक २ घण्टा प्रवचनका साथै विभिन्न धार्मिक भजन-कीर्तन भैरहेको बताए ।

यही कात्तिक २८ गते बालाचर्तुदर्शीका दिन धाम अझ बढी गुल्जार हुने स्थानीय पत्रकार दिपिन राई बताउँछन् । राई भन्छन्, 'त्यस दिन त मन्दिरमा खुट्टा राख्ने ठाउँ पाउन पनि गाह्रो पर्छ ।' धामका पीठाधीष आचार्य पुष्पलाल निरौलाले बालाचतुर्दशीका दिन २५ लाखभन्दा बढी भक्तजन भित्र्याउने लक्ष्य रहेको बताए । उनका अनुसार गत वर्ष आन्तरिक र बाह्य गरी १५ लाख श्रद्धालु आएका थिए । 'यस पटक २५ लाख पुऱ्याउनेछौं', निरौला बताउँछन् । भारतको दार्जीलिङ, सिक्किम, आसाम, भुटान तथा नेपालका विभिन्न स्थानबाट यहाँ श्रद्धालु आउने गरेका छन् ।

अर्जुनधारा जलेश्वरधाममा २०४० सालदेखि धार्मिक अनुष्ठान हुँदै आएको छ । ऐतिहासिक गाथा महाभारत ग्रन्थ यही कात्तिक १९ गतेदेखि १८ औं महापुराणका व्याख्याकार धामका व्यासाचार्य आचार्य पुष्पलाल निरौलाले पूराणवाचनका साथ सांगीतिक मधुर भजन सुनाइरहेका छन् ।

**ऐतिहासिक पृष्ठभूमि**

अर्जुनधारासँग महाभारत-कालीन इतिहास जोडिएको छ । कौरव र पाण्डवको युद्धताका अर्जुन गाई चराउँदै यस क्षेत्रमा आइपुगेको र गाईलाई तीर्खा लागेपछि कतै पानीको मुहान नभेटिएपछि अर्जुनले वाण हानेर पानीको पोखरी नै निर्माण गरेको किंवदन्ती रहँदै आएको छ ।

२०२३ सालमा खडेबाबा नामका एक साधुले यस क्षेत्रलाई धार्मिक स्थलका रूपमा विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । खडेबाबाले यहाँ शिवको बास छ, एक शिवालय खडा गरे उत्तम भन्ने उद्घोष गरेपछि धार्मिक स्थलका रूपमा यस क्षेत्रलाई विकास गरिएको धामका प्रचार संयोजक चतुर्भुज काफ्ले बताउँछन् ।

**–पर्वत पोर्तेल**



# मिस नेवा : कलिङ

हिजोआज नेवार समुदायको बाक्लो बस्ती भएका स्थानहरूमा मिस नेवाः २००८ को ताज पहिरिएकी आकाशा बज्राचार्यको तस्बिर अंकित पोस्टर जतातत्तै देख्न पाइन्छ । केही टेलिभिजन स्क्रोलिङमा र एफएम फ्रिक्वेन्सीमा मिस नेवाः सम्बन्धी विज्ञापन हेर्न र सुन्न पाइन्छ । प्रसंग मिस नेवाः प्रतियोगिताको पाँचौं संस्करण अर्थात् मिस नेवाः २००९ को हो । नयाँ पुस्ताका युवतीहरूमा नेवार समुदायको कला, संस्कृति, परम्परा, भाषा, रीतिरिवाजसम्बन्धी सचेतता जगाउने, त्यससम्बन्धी महत्त्व बुझाउने, त्यसको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा टेवा दिने उद्देश्यले नेप्लिज फेसन होमले आयोजना गर्दै आएको मिस नेवाः प्रतियोगिताको यस पटकको संस्करणको तयारी आरम्भ भएको छ । यो प्रतियोगिताले नेवार युवतीहरूको प्रतिभा प्रस्फुटन, उनीहरूको आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकास, नेतृत्वदायी क्षमताको अभिवृद्धि आदि उद्देश्य पनि लिएको आयोजक संस्था नेप्लिज फेसन होमले जनाएको छ ।

आगामी पुस १५ गते कमलादीस्थित प्रज्ञाभवनको डबलीमा सम्पन्न हुने यो प्रतियोगिताका लागि आवेदन फारम खुल्ला गरिएको छ । १६ देखि २२ वर्ष उमेर समूहका नेवार युवतीहरूमा लक्षित यो प्रतिस्पर्धामा प्रतियोगिताका लागि आवश्यक आधारभूत प्रशिक्षणका अतिरिक्त नेपाल भाषा, लिपि, नेवार समुदायको कला, संस्कृति, परम्परासम्बन्धी पक्षमा पनि प्रतिस्पर्धीहरूलाई प्रशिक्षण एवं जानकारी प्रदान गरिनेछ । नेवार समुदायको सामाजिक एवं सांस्कृतिक सेरोफेरोमा आयोजना गरिँदै आएको प्रतियोगितामा यसअघि सविता श्रेष्ठ, सुविता पधान, सुप्रिया तुलाधर तथा आकाशा बज्राचार्यले मिस नेवाःको उपाधि जितिसकेका छन् ।

# हरायो मारुनी

**विप्लव भट्टराई**

इलाम- उत्तरी माईपाखरीमा हरिबोधनी एकादशीका अवसरमा भव्य मेला लागेको थियो । पूजाआजा, दृश्यावलोकन, घुमघाम र खेलबाडमा झुम्नेहरू धेरै थिए । त्यसबीचमा एउटा झुन्ड भने पोखरीको फन्को मार्दै मारुनी भाका र नाचको पछिपछि लागेको देखिन्थ्यो । लोप हुँदै गएको मारुनी भाका मेलाको आकर्षण बन्यो । विगतमा प्रचलित यो भाका गाउँमा गुञ्जन छाडेकाले धेरैलाई रमिता बनेको हो । स्थानीय एक समूह तिहारको औंसीमा सुरु गरेर त्यसदिन मारुनी नाचको विधिवत् समापन गर्दै थियो ।

मारुनी भाका जिल्लाका केही उत्तरी गाउँमा मात्र देख्न-सुन्न पाइन्छ । नयाँ पुस्ताले मारुनी गाउन र नाच्न छाडेकाले परम्परा थेग्न लागिपरेको स्थानीय अमृत विकले बताए । 'दुई सातासम्म निरन्तर मादल ठोकेर भए पनि ठिनी जोगाएकै छौं', उनको भनाइ थियो, 'कठिन नियम र परिधि भएकाले बूढापाकाले मात्र बिंडो थामेका छौं ।'

तिहारको औंसीदेखि निरन्तर देउसी खेल्दै मारुनी नाचेका उनीहरूको समूह अन्तिम दिन पनि व्यस्त थियो । पवित्र माईपोखरी परिसर वरिपरि श्रद्धालुहरूको घुइँचो भएको स्थानमा आफ्नो रैथाने परम्परागत भाका र मारुनी नाच्दा उनीहरू बेफुसर्दिला भए । लामो सांगीतिक यात्राले गाला र ओठ फुटेको, महिला लुगा यस्तै-यस्तै स्थितिमा उनीहरूको मारुनी जमेको थियो ।

अन्यत्र देख्न छाडिएको यो नाच स्थानीय परम्परा नै बनेको छ माइपोखरी मेलामा । काठको कालो मकुन्डो, काठकै विभिन्न हतियार, नेपाली पोसाक, मादल र झ्यालीजस्ता वाद्यसामग्रीसहितको झन्डै एक दर्जनको समूहमा रहेकाहरूले सबैको मन तानेका थिए ।

'रक्षागर माई भवानी पऱ्यौं तिम्रै शरणमा' भजनजस्तै गीत गाउँदा श्रद्धालुहरूले मन फुकाएर सहयोग गरेका थिए । झन्डै दुई दशकदेखि मारुनी नाच्दै आएको यो समूहले परम्परा थाम्दै आएको हो । पूर्वको प्रमुख धार्मिक केन्द्र माईपोखरीमा निकालिएको यो मारुनी नाचमा स्थानीय स्थान र तीर्थस्थलहरूको बयान पनि महत्त्वपूर्ण मानिन्छ ।

'यो भाका र नाचका नियम कडा छन्,' मारुनी खोजकर्ता गायक इन्द्र गुरुङ भन्छन्, 'सुरुमा भाका संकलनका लागि कष्ट झेल्नुपऱ्यो ।' माईपोखरीमा गाइने र नाचिने यो भाका सक्कली भएको उनको बुझाइ छ ।'

केटाले केटीको पहिरन फरिया र चौबन्दी लगाएर हातमा झर्के थाल घुमाउँदै छमछम नाचेको देख्दा इलाम बजारका रोशन कर्मचार्यले इतिहास सम्झिए । पुरसुने (मारुनीको ठट्यौली पात्र) को भूमिकामा राजधानीलगायत देशभर घुमेका कर्मचार्य हिजोआज यस्तो देख्न पाइन छाडेकोमा चिन्ता व्यक्त गर्छन् ।



# रवीन्द्र र रजनीलाई उपाधि

**साप्ताहिक समाचार**

काठमाडौं– अधिकांश सौन्दर्य प्रतियोगिताको निर्णायक चरणमा प्रतियोगीलाई 'तपाईंले देशका लागि के-के गर्ने योजना बनाउनुभएको छ ?' भन्ने प्रश्न सोधिन्छ, तर गत शुक्रबार राजधानीमा सम्पन्न 'मिस्टर एन्ड मिस काठमाडौं– २००९' को निर्णायक चरणमा पुगेका पाँच जना पुरुष मोडललाई टेलिभिजनकर्मी नवराज आचार्यले यही प्रश्नलाई केही घुमाउरो पारामा सोधे, 'तपाईंले अहिलेसम्म देशका लागि के गर्नुभयो ?'

निर्णायकबाट असामान्य प्रश्न आएपछि पाँचै जना प्रतियोगीले मुखामुख गरे । प्रश्न सजिलो थियो तर लिखित रूपमा तत्काल जवाफ दिन गाह्रो पर्‍यो । अचम्म त त्यसबेला भयो, जब जवाफ दिने क्रममा अधिकांशले आफ्नो भविष्यको योजना सुनाए, तर इमाडोल, ललितपुरमा बसोबास गर्ने हस्पिटालिटी म्यानेजमेन्टका विद्यार्थी रवीन्द्र सिंहले चाहिं आफूले देश र समाजका लागि हालसम्म गरेका कार्यहरूको फेहरिस्त प्रस्तुत गरेपछि उनैलाई 'मिस्टर काठमाडौं– २००९' छनौट गर्न गाह्रो परेन । त्यसो त रवीन्द्रले परिचयात्मक चरणदेखि नै निर्णायक तथा उपस्थित दर्शकलाई प्रभावित तुल्याइरहेका थिए । निर्णायक चरणअघि कार्यक्रमका उद्घोषक रोजिन शाक्यले प्रेक्षालयमा भेला भएका दर्शकमध्ये १० जनालाई 'भ्युअर्स च्वाइस एवार्ड' को हकदार छनौट गर्न आग्रह गर्दा सात जनाले



रवीन्द्र सिंहकै पक्षमा मत दिएपछि अन्तिम नतिजा नआउँदै उनले 'भ्यूअर्स च्वाइस मिस्टर काठमाडौं' को उपाधि जितिसकेका थिए । पछि उनले मिस्टर काठमाडौंसहित मिस्टर 'मस्ट पपुलर' विधाको शीर्षक एवार्ड पनि जिते ।

मिस काठमाडौंतर्फ लुभु, ललितपुरकी रजनी महर्जनले बाजी मारिन् । निर्णायक चरणमा चलचित्र अभिनेता जीवन लुइँटेलले सोधेको एउटा प्रश्नको आकर्षक जवाफ दिएपछि १८ वर्षीया रजनीले मिस काठमाडौं- २००९ को मुकुट पहिरिएकी हुन् । उनले मिस ट्यालेन्टको शीर्षक उपाधि पनि जितिन् । ट्यालेन्ट शोमा उनले शास्त्रीय नृत्य प्रदर्शन गरेकी थिइन् । प्रतियोगितामा नीरज श्रेष्ठ तथा सोनी तामाङले फस्ट रनर्सअपको उपाधि जितेका थिए भने राजु महर्जन तथा रजनी तामाङले सेकेन्ड रनर्सअपमा चित्त बुझाए ।

दिनेश शाही तथा चाँदनी लामिछानेद्वारा कोरियोग्राफी गरिएको उक्त कार्यक्रममा आगन्तुक खरेल तथा मिङ्मा शेर्पाले गीत सुनाएकाका थिए भने दुई दर्जन व्यावसायिक तथा बालमोडलहरूले तीन वटा सिक्वेन्समार्फत विभिन्न पहिरन प्रदर्शन गरेका थिए ।

# रेडियो कान्तिपुरको संगीत सम्मान

**साप्ताहिक समाचार**



काठमाडौं– रेडियो कान्तिपुरले आज शुक्रबार नेपाली सांगीतिक क्षेत्रका लोकप्रिय संगीतकर्मीहरूलाई सम्मानित गर्दैछ । आफ्नो ११ औं वार्षिकोत्सवको अवसर पारेर आयोजना गर्न लागिएको एउटा विशेष समारोहमा वर्षभरिका उत्कृष्ट संगीतकर्मीहरूलाई सम्मान गर्न लागिएको हो ।

रेडियो कान्तिपुरका स्टेसन मेनेजर प्रभात रिमालका अनुसार यसपटक रेडियो कान्तिपुरले विभिन्न १३ विधामार्फत् संगीतकर्मीहरूलाई सम्मानित गर्नेछ । 'वास्तवमा यो रेडियो कान्तिपुरका श्रोताले सर्जकलाई गरेको सम्मान हो । रेडियो कान्तिपुर एउटा माध्यम मात्र हो, रिमाल भन्छन्- 'श्रोताकै अनुरोधमा सबैभन्दा बढी बजेका गीतहरूलाई विभिन्न १२ विधामा विभाजन गरेर सम्मान गरिन लागिएको हो ।' सम्मानको १३ औं विधा 'लाइभ टाइम एचिभ्मेन्ट



एवार्ड' को हुनेछ । यसपटक रेडियो कान्तिपुरले उत्कृष्ट गायक, गायिका, रचनाकार, संगीतकार, चलचित्र संगीत, पार्श्व गायक, गायिका, लोक गीत आदि विधाका उत्कृष्ट सर्जकलाई सम्मान गर्नेछ ।

आज दिउँसो ठीक ४:३० बजे रेडियो कान्तिपुर तथा कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण सहित प्रारम्भ हुने यो विशेष समारोह साँझ सात बजेसम्म जारी रहनेछ । कार्यक्रमलाई संगीतमय बनाउन झण्डै एक दर्जन गायक-गायिकाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन् । कार्यक्रममा नवीन के भट्टराई, सुगम पोखरेल, रविन तामाङ (रविन एण्ड न्यू रेभुलुसन), मुक्ति शाक्य (मुक्ति एन्ड रिभाइवल), दीपक बज्राचार्य, दीपक थापा, सनुप पौडेल, निमा रुम्बा, रेखा शाह, श्रेया सोताङ, प्राश्ना शाक्य, मनोज केसी (१९७४ एडी) आदिले गीत-संगीत प्रस्तुत गर्नेछन् ।

# स्विट लिटल लेडी




पोखरा- 'गुलमोहर टेक्निकल फेसन इन्स्टिच्युट' द्वारा आयोजित 'स्विट लिटल लेडी- २००९' मा १३ जनाको सहभागिता थियो भने उनीहरूलाई चार साता लामो कडा प्रशिक्षण दिइएको थियो । यस क्रममा एन्करिङमा सुरज बराइली, लिडरसिपमा अन्जित गुरुङ, नृत्यमा आशिष दास, फेसन रोशन थापा, सौन्दर्य कविता शाही तथा फोटोग्राफीमा गणेश खड्काले प्रशिक्षण दिएका थिए । ११ देखि १५ वर्षसम्मका बालिकाहरू पोखरा पार्टी प्यालेसमा सम्पन्न प्रतियोगिताको कोरियोग्राफी 'मिस जनजातिका' प्रतियोगी मिस निर्मला गुरुङ र मिस अनिता थापाले गरेका थिए ।

कार्यक्रममा विभिन्न विद्यालयका १३ जना विद्यार्थी प्रतिस्पर्धी थिए । करिब ६ घण्टा चलेको कार्यक्रममा विजेता को हुने हो, दर्शकहरूलाई कौतूहल लागिरहेको बेला निर्णायकहरूले सोधेका प्रश्नको उत्तर दिँदै वर्ष १५ की सचिना गुरुङ यस वर्षकी 'स्वीट लिटल लेडी– २००९' को मुकुट पहिरिन् । १२ जना प्रतिस्पर्धी साथीहरूलाई पछि पार्दै उपाधि विजेता सचिना गुरुङले खुसीका आँसु झार्दै भनिन्- 'आफूमा आत्मविश्वास थियो, अति नै खुसी छु ।' उपाधिसँगै उनले बेस्ट डिसिप्लिनको उपाधि पनि हात पारिन् । फस्ट रनर्सअपको ताज सुश्री करिश्मा गुरुङ, सेकेन्ड रनर्सअपको ताज रिना गुरुङ, मिस ट्यालेन्टको ताज सुजना गिरी, मिस क्याटवाक र पर्सनालिटी सम्झना गुरुङ, बेस्ट ड्रेसअप कञ्चन गुरुङ, बेस्ट हेयर गरिमा थापा, मिस फोटोजेनिक ज्योति रसाइली मगर, परफर्मेन्स इन्जिता गुरु ङ, फ्रेन्डसिप सुमिता पुन, बेस्ट स्किन टिना पुन तथा बेस्ट स्माइल अंगना सुवेदी घोषित भए ।



## सचित्र



वाह ! हट पोज : पूर्व मिस नेपाल शीताष्मा चन्द फोटोसेसनको मुडमा ।



अब म पनि : चलचित्र 'गड लिभ्स इन हिमालय' बाट नायिका भएकी पूर्व मिस नेपाल माल्भिका सुब्बा नायिकाद्वय ऋचा घिमिरे तथा निशा अधिकारीसँग ।



मेरो हिरोइन बन्ने हो ? : नायक दिलीप रायमाझी गायिका निशा सुनारसँग ठट्टा गर्दै ।



कस्तो रमाइलो : एक विवाह पार्टीमा रमाइलो गर्दै युवतीहरू ।



हाम्रो सानो संसार : गायक निमा रुम्बा श्रीमती शेली र छोरासँग ।

# पत्रकारमाथि हावी कलाकार

**साप्ताहिक समाचार**

काठमाडौं- लोकगायक बद्री पंगेनीले खेल सुरु भएको पन्ध्र मिनेट नबित्दै पहिलो गोल गरेपछि पत्रकार टोली 'डिफेन्स' तिर लाग्यो, तर सकेनन् । कलाकारद्वय शंकर बिसी र सुवास मेचेले पत्रकारको पोस्टमा अरू दुई गोल थपेर तीन पुऱ्याए । हातले बल छोएपछि कलाकारको पोस्टमा पत्रकारले पेनाल्टी किक हान्न पाउने भए । पत्रकारका क्याप्टेन दीपेन्द्र लामाले गरेको पेनाल्टी प्रहार गोलकिपर नायक अर्जुन कार्कीले रोक्न सकेनन् । शनिबार सम्पन्न चलचित्र कलाकारविरुद्ध पत्रकारहरूको फुटबल खेलमा कलाकार टोली ३-१ को अन्तरले विजयी भयो । एक प्रकारले टेलिभिजन, पत्रिका र रेडियोका विशेष गरी मनोरञ्जन क्षेत्रका गतिविधि समेट्ने पत्रकारहरू आफ्नै 'बिट'का कलाकारहरूबाट पराजित हुनुपऱ्यो, तर उनीहरू खुसी नै थिए । द्वन्द्व कलाकार र एक्सन हिरो तथा भिलेनहरूसँगको भिडन्तमा पत्रकारहरू हावी हुन सकेनन् ।

गत शनिबार दिउँसो २ बजे आरम्भ हुने भनिएको खेल ३ बजेतिर मात्र सुरु भयो । कलाकार टोलीका क्याप्टेन नायक धीरेन शाक्य आफ्नो टोली मिलाउँदै थिए । उनले द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठलाई गोलकिपर बनाए । मैदानमा नायक शाक्यलगायत नायक शिव श्रेष्ठ, श्रीकृष्ण श्रेष्ठ, नायिका शुभेच्छा थापा, जीवन लुइँटेल, राजेश ढुंगाना, महादेव त्रिपाठी, हसनरजा खान, शंकर बिसी आदि उत्रने भए । मैदानमा कलाकारहरूको जोस बढाउन भुवन केसी, रेखा थापा, राजेशपायल राई, राजबल्लभ कोइराला, विशाल विष्ट आदि कलाकार उपस्थित थिए । पत्रकारहरूको टोलीबाट अशोकप्यासी राई, दीपेन्द्र लामा, दयाराम पाण्डे, विजय 'आवाज', उत्तम गौडेल, निर्जल श्रेष्ठ, विकास कार्की, आरडी श्रृंखला, सोभिता सिंखडा आदि पत्रकार मैदानमा उत्रिएका थिए । नायिकाहरूमा अरुणिमा लम्साल, रञ्जना शर्मा आदि खेल सुरु भएपछि दशरथ रंगशाला प्रवेश गरेका थिए भने निखिल उप्रेती खेल सुरु भएको पौने घण्टापछि मैदानमा देखा परेका थिए । राजेश हमाल त मध्यान्तरपछि मैदानमा उत्रिए । उनलाई देखेपछि दर्शकको भीड उत्साहित भयो । खेल सकिएपछि दर्शकहरूले उनलाई काँधमा बोके, तर अत्यधिक भीड भएकाले उनको सुरक्षाका लागि प्रहरीले बल प्रयोग गर्नुपऱ्यो ।



तस्विर : महेश/नवराज







# भित्रभित्रै लज्जा महसुस गरिरहेछु

पृष्ठ ५ बाट जारी

**तपाईंको विचारमा यस्ता क्लिप्स निस्कनु सामान्य हो ?**

क्लिप्स बाहिर निस्कनु हुँदैनथ्यो, तर सेक्स सामान्य हो । संसारमा कसलाई थाहा छैन, श्रीमान्-श्रीमतीबीच, प्रेमी-प्रेमीकाबीच हुने सम्बन्ध कस्तो सम्बन्ध हो ? बरु त्यस्ता कुरालाई खोजी-खोजी बाहिर ल्याइदिनेहरू भने अपराधी हुन्, उनीहरूलाई कारबाही हुनुपर्छ ।

**तपाईंले भिडियो क्लिप्सलाई सामान्य माने पनि इन्डस्ट्रीले यसलाई सहज रूपमा स्वीकार गरेको छैन, काम आउन बन्द भएको अवस्था के गर्नुहुन्छ ?**

बन्द भएको छैन । अस्ति भर्खरै एउटा कार्यक्रममा जजका रूपमा आमन्त्रण गरिएको थियो । मैले आफैंले त्यसलाई अस्वीकार गरें । किनभने मैले जजको मर्यादा राख्नुपर्छ । यदि मेरो काम ठीक थियो भने सानो गल्तीलाई सबैले माफ गरिदिनुहुन्छ भन्ने लागेको छ । मलाई अहिले धेरै कलाकार, पत्रकार एवं शुभचिन्तकले हरेस नखान सुझाव दिइरहनुभएको छ । यति वर्ष कलाकारितामा बिताइसकेपछि म अरू क्षेत्रमा जान सक्दिनँ । यहाँ काम पाउँदिनँ भन्ने लागेको छैन ।

**श्रीमान्को सपोर्ट कस्तो होला ?**

म शारीरिक रूपमा महिला भए पनि विचार लोग्नेमानिसको जस्तै छ । म पछि हट्ने, हार मान्ने युवती हुँदै होइन । म आफैं म केही हुँ भन्ने सावित गर्न चाहन्छु । यद्यपि श्रीमान्को माया चाहिन्छ ।

**यो घटनापछि तपाईंको जीवनको लक्ष्य परिवर्तन भयो कि उस्तै छ ?**

परिवर्तन भएको छ । मेरो भिडियो क्लिप्स बाहिर ल्याउने मानिस पत्ता लगाएरै छाड्छु । उनीहरूलाई सजाय दिनु मेरो एक मात्र उद्देश्य हो ।

**निकट भविष्यमा तपाईंको कुन काम देख्न पाइन्छ ?**

म इन्डियन आइडलमा भाग लिन मुम्बई जाँदैछु । म दार्जीलिङमा जन्मिएकी हुनाले मैले इन्डियन आइडलमा भाग लिने मौका पाउने भएकी हुँ । यसका लागि प्रशान्त तामाङसँग मिटिङ भैसकेको छ । १५ दिनपछि मुम्बईमा हुने अडिसनमा भाग लिन केही दिनभित्रै त्यता जान्छु ।

**शुभचिन्तकहरूलाई तपाईंको सन्देश के छ ?**

मलाई इन्डियन आइडलमा सबै नेपालीको साथ चाहिन्छ । म नेपालका लागि केही गर्न चाहन्छु । हिजोका गल्तीलाई माफ दिनुभयो भने म नेपालको इज्जत राख्ने प्रयास गर्नेछु ।

**–अश्विनी कोइराला**



तस्बिर: नवराज बाले

# फिलिपिन्समा के गर्दैछिन् ऋचा ?

पृष्ठ ३ बाट जारी

एसएमएसमा जस्तो पैसा लाग्दैन । भोटिङ गर्ने समय आगामी आइतबार मध्यरातसम्म मात्र छ । ऋचालाई भोट दिने दुईवटा विकल्प छन् । लोकप्रिय सामाजिक सञ्जाल फेसबुकबाट पनि भोट दिन पाउने सुविधा मिस अर्थका आयोजकले दिएका छन् । त्यसका लागि सबैभन्दा पहिले फेसबुकको मिस अर्थ समूहको सदस्य बन्नुपर्छ । 'मिस अर्थ ग्रुप अन फेसबुक' मा गएर 'ज्वाइन' मा क्लिक गर्नुपर्छ ।

त्यसपछि आफूलाई मन परेकी सुन्दरीको आकर्षक तस्बिरमुनि 'लाइक' लेखिएको देखिन्छ, त्यसमा क्लिक गर्नुपर्छ । होसियार रहनुपर्ने एउटा कुरा के छ भने यदि एक जना इन्टरनेट प्रयोगकर्ताले पाँचभन्दा बढी सुन्दरी छनौट गर्न चाह्यो भने त्यो मत बदर हुनेछ । अर्को विकल्प, भोटका लागि मिस अर्थ आधिकारिक वेबसाइट http://missearth.info/missnepal मा सीधै गएर भोट दिने । ऋचा थापामगरको पेजका लागि मिस अर्थको आधिकारिक वेबसाइटमा जानुपर्नेछ । त्यसपछि त्यहाँ लेखिएको भोट फर मिस फोटोजेनिकमा क्लिक गर्दा नै ऋचाको पक्षमा एउटा भोट बढ्नेछ । भोटिङ गर्दा आफ्नो नाम तथा इमेल ठेगाना उल्लेख गर्न बिर्सनु हुँदैन । नेपाललगायत विश्वभरिका नेपालीहरूले अनलाइन भोटिङमार्फत ऋचालाई 'मिस अर्थ- २००९ को मिस फोटोजेनिक' बनाउन प्रयास गर्न सक्नेछन् । गत मंगलबार यो समाचार तयार पारिसक्दासम्म ऋचाका लागि ४ सय १५ भोट खसिसकेको छ ।

मिसअर्थ डट इन्फोमा छुट्याइएको ऋचा थापामगरको पेजमा उनको एउटा क्लोज अप तस्बिर तथा छोटो विवरण राखिएको छ । उक्त वेबसाइटमा उनलाई मिस नेपालका रूपमा प्रस्तुत गरिएको छ । वेबसाइटमा उनको उमेर २४ वर्ष लेखिएको छ । उक्त वेबसाइटमा ऋचाले आफ्नो प्रतिनिधित्व गरेको देश नेपालका बारेमा लेखेकी छिन्–




'विश्वका सबैभन्दा सुन्दर देशहरूमध्येको एउटा देश नेपाल, जहाँ विश्वकै सर्वोच्च शिखर माउन्ट एभरेस्ट मात्र छैन, यो देश सांस्कृतिक तथा पर्यटकीय गन्तव्यका रूपमा समेत प्रख्यात छ । म नेपाललाई साहसिक पर्यटन हबका रूपमा प्रोमोट गर्न चाहन्छु । सबै प्रकारका साहसिक खेल खेल्न सकिने नेपालमा खेल पर्यटनको सम्भावना पनि उत्तिकै छ ।'

**(एजेन्सीहरूको सहयोगमा)**



# माइकल ज्याक्सनको स्टाइल स्टेट्मेन्ट

कालो जुत्ताका साथमा सेतो मोजा र मोहोता सुकेको पाइन्ट, सिंगल सिक्विन्ड सेतो पञ्जा र हाइपिच्ड स्वरले माइकल ज्याक्सनको सांगीतिक व्यक्तित्वको परिचय दिन्छ । किङ अफ दि पपका रूपमा परिचित माइकल ज्याक्सन अद्वितीय स्टाइलिस्ट पनि थिए । उनको स्टाइल स्टेटमेन्टभित्र ड्रेस, ह्याट, ग्लब्स र सुजको प्रयोगले छुट्टै महत्त्व बोकेको छ ।

**मिलिट्री मेन ज्याकेट**

मरेर गए पनि माइकल ज्याक्सनको स्टाइलको चर्चा अझै पनि उस्तै छ । उनले आफ्नो ज्याकेटलाई मिलिट्री म्यान स्टाइलमा बनाएका थिए । त्यसमा गोल्डेन एम्ब्रोइडरी र त्यही रंगको बटन हुन्थ्यो । आर्मीको ड्रेसमा जस्तै दुवै काँध चौडा खालको गोल्डेन पट्टा हुन्थे । पाखुरातिर स्यान्डलमा जस्तै धेरै बेल्ट राखिएका हुन्थे । ज्याकेट प्रायः गाढा रंगका हुन्थे, जस्तै- ब्लु, रेड वा ब्ल्याक । यस्तो ज्याकेटको क्रेज मूलतः युवापुस्तामा थियो ।

**ट्राउजर ट्रेन्ड**

माइकल ह्वाइट सर्ट वा ज्याकेटका साथमा स्किन टाइट ट्राउजर लगाउँथे । ज्याकेटको ठीक विपरीत ट्राउजरमा इम्ब्रोइडरी हुँदैनथ्यो । रंग भने प्रायः कालो हुन्थ्यो । ९० को दशकमा चम्किने कपडाको प्रचलनसँगै माइकलले ट्राउजरमा सिक्वेन्स वर्कको प्रयोग गरेका थिए ।

**जुत्ताको स्टाइल**

माइकल ज्याक्सनले आफ्नो जुत्ता स्वयं डिजाइन गरेका थिए । त्यसलाई आफ्नो नाममा पेटेन्ट पनि गराएका थिए । त्यस्तो खालको जुत्ता लगाउँदा अगाडितिर झुक्न तथा कठिन डान्स स्टेप्स पर्फम गर्न पनि सहज हुन्थ्यो ।

**सुन्दर सनग्लास**

एभिएटर सनग्लास प्रचलनमा ल्याउने श्रेय माइकल ज्याक्सनलाई जान्छ । आधाभन्दा धेरै चिकबोन्स एवं आइब्रोलाई पूर्णरूपले ढाक्ने यो सनग्लास आजभोलि मोडल एवं फिल्म स्टारहरूको स्टाइल स्टेटमेन्ट भैसकेको छ ।

**बेल्टको बोल्डनेस**

माइकल ज्याक्सन बेल्टका क्रेजी थिए । उनीसित बेल्टको राम्रो कलेक्सन थियो । तिनमा चौडाइ ठूलो भएका र पातला दुवै थिए । तीमध्ये केही डब्लुडब्लुएफका बेल्ट बिजेताले पाउने बेल्टजस्ता पनि थिए । बेल्टमा मेटालिक बटन र स्टोन्सको प्रयोग हुन्थ्यो । बेल्टको बकल्समा पनि उनले धेरै प्रयोग गरेका थिए । चौडाइ ठूलो भएका बेल्टबाहेक सर्पजस्तो पातलो बेल्ट पनि उनको स्टाइलभित्र पर्थ्यो ।

**ग्लब्सको ग्लो**

सांगीतिक पर्फर्मेन्समा माइकल ज्याक्सन जहिले पनि ग्लब्स लगाउँथे । उनी एउटा हातमा मात्र ग्लब्स लगाउँथे । सेतो चम्किलो ग्लब्समा सिक्वेन्स वर्क हुन्थ्यो जुन पर्फर्मेन्सका बखत लाइटमा अद्भूत देखिन्थ्यो ।

**ह्याट**

माइकल ज्याक्सनलाई ह्याटको निकै शौक थियो । उनी ह्याटलाई अलि बाँगो गरी लगाउँथे । ब्ल्याक कलरको त्यस्तो ह्याट प्लेन वा इम्ब्रोइडरीयुक्त हुन्थ्यो जसले उनको डान्समा ड्रामा इफेक्ट प्रदान गर्थ्यो । उनी आफ्नो डान्स स्टेप्समा ग्लब्स लगाएको हातले कैयन पटक ह्याटलाई विभिन्न स्टाइलमा डिस्प्ले गर्थे ।

उल्लेखित फेसन स्टाइलका अतिरिक्त ह्वाइट मोजा, विभिन्न हेयर स्टाइलमध्ये केश बाँध्ने शैली, मुहारको लुक, ज्वेलरी स्टाइल आदि पनि माइकल ज्याक्सनको स्टाइल स्टेट्मेन्टका अभिन्न पक्ष हुन् ।

**रोजिन शाक्य**

# निखिल र सञ्चिता विवाहको बाटोमा ?

पृष्ठ १ बाट जारी



नायक निखिल उप्रेती र नायिका सञ्चिता लुइँटेल नजिकका साथी भएकाले चाँडै नै उनीहरू विवाह-बन्धनमा बाधिँदैछन् भन्ने हल्लाले पछिल्ला दिनमा नेपाली चलचित्र उद्योगलाई तताएको छ।

उनीहरूबीचको निकट सम्बन्धलाई पुष्टि गर्ने आधार भने गत सोमबार यी दुवै कलाकार पशुपति मन्दिर परिसरमा एकसाथ देखिनु बन्यो। पूजा गर्ने क्रममा आएका नायक निखिल तथा नायिका सञ्चिता पूजा कार्यक्रम सकिएपछि हर्षित मुद्रामा साथै फर्किएका थिए। यद्यपि पूजा समारोहमा उनीहरूका अतिरिक्त निखिलका दुई दिदी तथा निर्देशक सुनिल पाण्डे पनि सहभागी थिए।

विगत दुई वर्षयता निखिल र सञ्चिताबीच अफेयर चलिरहेको उनीहरू निकट स्रोत बताउँछ। ६ वर्ष लामो मित्रताको सम्बन्धबाट उनीहरूबीच प्रेम बीजारोपण भएका आधारमा यो जोडीको सम्बन्धले चाँडै नै नयाँ परिचय पाउन सक्ने सम्भावना प्रबल भएको जानकारहरू बताउँछन्। बजार हल्ला तीव्र रूपमा चले पनि आधिकारिक पुष्टि कतैबाट नभएकाले हालसम्म यो प्रेम सम्बन्ध गोप्य रहँदै आएको छ।

नेपाली चलचित्र उद्योगमा राजेश हमाल र करिश्मा मानन्धरको केमेस्ट्री मिलेको भनेजस्तै निखिल र सञ्चिताको पनि जोडी मिल्दो मानिन्छ। पशुपतिको दर्शन र दुईबीचको सम्बन्धका बारेमा जानकारी लिने क्रममा दुवै कलाकारले सँगै पशुपति गएको बताए पनि वैवाहिक सम्बन्धका विषयमा मौन रहन चाहे।

सञ्चिताले भनिन्- 'नियमित पूजा गर्ने क्रममा पशुपति जाने भएकाले त्यही मेसोमा निखिलजीसँग भेट भएको हो।' उत्तर दिने क्रममा नायक निखिल उप्रेतीले पनि साथै रहेर पूजा गरेको स्वीकार गरे। उनले भने– 'म पनि नियमित पशुपति जान्छु, यस क्रममा अन्य कलाकारहरूसँग पनि गइएको छ, तर सञ्चितासँग जाँदा यो प्रश्न किन ?'

'हामी राम्रा साथी हौं,' निखिलले भने- 'प्रगाढ मित्रता भएकाले हामी सुख-दुःखका हरेक कुरा सेयर गर्छौं, तर यहाँ हाम्रो सम्बन्धलाई लिएर अनावश्यक टिप्पणी हुन थालेको छ।' हामीले विवाह गरिसकेको तथा एक सन्तान पनि जन्मिसकेको बजार हल्ला आफूले सुनेको निखिल बताउँछन्। तपाईंहरू विवाह गर्दै हुनुहुन्छ रे नि ? सञ्चिताले भनिन्- 'यो विषयमा मलाई केही थाहा छैन, हामी एक-अर्काका मिल्ने साथी भएको सत्य हो, यो विषयमा थप जवाफ निखिलजीसँगै खोज्नुहोस्।'

विवाहित जीवन बिताइरहेका निखिल र वैवाहिक सम्बन्ध-विच्छेद गरेर बसेकी नायिका सञ्चिताबीचको यो सम्बन्ध सहजै अघि बढ्न गाह्रो भएकाले पनि दुवैले यो कुरालाई हाल गोप्य राख्न चाहेको निकटस्थ स्रोत बताउँछ। 'सहजै मिल्ने भए यस बेलासम्म दुवैले विवाह गरिसक्थे,' स्रोत भन्छ- 'तर प्राविधिक कारणले गर्दा विवाह गर्ने कुरा सार्वजनिक गर्न दुवैलाई गाह्रो भएको हो।' स्रोतका अनुसार निखिल र सञ्चिताको सम्बन्ध नजिकिएपछि दुवै घरका परिवारले यस्तो सम्बन्ध धेरै दिन अघि बढाउन उपयुक्त नभएकाले चाँडो निर्णय गर्न दबाब दिइरहेको बताइन्छ।

विगत चार वर्षयता निखिल र उनकी श्रीमती कोपिलाबीच असमझदारी बढ्नुले पनि निखिललाई सञ्चिता नजिक पुर्‍याएको बताइन्छ। स्रोत भन्छ- 'पछिल्लो केही समययता निखिल आफ्नो घर नै गएका छैनन्, अहिलेको सम्बन्धलाई हेर्ने हो भने कोपिलासँगको उनको सम्बन्ध लगभग समाप्त भैसकेको छ।'

निखिल र सञ्चिताबीचको सम्बन्ध गहिरो भैसकेको पुष्टि गर्ने अन्य आधार पनि छन्। आफूले निर्माण गरेको चलचित्र 'निशाना' हेर्ने क्रममा निखिलले सञ्चितालाई साथ लिएर विश्वज्योति हल पुगेका थिए। त्यतिमात्र होइन, बागवानीमा छायाकंन भैरहेको चलचित्र 'पर्खिराख है' को सेटमा रहेकी नायिका सञ्चितालाई भेट्न नायक उप्रेती त्यहीं पुगेका थिए।

पाच वर्षअघि सोभित बस्नेतद्वारा निर्देशित 'चोर-सिपाही'को सुटिङताकादेखि नै निखिल र सञ्चिताको मित्रता घनिष्ठ भएको थियो। 'चोर-सिपाही'मा दुवै जना नायक-नायिकाको भूमिकामा थिए।

निखिल र सञ्चिताको जोडी जम्छ भनिए पनि यी दुईले एक-अर्काको जोडी बनेर अभिनय गरेका चलचित्रको संख्या जम्मा छवटा मात्र छन्। 'चोर-सिपाही' पछि 'मर्यादा', 'दाग', 'युद्ध', 'विजयपथ', 'माया त माया हो' मा उनीहरू एक-अर्काको जोडीका रूपमा देखिएका छन्। 'माया त माया हो' मंसिरको अन्तिम सातादेखि प्रदर्शनमा आउने तयारीमा छ।

दुवै जना व्यस्त कलाकार भएकाले उनीहरू दुवैलाई बाहिर कतै एकसाथ देख्न पाइदैन, त्यसैले पनि उनीहरूको प्रेम सार्वजनिक हुन सकेन। एक चलचित्रकर्मीका अनुसार दुवैले सम्बन्धलाई निरन्तरता दिन मोबाइललाई माध्यम बनाउने गरेका छन्। कुनै विषयमा तुरुन्त भेट्नुपर्ने भए निखिल सञ्चिताको घर नै पुग्ने गरेका छन्। सञ्चितासँग नजिकिनुपूर्व नै सञ्चिताको परिवारसँग राम्रो सम्बन्ध भएकाले पनि निखिललाई उनको घर जान सहज छ।



## आदिवासी जनजाति चलचित्र महोत्सव

एटलस अफ दि वर्ल्ड ल्याङ्वेजले विश्वमा ६ हजार ७ सय ९६ वटा भाषाको अस्तित्वलाई स्वीकार गरेको छ भने इथ्नोलोगले आफ्नो पछिल्लो संस्करणमा ३ वटा घटाएर यो संख्या ६ हजार ७ सय ९३ मा सीमित गरेको छ। इथ्नोलोगको तथ्यांकमा नेपालमा बोलिने भाषाको संख्या १ सय २८ छ। यीमध्ये आधा भाषा बोल्नेहरूको औसत संख्या ७ हजार ५ सयभन्दा पनि कम छ। १० लाखभन्दा बढीले बोल्ने ५ वटा भाषा र ६ जाति वर्ल्ड ल्याङ्वेजमा उल्लेख छ। तीमध्ये बाहुन (नेपाली), क्षेत्री (नेपाली), मगर, थारू, तामाङ र नेवार भाषा मात्र अन्तर्राष्ट्रिय मान्यताअनुसार सुरक्षित मानिएका छन्।




नेपालको जनसंख्याका आधारमा १ लाखभन्दा बढीले बोल्ने भाषालाई सुरक्षित मान्ने हो भने यो संख्या १३ छ। अन्तर्राष्ट्रिय मान्यताअनुसार अहिले नेपालमा १ सय २३ भाषा संकटग्रस्त छन्। त्यसैले पनि भाषाप्रेमी आदिवासी जनजातिहरू आफ्नो अस्तित्व र पहिचानलाई कालान्तरसम्म संरक्षण गर्नुपर्छ भन्ने मान्यताले यो काममा अग्रसर रहँदै आएका छन्। विभिन्न संचार-माध्यममा जनजातिको चलचित्रलाई जसरी स्थान दिनुपर्ने थियो तदनुरूप हुन सकेको छैन भने राज्यपक्षले पनि बेवास्ता गरेकै कारण आदिवासी जनजाति चलचित्र महासंघ गठन गर्नुपरेको अध्यक्ष नवीन सुब्बा बताउँछन्।

हालसम्म गुरुङ, तामाङ, मगर, थारू, लिम्बू, राई र नेवार गरी कुल सातवटा जनजातिले आ-आफ्ना चलचित्र संगठन स्थापना गरिसकेका छन्। कुमाल, शेर्पा, दरै र धिमाल जातिका भाषामा समेत चलचित्र निर्माण भैसकेको छ। यसै क्रममा गत वर्षसमेत पश्चिमाञ्चल क्षेत्रको पोखरामा गुरुङ फिल्म एशोसियसनले सफलतापूर्वक पहिलो अन्तर्राष्ट्रिय आदिवासी जनजाति चलचित्र महोत्सव सम्पन्न गरेको थियो। आगामी मंसिर ५ देखि ७ गतेसम्म तीनदिने दोस्रो अन्तर्राष्ट्रिय आदिवासी जनजाति चलचित्र महोत्सव हुँदैछ। उक्त अवसरमा 'स्वाभिमानको निर्माण' भन्ने मूल नाराका साथ विभिन्न देशका कुल २० वटा चलचित्र एवं वृत्तचित्र प्रदर्शन हुने जानकारी आयोजक समितिका संयोजक माओत्से गुरुङले दिए।

वि.सं. २०४३ साउन ३२ गते प्रथम छायांकन शुभारम्भ गरिएको नेपाली भाषाको चलचित्र 'सिलु' ले पहिलो आदिवासी चलचित्र बन्ने सौभाग्य पाएको छ। नेवारी भाषामा निर्मित उक्त चलचित्रका निर्देशक प्रदीप रिमाल हुन्। यो चलचित्र सेल्युलाइड प्रविधिमा निर्माण भएको थियो। यही प्रविधिबाट हालसम्म आदिवासी जनजातिको कथामा जम्मा ५ वटा चलचित्र तयार भएको इतिहास छ। ती हुन्– सिलू (नेवारी), राजमती (नेवारी), क्याराभान (डोल्पाली), नुमाफुङ (लिम्बु) र सीमारेखा (मगर)।

हाम्रो आफ्नो पुरानो संस्कार र संस्कृति युवापुस्तालाई जानकारी गराउनुपर्छ भन्ने मान्यतामा नेपालका प्रमुख आदिवासी जनजातिहरूमा सचेतना आइसकेको छ। यसै क्रममा संख्यात्मक हिसाबले गुरुङ समुदायको चलचित्र अन्य भाषी चलचित्रभन्दा बढी निर्माण भएको देखिन्छ। वि.सं. २०५२ सालमा युवराज मास्की राना मगरको निर्देशनमा बनेको पहिलो गुरुङ चलचित्र पातेको यात्रा, करण गुरुङको टोरा हुँदै लोकबहादुर गुरुङको 'प्ह्वे स्यों' सम्म आइपुग्दा गुरुङ भाषामा ७१ वटा चलचित्र बनिसकेको छ। त्यसैगरी दोस्रो स्थानमा तामाङ (५९), तेस्रो स्थानमा थारू (४०), चौथो स्थानमा नेवार (३०) र पाँचौं स्थानमा मगर (२३) चलचित्रको निर्माण सम्पन्न भै कतिपय प्रदर्शनीको तयारीमा छन्।

**–तोरण पुन**

## भीओटीको दोस्रो चरण



**साप्ताहिक समाचार**

काठमाडौं- शनिबार डिल्लीबजारस्थित देवकोटा सदनमा किशोर-किशोरीहरूको भीड लागेको थियो। सदनको हलबाहिर किशोर-किशोरीहरू घाम ताप्दै पालो पर्खिरहेका थिए भने भित्र गायक रामकृष्ण ढकाल, संगीतकार राजु सिंह तथा गायिका देविका बन्दना रणभुल्लमा थिए। जो आए पनि राम्रो गाउने भएकाले उनीहरू देशभरि अडिसन गराएर कुल १० हजारबाट छनौट गरिएका ३ सय ७२ जनाबाट ८० जना छान्ने काम दाँतले ढुंगा चपाउने जस्तो गाह्रो भएको महसुस गरिरहेका थिए।

उक्त स्थानमा सुपर एवान मिडियाको प्रस्तुतिमा नेपाल टेलिभिजनबाट हरेक आइतबार राति पौने नौ बजे प्रसारण भैरहेको गायन प्रतिभाहरूको रियालिटी शो 'भीओटी' अर्थात् 'भ्वाइस अफ टिन'को दोस्रो चरणको छनौट कार्यक्रमको छायांकन भैरहेको थियो। गत शनिबारदेखि आगामी पन्ध्र दिनसम्म छायांकन गरी ३ सय ७२ जनाबाट ८०, ८० बाट ५० र ५० बाट २५ छानिने आयोजकहरूले बताए। 'त्यसपछि दर्शकको एसएमएस भोटिङका आधारमा प्रतिस्पर्धीहरू बाहिरिँदै जानेछन्।' -आयोजकमध्येका एक अभ्युदय खनालले साप्ताहिकलाई बताए।

## ● तालुमा आलु ●



प्रकाश ओझा

बालक : सर मेरी मम्मी हराउनुभयो ।

पुलिस : आमाको चिनारी बताऊ बाबु, हुलिया बतायौ भने हामीलाई खोज्न सजिलो हुन्छ ।

बालक : मम्मीसँग जुन बालक छैन नि त्यो मेरो अनुहारको थियो ।

०००

मातेको मानिसलाई थानामा ल्याइयो जसले एक्लै फुल बोतल रक्सी पिएको थियो ।

'पूरै बोतल किन पिइस् ?' पुलिस रिसायो ।

'नपिई नहुने अवस्था थियो हजुर,' जवाफ दियो ।

'किन के अवस्था थियो ?'

'बिर्को हराएको थियो ।'

०००

तीन जना बालक एउटा पसल गए, एउटा बालकले २ रुपैयाँको ललीपप माग्यो । ललीपपको भाँडा पसलको धेरै माथि थियो । पसले बाहिर निस्किएर सिंढी ल्यायो अनि सिंढी चढेर सबैभन्दा माथि चढेर २ रुपैयाँको ललीपप झिक्यो । सिंढी ल्याएर बाहिर राख्यो । पहिलो बालकलाई ललीपप दियो र दोस्रो बालकसँग सोध्यो-

'तिमीलाई के चाहियो ?'

'मलाई २ रुपैयाँको ललीपप चाहियो ।'

पसले फेरि बाहिर निस्किएर सिंढी लिएर भित्र गयो र माथिसम्म चढेर ललीपप झिकेर दोस्रो बालकलाई दियो । सिंढी निकाल्न खोज्यो, फेरि सिंढी निकाल्ने-राख्ने झमेला सम्झेर सिंढी नझिकी तेस्रो बालकसँग सोध्यो-

'बाबुलाई पनि २ रुपैयाँको ललीपप चाहिएको हो ?'

'होइन ।'

पसलेले सिंढी झिक्यो र मरीतरी बाहिर लग्यो राख्यो अनि भित्र आएर बालकलाई सोध्यो-

'भन बाबु तिमीलाई के चाहियो ?'

'मलाई ५ रुपैयाँको ललीपप चाहियो ।'

०००

एउटा व्यक्तिले होटलमा खाना खायो र म्यानेजरलाई भन्यो-

'हजुर यो होटलमा म तीन-चार दिन अगाडि नै आउनुपर्ने थियो जस्तो लाग्यो ।'

'यो त हजुरको महानता हो'- म्यानेजर बोल्यो ।

'कुरा त्यसो होइन, खासमा जुन खाना मैले अहिले खाएँ नि त्यो अलि ताजा हुन्थ्यो कि ?'

### मेरो कुरो

चलचित्र हलमा तपाईंको छेउको चारवटा सिटमा बस्न राम्रा तीनवटी मस्त युवती आफ्नी आमासँग आउँछन् अनि आमाचाहिँ तपाईंको छेउको सिटमा बस्छे ।

## ● कविता ●

# रेशम सुनुवारका कविता



### कति-कति

रङ्गहरूको माझमा हामी भुल्यौं यहाँ कति-कति
गैरीखेतको धानजस्तै झुल्यौं यहाँ कति-कति
चङ्गाजस्तै उड्न खोज्छन् यी मनका छालहरू
यो दुनियाँको रमझममा डुल्यौं यहाँ कति-कति
तीखा-तीखा काँडाहरू उम्रेकै छन् हाँगाभरि
काँडामाझ फूल बनी फुल्यौं यहाँ कति-कति
हामीदेखि यो दुनियाँ नै लुक्यो बेला-बेला
नीलो आकाशजस्तै हामी खुल्यौं यहाँ कति-कति ।

### अब

हिमालको पीडा हेरी तराई दुख्नुपर्छ
एक-आपसमा आदरभावले शिर झुक्नुपर्छ
हिमाली त्यो चिसो हावा पहाडमा चल्दा
तराईको न्यानोपनले चिसो सुक्नुपर्छ
भूगोलको सीमारेखामा विभाजित हुनु हुन्न
तराईको छाती दुख्दा पहाडमा लुक्नुपर्छ
मेचीदेखि महाकाली एउटै राष्ट्रभूमि
रेशम भन्छ प्रेमको गाँठो अब फुक्नुपर्छ ।

### तिम्रो कुरा

काँडाको माझमा त्यो फूलको कुरा
सम्झेर के भो र त्यो भूलको कुरा
सम्बन्ध जोड्नु नि नटुट्ने गरी
र पो अर्थपूर्ण हुन्छ त्यो पुलको कुरा
हजारमा मन पर्ने एउटै हुन्छ
आँखा मात्रै डुलाउने त्यो हँलको कुरा
निष्ठुरी मनमा कहाँ बस्छ र माया
जबसम्म थाहा हुन्न त्यो मूलको कुरा
हिंड्दैछ रेशम सुगम मार्गहरूमा
हेरी तिम्रो नाम लेखिएको तुलको कुरा ।

### आज

यो गोरेटो किन लाग्छ सुनसान आज
आफ्ना सबै बने अन्जान आज
रोजाइ त सबैको त्यो फूलमा परेकै हो
एकथोकमा पऱ्यो सबको तानातान आज
प्रेमजस्तो ठूलो कुरा संसारमा के छ र
सुनिँदैछ सार्थक जीवन भयो बलिदान आज
उदाएर अस्ताई गयो एक दिनको घाम
यसै गरी मान्छेको जीवनको भयो अवसान आज ।

### जिन्दगानी



जिन्दगानी सबैका लागि संघर्षको बाटो रै'छ
मरेपछि मिल्दै जाने धर्तीको माटो रै'छ
हाँसो-रोदन दुःख-सुख जीवनकै कथाहरू
जिन्दगानी हेर्दै जाँदा अनेकन् पाटो रै'छ
स्मृतिका डोबहरू बाँकी हुन्छन् हिंड्दै जाँदा
दुखिरहने, बल्झिरहने जिन्दगानी खाटो रै'छ
मनोरम त्यो कहानीको श्रृंखला त कति-कति
बेला-बेला उप्किरहने जिन्दगानी टाटो रै'छ ।

## ● लघुकथा ●



# कोठा नम्बर एक सय एघार

साधुराम काठमाडौंमा पाँचतले घर भएका खानदानी व्यक्ति थिए । एक छोरा र एक छोरीका पिता साधुरामलाई सबैले सामाजिक सेवामा लाग्ने प्रखर व्यक्तिका रूपमा चिन्थे । त्यस दिन पनि उनी गोष्ठीमा भाग लिन जाँदै थिएँ । कार्यक्रममा चर्का-चर्का नैतिकताका भाषण, बाबुआमाको कर्तव्यको विश्लेषण सकेपछि उनी फर्कने सुर कस्छन् । साधुराम पस्छन् एउटा फाइभ स्टार होटलमा । खाना सकेर काउन्टरसँगको केही बेरको वार्तालापपछि लाग्छन् उनी कोठा नम्बर १ सय ११ तर्फ । ढोकामा पुगेर उनी केही बेर रोकिए अनि ढोका ढकढक्याए । ढोका खुलै थियो । उनी भित्र पसे । एउटी युवती अर्धनग्न अवस्थामा झ्यालतर्फ हेरेर उभिइरहेकी थिई । साधुराम नजिकै पुगे अनि हात आड्मा राखेर आफूतर्फ फर्काउन खोजे । युवती हातको स्पर्शपछि कर्के नजर लगाई उनीतर्फ फर्कन्छे । एकाएक मुहारमा आँधी आयो । कोठामा शून्यता छायो । एसी भए पनि शरीरको ताप बढ्दै थियो । ती युवती तिनै नैतिकवान् अनि चरित्रवान् साधुरामकी श्रीमती थिइन् ।

-विशाल ढकाल

---

# मंसिरमा हिट्स

**साप्ताहिक समाचार**

काठमाडौं- शनिबार तेह्रौं क्लोजअप हिट्स एफएम म्युजिक एवार्डका लागि मनोनयनमा परेकाहरूको नामावली सार्वजनिक गरियो, जसमा गायक जगदीश समाल तथा गायिका अञ्जु पन्त सबैभन्दा धेरै विधामा मनोनयन भएका छन् । उनीहरू कुल १९ विधामध्ये पाँच-पाँचवटा विधामा मनोनयन भएका हुन् । गायक रामकृष्ण ढकाल, एडरियन प्रधान, रोर्री एन्ड फ्रेन्ड्स समूह चार-चारवटा विधामा मनोनयनमा परेका छन् । नयाँ गायन प्रतिभा विधामा मनोनयनमा परेका गायक लोकेन्द्र राई, फुर्साङ लामा, शबनम गुरुङ र श्रेया सोताङ थप दुई-दुईवटा विधामा पनि मनोनीत भएका छन् । एउटा विधामा गायिका श्रेया सोताङको आफ्नै बाबु-आमासँग प्रतिस्पर्धा हुँदैछ । उनी गायन दम्पती उदय र मनिला सोताङकी छोरी हुन् । युगल गायन विधामा गायन दम्पतीको गीत 'तिमीलाई देखेदेखि..' ले श्रेयासँग गायक स्वरूपराज आचार्यले गाएको गीत 'चुपचाप..'को प्रतिपर्धा हुने भएको छ ।

आइतबार आयोजक हिट्स एफएमद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा यसपटकको क्लोजअप हिट्स एफएम म्युजिक एवार्ड आगामी मंसिरको दोस्रो



हप्तातिर भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा वितरण गरिने बताइयो । गत वर्ष अर्थात् ०६५को वैशाख महिनादेखि चैत महिनासम्म सार्वजनिक भै हिट्स एफएममा दर्ता गरिएका गीतहरूमध्येबाट छनौटमा परेका गीत, संगीत तथा तिनका सर्जक मनोनयनमा परेका छन् । एक जना गीत-संगीत साधकलाई 'लाइफ टाइम एचिभमेन्ट सम्मान' प्रदान गरिने उक्त म्युजिक एवार्डको यस पटकको श्रृंखलामा आनन्द कार्की र शम्भुजित बाँस्कोटाको 'बदनाम', डम्बर नेपालीको 'तर अन्तिम पल्ट', अञ्जु पन्तको 'न बिर्से तिमीलाई', लोचन रिजालको 'प्रश्न', सिने गुरुङको 'मेरो प्यारो' आदि गीत प्रतिस्पर्धामा छन् । नयाँ गायन प्रतिभा, पप संगीत, रक संगीत, संगीत, संगीत संयोजन, लोकदोहोरी गीत, लोक एल्बम, चलचित्र गीत, युगल गीत, समूह गीत, रक गायन, पप गायिका, पप गायक, गायिका, गायक, पप/रक एल्बम, एल्बम, गीत तथा चर्चित गीत विधामा यस पटकको क्लोजअप हिट्स एफएम म्युजिक एवार्ड प्रदान गरिनेछ ।

# रन्कियो कन्याम



**युवराज गौतम**

इलाम–पर्यटकको चापका कारण कन्यामका हरिया चियाबारी डाँडाहरूमा तिन दिनदेखि पाइलो हाल्ने ठाउँ थिएन । हरेकजसो थुम्का वनभोजमा रमाउन आउनेहरू पप र ऱ्याप गीतको धुनमा कम्मर मर्काइरहेका भेटिन्थे । पिकनिकमा रमाउन यहाँ आउने तन्नेरीहरूले दिनहुँजसो हिन्दी तथा नेपाली ऱ्याप र पपमा चियाबारी डाँडाहरू गुञ्जाए पनि प्रथम पटक आयोजित कन्याम महोत्सवको तेस्रो अर्थात् अन्तिम दिन सोमबार सुगम संगीतको धुनमा यहाँका चियाबारी डाँडाहरू साँझसम्म गुञ्जिरहे ।

कृष्णाश्रम उच्च मा.वि.को प्राङ्गणमा निर्माण गरिएको मञ्च अगाडिपट्टी सयौंको संख्यामा भेला भएका आन्तरिक पर्यटकले सुगम तथा लोकसंगीतको पर्याप्त मज्जा लिन पाए । प्रथम पटक कन्यामको चियाबारीमा पाइलो हालेकी गायिका कोमल ओली मञ्चमा देखा पर्नासाथ दर्शकहरूले हुटिङ गरिहाले । उनले सुरिलो स्वरमा 'लरी लरी लै यो जोवन कसलाई दिऊँ जीवनभरिलाई' गीतले डाँडाहरू गुञ्जाइदिइन् । गायिका ओलीको सुमधुर गीतहरू पहिलो पटक चाखिरहेका इलामे दर्शकले साँझसम्म उनको साथ छोड्न सकेनन् ।

पूर्वेली भाकाको लोकगीत 'पहाडबाट तराई झरेसी लाउन माया जुग जाने पिरती, खोटाङ हलेसी' गीत सुनाउन कन्याम आइपुगेकी गायिका पार्वती राईले पनि इलामे दर्शकको बेजोड ताली पाइन् । 'मायाले मूलबाटो भुलेछ' गीत सुनाउँदा कुवेर राईका वर्षौंदेखिका प्रिय श्रोता भावुक बनेका थिए । कुवेरले पनि कन्याम महोत्सवको उक्त अवसरमा दुईवटा सुमधुर गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरे । कार्यक्रममा भिषण मुकारुङलगायत स्थानिय प्रतिभाहरूले पनि गीत सुनाए । महोत्सवका अवसरमा वरिष्ठ गीतकार बुद्धवीर लामालाई विशेष सम्मान गरिएको थियो । उक्त अवसरमा वरिष्ठ साहित्यकार तथा गीतकार गणेश रसिक, कुवेर राई, पार्वती राई, भिषण मुकारुङ, झापा जिल्लाका सहायक सिडिओ तथा गीतकार लेखनाथ पोखरेललाई कन्यामवासीले सम्मान गरेका थिए ।

**महोत्सव सम्पन्न**

एक सातादेखि बेहुलीझैं सिंगारिएको कन्याम चियाबारी डाँडाहरूमा तीनदिने महोत्सवको रन्को सकिएको छ । महोत्सवमा अनुमान लगाइएभन्दा दोब्बर पर्यटक आगमन भएपछि स्थानीयवासीमा नयाँ उत्साह पलाएको छ ।

तीन दिनसम्म चलेको महोत्सवमा नेपालमा लोपोन्मुख मानिएको लाप्चा जातिको परिकारमा सबैभन्दा बढी आकर्षण रह्यो । स्टलमा राखिएको परिकारमा पर्यटकहरूको ओहोरो लागेको थियो । तरुल, गिठ्ठा, भ्याकुर, सेकुवा, बाँसको भाँडामा खान दिइने स्थानीय रक्सी आदि विभिन्न परिकार पाइने लाप्चा स्टलमा पर्यटक झुम्मिएका थिए । अर्ग्यानिक चिया, हाते चिया, इलामका गाउँमा बनाइएको ललीपप, छुर्पीका साथै पुष्प प्रदर्शनी महोत्सवको आकर्षण थियो ।

महोत्सवका तीन दिनमा १ लाखभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकको आगमन भएको आयोजक समितिको दाबी छ । कन्याम पर्यटन प्रवर्द्धन समितिका संयोजक काजीमान कागतेका अनुसार अनुमान गरेभन्दा दोब्बर पर्यटक भित्रिएका छन् । कागते भन्छन्- 'यसले हामीलाई थप हौसला दिएको छ, साथै टि-टुरिज्मको विकासमा पनि सहयोग पुऱ्याएको छ ।' महोत्सवको उद्घाटन गर्न आइपुगेका सभामुख सुभाषचन्द्र नेम्वाङले कन्यामवासीले चालेको कदम सह्रानीय रहेको बताउँदै कन्याममा सहिद पार्क निर्माण गर्ने प्रतिबद्धता जनाए । चिया-पर्यटनलाई प्राथमिकतामा राखेर यहाँको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक महत्त्वका स्थान र वस्तुहरूलाई उजागर गर्दै लगिने स्थानीयवासीको सोच छ । मेची राजमार्गको आसपास क्षेत्रमा फैलिएको कन्याम पर्यटकीय गन्तव्यका रूपमा विकसित हुने क्रममा छ । महोत्सव अवधिभर करिब १ करोड बराबरको आर्थिक कारोबार भएको आयोजक समितिको अनुमान छ ।



## • सन्देश •

कालाी, तिमी रिसाउँदा मलाई कस्तो हुन्छ, तिमीलाई थाहा छ। मसँग नरिसाउनु ल। तिमीले चालेका हरेक पाइलाले सफलता चुमुन्। जन्मदिनको अवसरमा सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना।

**फुच्चे**

भतिजा-भतिनीहरू चन्द्र, योगेन्द्र, टीका, लक्ष्मी, उमा, तेजु, मिलन, आइस्मा अनि छोरी-ज्वाइँ धनकुमारी-राजेन्द्रमा सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना।

**थगेन्द्र राई**

भगवती, तिम्रो विवाहको खबर थाहा पाएँ, खुसी लाग्यो। दाम्पत्य जीवनको धेरै-धेरै शुभकामना। कहिलेकाहीँ भेट हुँदा बोलिदिनु। याद आए मेरो ठेगानामा पत्रचार गर्नु, साथै हाँसी-खुसी रहनु।

**अमृत**

माया, तिम्रा बाबाले मेरो अँगालोबाट तिमीलाई छुटाएर लानुभयो। म तिम्रो खोजीमा भगवान् श्रीरामले श्रीमती सीतालाई खोज्दा जस्तै आएका बाधा, पीडा सहेर तिम्रा लागि हर क्षण, हरपल भौंतारिरहेको छु। तिमी कहाँ छौ...। तिम्रो र मेरो प्रेम अजम्बरी रहनेछ। जसरी भए पनि एक कल फोन गर ल।

**यादव आँसु**

साथीहरू अप्सरा, रूपा, चाँदनी लगायत परिचित साथीहरू तीर्थराम, राजकुमार, प्रवीण, धर्म, शिव, प्रदीप, उत्तम, सरोज, रमा, कौशिला, सुरेन्द्र, सदीप, विनोद, राधिकालाई अध्ययनमा सफतलाका साथै उत्तरोतर प्रगतिको शुभकामना।

**कृष्ण**

दिदी ममि., सुनको थिएँ वचन अवश्य पूरा हुन्छ तर अहिले थाहा पाएँ– त्यो गलत पनि हुँदो रहेछ। तपाईंले हामी दुईको सम्बन्ध छुटाएर के पाउनुभयो ? सायद तपाईंहरू धेरै खुसी हुनुहुन्छ। मलाई पीडा दिएर। धेरै तड्पिएको छु जसलाई भित्री मन-मुटुदेखि धेरै चाहन्थें आज मबाट टाढा छ, मैले तपाईंहरूलाई दोष दिन खोजेको होइन, मेरो तकदिर नै यस्तै छ।

**समीर**

रक्सी खाएको पैसा तिरेन भनेर साथीले लगाएको लुगा सर्ट, पाइन्ट, कट्टु, जुत्ता सबै फुकाल्न लगाएर नाङ्गै घर पठाउने जाँड-रक्सी बेच्ने केटीको प्रशंसा गर्दै शुभकामना दिन चाहन्छु।

**दिलीप**

जीवनसंगिनी कमला, छोरी रमिता, छोरो कुमार, बुबाआमा, विमला, रीता, सुमन, मिलन, भाइबुहारी पूर्ण, मनकुमारी, सालो वीर बहिनी निर्जना, रजिना, सानो भाइ तथा मामाका साथै आफन्तहरूमा मीठो सम्झना एवं प्रेम।

**लोकहादुर दर्लामी**

रविना, तपाईंले पत्र पाउनुभएन र ? किन अहिलेसम्म पत्र कोर्नुभएन ?

**करन**

# केही रहेनछ जिन्दगी

फूलैफूल मात्र जीवन हुने भैदिए संसार एक किसिमले अर्थहीन हुने थियो। मानिसहरू घमन्डले फुल्ने थिए। एकले अर्कालाई मान्छे गन्दैनथे। एक-अर्कामा विश्वास गर्दैनथे। संसार एक किसिमले दुःखको समुद्र हो। यहाँ हर किसिमका आपतविपतका छाल, आँधीहुरी, बतास आउँछन्, भूकम्प आउँछ, मानिसहरू किचिन्छन्, मर्छन्, आँधीहुरीद्वारा उडाई लगिन्छन्। यस अर्थमा मानिसलाई मानिसको सहारा चाहिन्छ। मानिस एक्लो जीवन व्यतीत गर्न सक्दैन। उसलाई जीवनसाथी चाहिन्छ। समाज चाहिन्छ मर्दापर्दा साथ दिन। मैले यस्तै एकजना पढेलेखेकी नभए पनि साहित्यमा रुचि राख्ने युवती भएकीले उनीप्रति आकर्षण बढाएको थिएँ।

उनी हेर्दा ठीकै थिइन्, त्यसमाथि प्रतिभाको धनी भएकीले मैले उनलाई बढी मन पराएको थिएँ तर किन हो कुन्नि उनले भने मलाई मन पराइनन् र पत्रको जवाफ पनि दिइनन्। हुनसक्छ उनका निम्ति म योग्य भइनँ। मसँग धनसम्पत्ति थिएन त्यसैले योग्य भइनँ तर साहित्यिक प्रतिभा ममा पनि थियो। ममा पनि भावना थियो, कल्पना थियो, इच्छा, आकांक्षा थियो, सपना थियो, माया गर्ने हृदय थियो। कसैलाई जीवनसाथी बनाएर पछि धोखा दिने नियत, प्रवृत्ति ममा थिएन तर उनले मलाई बुझ्ने प्रयास गरिनन्, चिन्ने प्रयास गरिनन्। उनी एउटा जँड्याहा ट्रक ड्राइभरसँग नराम्रोसँग प्रेमजालमा फस्न पुगिन्।

रस चुसेपछि जसरी फूललाई भूवरा र मौरीले वास्ता गर्दैनन् ठीक त्यसैगरी स्वास्नी ल्याउँदै एक दुई दिन घरमा राखेपछि एउटा बहाना पार्दै पिट्दै घरबाट लघारिदिन्थ्यो। यो कुरा अब उनले पनि बुझ्दै आइन्। मेरो पत्रको जवाफ नदिएको, मलाई वास्ता नगरेको परिणाम कति भयंकर हुन्छ, उनले बुझ्न थालिन्। उनी पश्चातापले जल्न थालिन्। उनी पनि त्यसै मिल्किएको कसिंगर बन्न पुगिन् जुन उनका सौताहरूको जस्तै थियो। एकदिन मैले अकस्मात् उनलाई देखें धादिङको नौबीसे नजिकै त्रिशूली नदीको किनारामा। उनी विधवा वेशमा सेतो लुगा लगार रोडा कुटिरहेकी थिइन्।



## • जीवनको गोरेटोमा •

मैले उनलाई प्रष्टै चिनें। उनले मलाई एक्कासि देख्दा पनि प्रष्टै चिनिन् तर उनी सीधै मेरो मुखमा हेर्न नसक्ने भएकी थिइन्। केही गल्ती गरेको, चुकेको आभास भएको उनको अनुहारले देखाउँथ्यो।

अरूबाट बुझ्दा थाहा पाएँ उनको ट्रक ड्राइभर लोग्ने त्रिशूली नदीसित मीत लगाउन पुगिसकेको रहेछ। ऊ यो संसारबाट बिदा भैसकेको रहेछ। के रहेछ र मानिसको जिन्दगी एक-दुई दिन दुई छाक मीठो खान पाउन्जेल भुइँमा खुट्टा हुँदैनन् यिनीहरूका, घमन्डले फुल्न थाल्छन्। मानिस घमण्डी नहुने भैदिएको भए, एकले अर्काको भावना दुःख-सुख, पीरमर्का बुझ्ने भैदिएको भए जीवन कति रमणीय हुने थियो, संसार कति सुन्दर एवं स्वर्ग जस्तै हुने थियो ?

**– सरगम**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## • साथी •



२० वर्षीया गीता नेपाल हाल कक्षा १२ मा अध्ययनरत छिन्। ५ फिट १ इन्च अग्ली गीता मिलनसार तथा हँसिलो स्वभावकी छिन्। अविवाहित गीता अध्ययन एवं भ्रमणमा रुचि राख्छिन्। गहुगोरो वर्णकी उनी सुख-दुःखमा साथ दिने मध्यमवर्गीय परिवारको ब्राह्मण तथा क्षेत्री जातिका साथीको खोजी छिन्। उनीसँग मित्रता गाँस्न चाहनेहरूले बालशिक्षा उच्च मा.वि., माखा- ६, खाडीचौर, सिन्धुपाल्चोकमा पत्राचार गर्न सक्नुहुन्छ।



५ फिट ७ इन्च अग्ला सूर्यप्रसाद चापागाईं हाल स्नातक तह दोस्रो वर्षमा अध्ययनरत छन्। गहुँगोरो वर्णका सूर्य हँसिलो स्वभावका छन्। २० वर्षीय सूर्य सुख-दुःखमा साथ दिने, पत्रमित्रतालाई बीचमै नछोड्ने, मिलनसार तथा लागूपदार्थको सेवन नगर्ने साथीको खोजीमा छन्। उनलाई नीलगिरि टोल, घर नम्बर-१३७, नदीपुर-३, पोखरा, कास्कीमा पत्राचार गर्न सकिन्छ।



पेसाले जागिरे उत्तमबहादुर मास्के पत्रपत्रिका अध्ययन गर्ने तथा साथी बनाउने कुरामा अभिरुचि राख्छन्। विवाहित मास्के आफूलाई असल स्वभावको बताउँछन्। ४० वर्षीय उत्तम गहुगोरो वर्णका छन्। ५ फिट ३ इन्च अग्ला उत्तम साथीको भावना बुझ्ने तथा मित्रतालाई बीचमै नटुंग्याउने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले पोस्ट बक्स नम्बर-१४९४, काठमाडौंमा पत्राचार गर्न सक्नुहुन्छ।



हँसिलो स्वभाव, सुख-दुःखमा साथ दिने, धनी-गरिब नछुट्याउने तथा जातभातको कुरा नगर्ने साथीको खोजीमा रहेका सुरज राई हाल कक्षा १० मा अध्ययनरत छन्। १५ वर्षीय सुरजको उचाइ ५ फिट २ इन्च छ। पत्रपत्रिका अध्ययन गर्ने एवं साथी बनाउने अभिरुचि राख्ने सुरज गोऱ्हो वर्णका छन्। दुहबी-३, सुभद्रा, फुटानी चोक उनलाई पत्राचार गर्ने ठेगाना हो।



बीबीएस उत्तीर्ण आकाश महर्जन हाल व्यवसाय सञ्चालन गरिरहेका छिन्। अविवाहित आकाश संगीत तथा फोटोग्राफीमा रुचि राख्छन्। ५ फिट ४ इन्च अग्ला आकाश गोरो वर्णका छन्। २५ वर्षीय यी युवा आफूलाई मिलनसार स्वभावको बताउँछन्। सिर्जनशील कार्यमा रुचि राख्ने साथीको खोजीमा रहेका आकाशलाई creativeesigns2010@yahoo.com मा इमेल गर्न सकिन्छ।



जीवन बराल हाल २१ वर्षको भए। ५ फिट ५ इन्च अग्ला बराल पेसागत रूपमा आफू कर्मचारी भएको उल्लेख गर्छन्। मिलनसार स्वभावका जीवन हाल बीबीएस प्रथम वर्षमा अध्ययनरत छन्। अविवाहित जीवन गीत-संगीत सुन्ने अभिरुचि राख्छन्। सुख-दुःखमा साथ दिने, मिलनसार स्वभावको, मित्रताको भावना बुझ्ने साथीको खोजीमा रहेका बराललाई साथी बनाउन चाहनेहरूले हल्दीबारी ८, यलम्बर चोक, झापामा पत्राचार गर्न सक्नुहुन्छ।

# हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?

म सत्तामा बस्न नपाएर पिछडिएको हुँ यसो भने कसो होला ?

**राम त्रिपाठी** (२३), **सर्लाही**

सधैं अरूमा निर्भर रहने र आफूले राष्ट्रलाई के दिनसक्छु भन्नेभन्दा राष्ट्रबाट के लिन सकिन्छ भन्ने तुच्छ सोच राख्नु अर्थात् मै खाऊँ मै लाऊँ सुखसलय मोज मै गरूँ बाँकी सबै रोऊन् भन्ने भावना ।

**अच्युत पौडेल** (२०), **अनामनगर**

हामी नेपाली कुनै पनि काम गर्न डराउँछौं, यो काम ठूलो, यो सानो भनेर घृणा गर्ने भएकाले पिछडिएको छौं ।

**प्रभाकुमारी चौधरी, पाटन**

दक्षता एवं नवीन विचारधारामा कमी, राजनैतिक धरातलमा तँ-तँ र म-मको हानथाप, हत्या, हिंसा, आतंक, बलात्कार, चक्काजाम, अतिक्रमण, अपहरण, भ्रष्टाचार, अन्याय, थिचोमिचो, दबाब, शोषण, बम, गोलाबारुदको दबदबाजस्ता विविध कारण छन् भने उचित ज्ञान र शिक्षाको पहुँचबाट वञ्चित भएका कारण पनि हामी पिछडिएका छौं ।

**एपी सुधा** (२६)

देशको जुनसुकै महत्त्वपूर्ण आन्तरिक निर्णय गर्दा पनि विदेशमा गएर हस्ताक्षर गर्नु अर्थात् आफूमा ज्ञान, बुद्धि, विवेक, पैसा र श्रम गर्ने शक्ति भएर पनि विदेशीहरूको मुख ताक्नु नै हामी पछाडि पर्नुको मुख्य कारण हो ।

**डियर उत्तम** (२०), **पाल्पा**

हामी नेपाली शैक्षिक क्षेत्रका साथै भौतिक स्रोत-साधन नभएर र बेरोजगारीकै समस्याले गर्दा पिछडिएको छौं । उपयुक्त किसिमको सोच नराखी छोटो बुद्धि प्रयोग गर्ने एवं सानातिना कार्यप्रति रुचि नहुनु पनि यसको कारण हो ।

**हर्क ठकुल्ला 'क्षेत्री'** (२०), **पर्वत**

हामी नेपाली आफ्नै घमन्ड अनि दिमागलाई सही रूपमा प्रयोग गर्न नजानेर पिछडिएका छौं ।

**विरु नुगो**

अरूको नक्कल, अल्छीपन र समयको अपहेलना गर्नाले पिछडिएका छौं ।

**दीपक**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
२. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
३. पढेर जानिन्छ कि परेर ?
४. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
५. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
६. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
७. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
८. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
९. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
१०. नेपालले खेलकुदमा किन सधैं हार्छ ?



## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म ४० वर्षीय पुरुष हुँ । मेरो विवाह भएको १० वर्ष मात्र भयो । मेरा दुई सन्तान छन् । मैले बन्ध्याकरण गरेको पाँच वर्ष भयो । मलाई सहवासमा अत्यन्त रुचि छ, तर धेरै वर्षअघिदेखि मेरी श्रीमतीलाई यसप्रति कुनै चासो छैन, म उनलाई पूर्ण सन्तुष्टि दिन सक्छु, यस्तो अवस्थामा मैले कसरी पूर्ण सन्तुष्टि पाउन सक्छु ?**

**– पी.**



डा. राजेन्द्र भद्रा

**उत्तर : पुरुष बन्ध्याकरण र यौनजीवन**

कतिपयलाई पुरुष बन्ध्याकरण गरे यौनजीवनमा के-कस्तो असर पर्ला भन्ने चासो हुन्छ । कुनै पनि व्यक्ति उसको यौन तथा प्रजनन अङ्गमा गरिने कुनै पनि कुराप्रति निकै सजग हुन्छन् । त्यसमा पनि यस्तो शल्यक्रियाको कुरा गर्दा चासो-चिन्ता मात्र होइन एक किसिमको भयले नै सताउँछ । बन्ध्याकरण गर्न लाग्दा कतै पुरुषत्व नै गुमाउँछु कि वा यौनआनन्द नै पाइँदैन कि भन्नेजस्ता प्रश्नले सताउँछ । पुरुष बन्ध्याकरण (भ्यासेक्टोमी) का सन्दर्भमा खसी पारिएको भन्ने मिथ्या धारणाको व्यापकताले पनि असर पारिरहेको हुन्छ, तर पुरुष बन्ध्याकरण गर्दा अण्डकोषदेखि वीर्यथैलीसम्म शुक्रकीट ओसार्ने नली (शुक्रवाहिनी नली) लाई मात्र काटिन्छ, त्यसैले वीर्य उत्पादन तथा स्खलन भए पनि शुक्रकीट नभएकाले गर्भ रहँदैन । अन्य रक्त तथा स्नायु प्रणालीका नसा यथावत् नै हुन्छन्, त्यसैले अण्डकोषले हार्मोनको निष्कासनलगायतका कार्य निरन्तर गर्न सक्छ । बन्ध्याकरण गर्दा यौनआनन्द प्राप्त गर्ने कार्यप्रणालीमा कुनै किसिमको नकारात्मक असर गर्दैन, यौनसम्बन्धी व्यग्रता तथा भावनाहरू यथावत् नै रहन्छन् । बन्ध्याकरण गरेपछि गर्भ रहने भय नहुने भएकाले विनादबाब यौनआनन्द उठाउन सकिन्छ । एक किसिमले तपाईं नै यसको उदाहरण हुनुहुन्छ ।

**श्रीमतीमा यौनेच्छा किन नभएको होला ?**

यौन चाहना स्वाभाविक रूपमा हुने भए पनि सबै व्यक्तिमा यो एकै स्तरको हुँदैन । कसैमा यो बढी हुन्छ भने कसैमा कम, अर्थात् यो कुरा व्यक्तिअनुसार फरक पर्छ । त्यसैगरी एउटै व्यक्तिमा पनि कहिले बढी र कहिले कम हुनसक्छ । तपाईंले श्रीमतीमा यौनचाहना कम भएको कुरा त गर्नुभएको छ, तर यस विषयमा कुनै किसिमको जानकारी भने दिनुभएको छैन । बढी जानकारी दिनुभए समस्या पहिचान गर्न सजिलो हुने थियो, तर पनि महिलामा यौनचाहनामा हुने कमीका कारणका बारेमा केही चर्चा गरौं ।

यौन उत्तेजना नै सुरु नहुनु वा यौनसन्तुष्टि गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन् । विशेष गरेर महिलाको सन्दर्भमा भन्ने हो भने पाठेघर वा वरिपिर संक्रमण भएर यौनसम्पर्क नै पीडादायक हुने भएकाले यौनसम्पर्क गर्ने कुरामा रुचि कम हुँदै जान्छ । केही दीर्घरोगको पनि यस्तो प्रभाव पर्न सक्छ । तपाईंले पत्रमा त्यस्तो कुनै कुरा उल्लेख गर्नुभएको छैन । अर्कातिर यौन क्रियाकलापमा संलग्न हुन नसक्नुको मानसिक कारण हुन सक्छ । यौनप्रतिको गलत मानसिकता त्यसको अर्को प्रमुख कारण हुनसक्छ । यौन क्रियाकलाप नै खराब हो भन्ने प्रभाव कसैलाई परेको छ भने ऊ सहजै यौनक्रियाकलापमा संलग्न हुन सक्दैन । यौनसम्बन्धी मूल्य-मान्यताको विकास हुँदा यदि मनमा गहिरो प्रभाव परेको छ भने यसलाई परिवर्तन गर्न सकिँदैन, तर तपाईंले यस्ता कुराको संकेत दिनुभएको छैन । कतिपय स्थितिमा आफैंभित्र मानसिक विरोधाभास भए यस्तो परिस्थिति आउन सक्छ । त्यसबाहेक दैनिक जीवनमा आइपर्ने तनावहरू जस्तै- चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन् । तपाईंलाई नै यस विषयमा सबैभन्दा बढी थाहा हुने भएकाले त्यसैअनुसार समाधानको बाटो खोज्नुपर्ने हुन्छ । अन्य कुनै रोगको उपचारका क्रममा कुनै औषधी प्रयोग गर्नुभएको भए त्यो औषधी यौन क्रियाकलापमा प्रभाव हुने खालको छ-छैन विचार गर्न नबिर्सनु होला ।

**यौन सुख लिने कि दिने ?**

तपाईंले आफूले श्रीमतीलाई पूर्ण सन्तुष्टि दिन सक्ने तर आफूले नपाएको कुरा गर्नुभएको छ, तर श्रीमतीले इच्छा नै नगर्ने तपाईंको भनाइ अलि नमिलेजस्तो लाग्यो । तपाईंले श्रीमतीलाई पूर्ण सन्तुष्टि प्रदान गरिरहनुभए पक्कै तपाईंकी श्रीमती उक्त सन्तुष्टि प्राप्तिका लागि पुनः लालायित हुनुहुन्थ्यो होला । अर्को कुरा, हाम्रा इन्द्रियहरूले लिएको कुरालाई हाम्रो मस्तिष्कले अर्थ लगाएपछि मात्र हामीले उक्त कुराको अनुभव गर्छौं । यौनसम्पर्क पनि विशेष गरेर शारीरिक स्पर्श (यौनाङ्ग) र मस्तिष्कमा त्यसलाई अर्थ लगाउने कुरा हो । यहाँ कसैले यौनसुख प्राप्त गर्छ भने वास्तवमा उसले व्यक्तिगत रूपमा प्राप्त गर्छ। अर्को व्यक्तिको यौनसुख प्राप्त गर्ने वा नगर्ने कुराको जिम्मा लिन वा पक्का गर्न सक्दैन । वास्तवमा आफ्ना यौनसाथीको यौन सुख प्राप्तिका लागि सहयोग गर्न मात्र सक्छ। तपाईंले पत्रमा लेखेका कुरालाई स्पष्ट पारिदिनुभएको भए बेस हुन्थ्यो ।

**समाधान के त ?**

विवाहपछिको यौनसम्पर्क वास्तवमा 'सम्भोग' हुनुपर्ने हो अर्थात् दुवैले समान रूपले सन्तुष्टि पाउनुपर्ने हो । प्रत्येक व्यक्तिको यौनइच्छालाई तुरुन्तै शान्त पारिहाल्नुपर्छ भन्ने छैन । दुवै जनाले एउटै यौनसम्पर्कमा एकसाथ यौन चरमसुख प्राप्त गर्नुपर्छ भन्ने पनि छैन । यस्तो अपेक्षा राख्नु अव्यावहारिक हुन्छ । यदि पर्खिन सकिए पछि यसले यौनसम्पर्कलाई आनन्ददायक बनाउन सहयोग नै गर्छ । हतार छैन भने दुवै जना आपसी हस्तमैथुन (जुन आफैंमा पाक्क्रीडा हो) मा संलग्न भएर यौनआनन्द बढाउन सक्नुहुन्छ । नयाँ र नौला यौन क्रियाकलापमा संलग्न हुन सके यौनआनन्द थप्न मद्दत पुग्छ । कुनै एक यौनसम्पर्कलाई आफूले यौनआनन्द प्राप्त गर्नमा केन्द्रित गर्नुभए पनि अर्को यौनसम्पर्क आफ्नी श्रीमतीले यौनआनन्द प्राप्त गर्नमा केन्द्रित गर्न सक्नुहुन्छ ।

कारणवश तपाईंकी श्रीमती तयार हुनुहुन्न भने, तपाईंले आफ्नो यौनचाहना पूरा गर्न हस्तमैथुन गर्दा पनि कुनै हानि छैन, तर तपाईंले श्रीमतीसँगको सामान्य यौनव्यवहारमा कमी ल्याउनुभएको छ भने त्यसले श्रीमतीको यौनचाहना पूर्ति गर्ने अवसरलाई कम गर्छ, अनि असन्तुष्टि थप्न सक्छ । तपाईंले श्रीमतीसँगको सम्बन्धको सुमधुरताका बारेमा पनि खासै लेख्नुभएको छैन । सम्बन्ध सुमधुर बनाउने प्रयास गर्नुहोला । त्यसबाहेक दैनिक जीवनमा आइपर्ने तनावहरूजस्तै चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन्, तसर्थ त्यसलाई पनि राम्रोसँग केलाएर समाधानतर्फ लाग्नुपर्ने हुन्छ । यो तपाईंको पारिवारिक जीवनका अन्य कतिपय कुरासँग पनि सम्बन्धित हुन सक्छ । यदि कुनै त्यस्ता कारण भए पक्कै तपाईंले त्यसलाई हटाउने प्रयास गर्नुहुनेछ । यसबाहेक कुनै शारीरिक लक्षण भेट्टाउनुभएको भए वा कुनै औषधी प्रयोग गरेको भए त्यसको नकारात्मक प्रभाव यौन रुचिमा छ-छैन भन्ने कुरा पत्ता लगाई समाधान गर्नुपर्ने हुन्छ ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरूषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु

महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

मानसिक
निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।

सम्पर्क स्थान : माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन : ४२४०३८१, ४२२५५३५


शाखा कार्यालय
हेटौडा : ०५७-५२६०४६
पोखरा : ०६१-५३९१९४
बुटवल : ०७१-५४८८९३
भरतपुर : ०५६-५२०९६८
इटहरी : ०२५-५८४०८८
दाङ : ०८२-५६२९८३
सप्तरी फत्तेपुर : ०३१-५५०११२
हरिओन सर्लाही : ०४६-५३०४८४



बिहेवारी
कोरियन केटासँग विवाह गर्न इच्छुक २१-३० वर्ष सम्मको नेपाली केटीहरुले सम्पर्क गर्नुहोला ।

NEPAL ESOL INT'L WEDDING COMPANY P. LTD.
4257928, 9803626710



ब्युटीसियन कोर्स
नि:शुल्क

• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ



LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service 9841549320



The Flying Institute
announces Admission open for
Airhostess Training

Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)



सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं


## बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नुहुन्छ ?

महेश, मुकेश र दिनेश तीन जना साथी हुन् । उनीहरू तीनै जना दिनभरि एक-अर्कासँग कुराकानी गरेर समय बिताउँछन् । यी तीन जना साथीमध्ये महेश अन्धा छन्, तर बोल्न र सुन्न सक्छन् । मुकेश लाटा छन्, तर सुन्न र हेर्न सक्छन् । दिनेश बहिरा छन्, तर हेर्न र बोल्न सक्छन् । उनीहरू एक-अर्कालाई आ-आफ्नो कुरा कसरी बुझाउँछन् होला ?

## साप्ताहिक कोठेपद



**दायाँ**

१. प्रस्तावित नयाँ संरक्षण क्षेत्र (५)
२. सप्तपातालमध्ये एक (४)
३. ताँती, समूह (३)
५. शरीरमा हुने हाडजन्य अंग (३)
६. भुइँचालो (३)
७. हार, जयको उल्टो (४)
८. मृत्युका देवता (४)
९. मध्यपश्चिमको एक पहाड (४)
११. सबै कुराको ज्ञाता (३)
१२. विष्णुको बाहन, चरा (३)
१३. हलचल नहुने, स्थिर (३)
१७. सुस्तता, कमजोर (२)
१८. अन्तिम संस्कार गरिने ठाउँ (३)
२०. कथा लेख्ने व्यक्ति (४)
२१. शरीरमा हुन्छ (३)
२२. अष्टबुद्ध मध्ये एक ४)

**तल**

१. अंग्रेजीमा बाइसन (४)
२. खेल्ने ठाउँ (४)
३. हातगोडा पसारेर सुत्ने काम (४)
४. नाटक देखाउने ठाउँ (४)
५. वैद्यहरूमा श्रेष्ठ (४)
६. पृथ्वीको भित्री भाग (३)
७. जंगलमा घाँसको छाप्रो (४)
८. आहुति दिएर गरिने पूजा (२)
९. स्थिर, जरा (२)
१०. एसिया-अफ्रिका छुट्याउने समुद्र (५)
१२. घाँटीमा बेरिने वस्त्र (४)
१३. मानको विपरीत (४)
१४. नाम नभएकी (४)
१५. जनताको राय (४)
१६. ज्ञानेन्द्रियमध्ये एक (२)
१९. एक प्रकारको सवारी साधन (२)

## पत्याउनु हुन्छ ?

अफ्रिकाका आदिवासीहरूले त्यहाँ पाइने केप (जंगली भैंसी) को मूत्र टुकी बाल्न प्रयोग गर्छन् ।



प्राचीन समयमा ग्रीसमा धनाढ्यहरूले आफ्ना नयाँ सन्तानलाई जैतुनको तेलमा डुबाउँथे । यसो गर्दा उनीहरूको शरीरमा जीवनभर अनाश्यक रौं आउँदैन भन्ने मान्यता थियो ।



सन् १९७८ सम्म पनि क्यामेल चुरोटमा उँटको शरीरको कण राखिथ्यो ।



उरुग्वेमा सन् १९३० मा सम्पन्न पहिलो विश्वकप फुटबलमा प्रयोग गरिएको बल बाँदरको खप्परलाई छाला र कपडाले बेरेर बनाइएको थियो ।



## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# योग्यताले यहाँ ल्याइपुर्‍यायो

**विदुर खतिवडा**

कुनै बेला ई-बैंकरका रूपमा उनको चर्चा चुलिएको थियो। कुमारी बैंकले इन्टरनेट तथा एसएमएस बैंकिङ सुरु गरेको विषयलाई आधार बनाएर तत्कालीन मिडियामा समाचार आउने क्रममा उनलाई ई-बैंकरका रूपमा प्रस्तुत गरिएको थियो। हाल कुमारी बैंकअन्तर्गत प्रशासनिक विभागीय प्रमुखको पदमा कार्यरत सुरेशकुमार कर्ण आफूमा भएको योग्यता, सीप र क्षमताकै कारण सफल भए।

**मण्डी, लड्ढु र अध्ययन**

कैलाली जिल्लास्थित नारायणपुर गाविसको सती बजार मण्डीमा जन्मिएका सुरेशले कक्षा १ को प्रारम्भिक अध्ययन स्थानीय कर्णाली प्राथमिक विद्यालयबाट पूरा गरे। गल्लाको व्यापारका निम्ति चर्चित 'मण्डी' गाउँको सानो बजार थियो। हालको पूर्व-पश्चिम राजमार्गबाट २२ किलोमिटर टाढा रहेको सती बजार मण्डीमा त्यसबेला राम्रो शैक्षिक वातावरण नभएका कारण उनका पिताले उनलाई १० किलोमिटर परको टीकापुरमा लगेर कक्षा २ मा भर्ना गरिदिए।

तत्कालीन राजा महेन्द्रले स्वास्थ्यलाभ गरेको स्थान भएकाले टीकापुरमा बस्ती निर्माण गर्ने योजनाबमोजिम त्यहाँ पार्क निर्माण गरिएको थियो। 'महेन्द्ररत्न उद्यान' नामको पार्क निर्माणसँगै त्यहाँ विद्यालय निर्माणको आवश्यकता पनि महसुस गरियो। बिस्तारै बस्ती विकास भैरहेको टीकापुर आसपासका स्थानिय व्यक्तिहरूले विद्यालय सञ्चालनका निम्ति आफ्ना छोराछोरी विद्यालयमा भर्ना गर्ने नीतिअनुरुप सुरेशका पिताले उनलाई कक्षा २ मा भर्ना गरेका थिए। भारतको केरलाबाट मगाइएका थोमस वर्गिज उक्त विद्यालयका प्राचार्य थिए।

राम्रा विद्यार्थीका रूपमा सानैदेखि परिचय बनाएका सुरेशले टीकापुरस्थित टीकापुर आवासिय मा.वि.बाट ०४० सालमा प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरे। 'एसएलसीको परिणाम आएको एघारौं दिन प्रथम श्रेणीमा उत्तीर्ण भएको थाहा पाएँ,' सुरेशले साप्ताहिकसँग पुराना दिन सम्झँदै भने- 'बुबाका एक जना इष्टले काठमाडौंबाट ल्याइदिएको गोरखापत्र हेरेपछि मात्र परिणाम थाहा पाएको थिएँ। त्यसबेला मुलुकभर ११ प्रतिशत विद्यार्थी एसएलसीमा उत्तीर्ण भएका थिए।'

खेती-किसानीमा आश्रित उनको परिवारमा बुबाआमाका अतिरिक्त २ दाजुभाइ र २ दिदी-बहिनी गरेर ६ जना थिए। सुरेशका पिताले मेहनत गरेर आर्जेको केही जमिनमा लगाइने खेतीबाट आएको आम्दानी छोराछोरीलाई पढाउने आधार थियो। 'जग्गा-जमिन थियो, बुबाले त्यही जमिनमा खेती गरेर परिवार पाल्नुभएको थियो।' सुरेश भन्छन्- 'सामान्य जीवन चलाउन खेतीबाट आएको आम्दानी पर्याप्त थियो।' सप्ताहान्तको बिदाको बेला 'लड्ढु' चढेर घर पुग्ने कर्ण बिदा सकिएपछि त्यही लड्ढुको माध्यमबाट विद्यालय आइपुग्थे। दुईवटा गोरुले तान्ने साधन 'लड्ढु' उनका निम्ति प्रिय साधन थियो। जसले घर विद्यालयको दूरीलाई छोट्याउन मद्दत गरेको थियो।

एसएलसी उत्तीर्ण भएपछि राम्रो विषयमा उच्च शिक्षा हासिल गर्न कहाँ जाने ? उनका निम्ति यो प्रश्न जटिल थियो। तत्कालीन परिवेशमा टीकापुरबाट काठमाडौं आउनु अर्को देशमा जानुसरह नै थियो, यसको सट्टा सीमावर्ती भारतीय नगर धेरै नजिक थियो। लखनउबाट आईएस्सी उत्तीर्ण गरेपछि उनी बीएस्सी अध्ययन गर्न काठमाडौं आए। अमृत साइन्स क्याम्पसमा पहिलो वर्ष अध्ययन पूरा गरेपछि उनले मद्रासस्थित एक कलेजमा इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङ अध्ययनका लागि आंशिक छात्रवृत्ति पाए। 'त्यसबेला इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन विषयको 'चार्म' बढी थियो, तर अवसर पाए पनि मसँग पैसा थिएन,' कर्ण सम्झन्छन्- 'घर गएर बुबालाई समस्या सुनाएँ, उहाँले सबैभन्दा राम्रो धान फल्ने खेत बेचेर पैसा दिनुभयो।' खेत बेचेर आएको पैसाले नै उनले १७ वर्षअघि बीई पूरा गरे। एक दिदीपछिका दोस्रो सन्तान सुरेशलाई गरेजस्तै सहयोग अन्य सन्तानलाई पनि गर्नुपरेको भए घरका लागि अन्न फल्ने खेत पनि शून्य हुने निश्चित थियो। सुरेश भन्छन्- 'त्यस अर्थमा म भाग्यमानी हुँ। मैले पढ्छु भनें, बुबाले पनि पढाउने मन गर्नुभयो।'

बीई पूरा गरेपछि उनी तीन महिना सतीस्थित घरमै बसें। सानैदेखि घरबाहिर हुनुपरेको पीडाले अत्यधिक सताएकाले अध्ययन पूरा भएलगत्तै कामको खोजीमा नलागी उनी घरमै बसे। इलेक्ट्रोनिक्स तथा कम्युनिकेसन इन्जिनियरिङ पूरा गरेका धेरैले त्यसबेला तत्कालीन दूरसञ्चार प्राधिकरणमा जागिर पाउँथे। 'दूरसञ्चारमा जागिर खाने इच्छाकै कारण उनले पनि सोही विषयमा बीई गरे, तर अध्ययन पूरा गरेर फर्किंदा त्यहाँ प्रतिस्पर्धा बढिसकेको रहेछ,' उनले भने- 'त्यसैले मैले त्यो भीडमा आफूलाई सामेल गराइनँ।'

**संघर्षका दिन**

खेत बेचेर पढाएको छोरोलाई पढाइसकेपछि बाबुले पैसा दिनु सान्दर्भिक हुँदैनथ्यो। त्यसैले अध्ययन पूरा गरेर काठमाडौं बस्न थालेपछि उनका निम्ति प्रत्येक दिनको सुरुवात गह्रुँगो बन्थ्यो। सुरेशले भने- 'घरबाट चामल, तेल, बेसार ल्याए पनि बासँग पैसा माग्न सक्दिनथें।' यसबीच गर्जो टार्नकै निम्ति उनले विभिन्न इन्स्टिच्युटमा कम्प्युटर कोर्स अध्यापन गराउन थाले। 'कतिपय इन्स्टिच्युट आफैं चल्न नसकिरहेको अवस्थामा हुन्थे, तिनीहरूकहाँ पढाएको शुल्क नै पाइँदैनथ्यो,' उनले भने- 'तर पनि एक्लो ज्यान पालेको थिएँ।' त्यही बेला उनले नेपाल प्रहरीमा कम्प्युटर इन्जिनियर चाहियो भनेर निस्किएको विज्ञापन देखें। 'इन्स्पेक्टर तहको उक्त १ पोस्टको भ्याकेन्सीमा ट्राई मारौं न भनेर भिडें,' सुरेशका अनुसार उनले पहिलो छनौटमा परेका ३५ लाई उछिनेर उक्त जागिरमा बाजी मारे।

प्रहरी प्रधान कार्यालयस्थित प्राविधिक क्षेत्रमा इन्स्पेक्टर पदमा जागिर खान थालेका सुरेशको जीवन त्यसपछि अझ संघर्षमय भयो। पद ठूलो जस्तो भए पनि सरकारी तलब न्यून भएकाले उनलाई जीवनशैली धान्न गाह्रो परेको थियो। 'यूएनमा गएका सिपाहीहरू बाइकमा हिंड्थे, तर म अधिकृत स्तरको कर्मचारी भए पनि साइकलसम्म थिएन,' उनी सम्झन्छन्- 'इन्स्पेक्टर भएपछि आफू मातहतका दुई-चार जनालाई ख्वाउनु पनि पर्थ्यो, प्रत्येक महिना दुई-चार पटक ख्वाउनु पर्ने भएकाले तलब आएको २-४ दिनमै सकिन्थ्यो। कोठाभाडा तिर्न तथा आफ्नो व्यक्तिगत खर्च पुर्‍याउन समेत सधैं धौधौ पर्थ्यो। धन्न घरबाट चामल आउँथ्यो।'

प्रहरीमै कार्यरत रहेका बेला उनको विवाहको कुरा चल्यो। 'कम्प्युटर इन्जिनियर तथा प्रहरी इन्स्पेक्टर भनेकै आधारमा छोरी दिए,' राणा परिवारकी छोरी विवाह गरेका उनले भने- 'दाम्पत्य जीवन प्रारम्भ भएपछि त झन् गाह्रो हुन थाल्यो, त्यसपछि म अर्को जागिर खानुपर्छ भन्ने निर्णयमा पुगें।'

एक जना आफन्त भाउजूमार्फत एरेन्ज म्यारिज गरेका सुरेशका अनुसार विवाह गरेपछि सक्षमता देखाउन पनि पैसाको आवश्यकता खट्किएको थियो। विवाह गरेपछि छोरो पनि जन्मियो। 'गर्भवती श्रीमतीले कफी खाने इच्छा गर्दा कफी किनेर दिन सकेको थिइनँ,' उनले त्यस बेलाको पिडा सम्झिँदै भने- 'गर्भवती हुँदा इच्छाएको कुरा पूरा नहुदा छोरा-छोरी र्‍याले हुन्छन् भन्ने भनाइ मेरो छोरोमा पनि लागू भयो।' काठमाडौं बस्न नसक्ने निर्णय गरेर उनी गाउँ फर्कने तरखरमा जुटिसकेका थिए। ठीक त्यही बेला एसबीआई बैंकमा आईटी अफिसरमा भ्याकेन्सी खुल्यो। चारवर्षे सरकारी जागिर छोडेर उनी एसबीआईको आइटी अफिसर भए। जागिर छोड्ने क्रममा पनि धेरैले उनलाई सम्झाए। तत्कालीन परिवेशमा 'राजाको सिन्दूर' (सरकारी जागिर) छोड्ने निर्णय तिम्रो भविष्यका निम्ति गलत हुनेछ, भनेर धेरैले भनेको उनी सम्झन्छन्।

**टर्निङ प्वाइन्ट**

एसबीआईमा ८ हजार रुपैयाँ फ्ल्याट तलब पाए पनि तत्कालीन सरकारको सातौं तहको कर्मचारी पुनः सामान्य अधिकृतका रूपमा एसबीआई प्रवेश गरेका थिए। बैंकिङ करियर प्रारम्भ भएपछि भने उनको अवस्थामा सुधार आउन थाल्यो। कर्ण भन्छन्- 'एसबीआईको जागिरले खान-लाउन पुग्न थाल्यो। मोटरसाइकलसमेत किनें।' एसबीआईमा तीन वर्ष काम गरेपछि उनी बैंक अफ काठमाडौं (बीओके) मा जागिरे हुन पुगे। सिस्टम एन्ड टेक्नोलोजी डिपार्टमेन्टअन्तर्गत म्यानेजरको पद पाएपछि उनले एसबीआई छोडेका थिए। बीओकेमा स्टाफ स्किमअन्तर्गत स्टाफहरूलाई विशेष सुविधा दिने प्रावधानले उनलाई बीओकेतर्फ डोर्‍याएको थियो। बीओकेको जागिरले खुमलटारमा घर बनाउने सुविधा पनि दियो। क्रमशः आर्थिक स्थिति मजबुत हुँदै गएकाले उनले घर बनाउन धेरै समय कुर्नुपरेन।

सीप, क्षमता र योग्यता छ भने नअत्तालिए हुने रहेछ भन्ने कुरा सुरेशको जीवनमा देखिन्छ। कुनै बेला कफीको प्याकेट किन्न नसक्ने उनी यी तीन कुरा साथमा भएकै आधारमा सफल हुँदै गएका थिए। बीओकेमा प्रतिभा प्रदर्शन गरिसकेपछि उनको क्षमतालाई चिनेर कुमारी बैंकले जागिर अफर गर्‍यो। प्रारम्भमा कुमारी बैंकको सिस्टम एन्ड टेक्नोलोजी डिपार्टमेन्टमा आएका सुरेशको प्रशासनिक क्षमता पनि पुष्टि भएपछि हाल उनी प्रशासनअन्तर्गत कर्पोरेट विभागीय प्रमुखका रूपमा कार्यरत छन्। दुई छोराका पिता सुरेशको सानो परिवार अहिले इच्छाएको कुरा पूरा गर्न सक्ने सामर्थ्य राख्छ। सुरेश भन्छन्- 'सफलता पाउँदै गएको छु, तर यो नै पिक होइन, अहिलेसम्मको सफलतालाई सुरुवातका रूपमा लिएर अझ अघि बढ्ने योजना छ।'

प्रारम्भमा उनले कोर बैंकिङ सिस्टमअन्तर्गत रहेर टेक्निकल सिस्टममा इन्टरफेस डेभलप गर्ने, इन हाउस सिस्टम डेभलप गर्ने तथा नेटवर्क एन्ड ब्रान्च कनेक्टिभिटीमा काम गरेका थिए। बैंक अफ काठमाडौंमा रहँदा सेन्ट्रलाइज्ड सिस्टमअन्तर्गत बैंकिङ अपरेसनलाई सेन्ट्रलाइज्ड गर्ने काम पनि उनले गरे, जसले गर्दा फाइनल एकाउन्टिङ एकै ठाउँबाट अपरेट गर्न सकिन्थ्यो। सेन्ट्रलाइज्ड सिस्टममा बैंकका प्रमुख व्यक्तिहरूले मुलुकभरका बैंकको अपडेटेड डाटा आफ्नै अफिसबाट हेर्न सक्छन्। सुरेश अहिले समग्र कुमारी बैंकको प्रसासनिक व्यवस्थापन सम्हाल्छन्। प्रसासनिक क्षेत्रमा पनि उनले गरेका कार्यले बैंकको प्रमुख कार्यकारी (सीईओ) हुने हैसियतमा पुर्‍याए पनि उनी अझै केही समय त्यो पदमा नजाने बताउँछन्। सुरेश भन्छन्- 'बैंकिङ क्षेत्रको अहिलेसम्मको अनुभवले मलाई त्यो पदमा सजिलै पुर्‍याउँछ, तर बैंकलाई नै हाँक्ने त्यो नेतृत्वदायी पदमा अहिले नै जान्नँ।' ०२५ साल वैशाख १ गते जन्मिएका सुरेश करियर भर्खरै प्रारम्भ भएको महसुस गर्छन्। आईटीअन्तर्गतको सिस्टम इन्जिनियरले पनि व्यवस्थापनलाई सही ढंगले हाँक्न सक्छ भन्ने पुष्टि हुँदैछ, सुरेश भन्छन्- बैंकिङ क्षेत्रमा अझै उपल्लो स्तरमा रहेर काम गरेर देखाउने लक्ष्य छ।

**बैंकिङ करियर र सफलता**

विकसित मुलुकहरूले इन्टरनेट बैंकिङमा पाएको सफलता देखेर सुरेश यसलाई नेपालमा पनि भित्र्याउने योजनामा लागे। कुमारी बैंकले सुरेशको योजनालाई मूर्त रूप दिने निर्णय गरेपछि उनकै पहलमा बैंकले इन्टरनेट र एसएमएस बैंकिङ प्रारम्भ गर्‍यो। कुमारीको यो कार्यक्रम सफल भएपछि उनको चर्चा ई-बैंकरका रूपमा चुलिएको थियो। कुमारीको यो सफल कार्यक्रमलाई क्रमशः अन्य बैंकले पनि अनुसरण गरे। कुमारी बैंकलाई डेबिट, क्रेडिट तथा भिसा कार्ड सिस्टममा लान पनि उनले मेहनत गरे। सिस्टम र टेक्नोलोजी डिपार्टमेन्टको प्रमुख रहेर सफलता पाएपछि बैंकले उनलाई प्रशासनिक प्रमुखको जिम्मेवारी दियो। सिस्टम एन्ड टेक्नोलोजीमा काम गर्दा उनले बैंकिङसम्बन्धी प्रशस्त ज्ञान हासिल गरे, त्यसपछि टेक्नोलोजी बेस प्रोगामलाई बैंकिङमा समायोजन गर्ने काममा पनि सफलता पाएपछि उनी अझ अगाडि बढे। सिस्टम एन्ड टेक्नोलोजीको प्रमुख पदमा रहँदा उनले ह्युमन रिसोर्सलगायत व्यवस्थापनको ज्ञान पनि लिएका थिए।

**क्यान, अध्यक्ष र सुरेश**

कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का वर्तमान अध्यक्ष समेत रहेका सुरेश, क्यानलाई नयाँ परिचय दिलाउन सो पदमा आएको बताउँछन्। क्यानको इतिहासमै पहिलो पटक निर्वाचन जितेर अध्यक्ष बनेका कर्ण बैंकिङ सर्कलबाट बाहिर निस्कने क्रममा क्यानको सदस्य भएका थिए। आईटी पृष्ठभूमीबाट आएका सुरेश क्यानको सातौं कार्यकालमा कार्यकारी सदस्यमा मनोनीत गरिएका थिए। सूचना-प्रविधी (आईटी) को प्रयोगसँगै निजी क्षेत्रका बैंकले मारेको फड्कोसम्बन्धी सम्पूर्ण अनुभव सँगालेका सुरेशले सूचना-प्रविधिसम्बद्ध संघ-संस्थाको छाता संगठन क्यानलाई पनि व्यवस्थित गरेर अझ अघि बढाउन सकिन्छ भनेर नेतृत्वमा आएको बताए। युवाहरूको बाहुल्य रहेको क्यानमा आएपछि सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा अझ योगदान पुर्‍याउन उनको नयाँ टिम कार्यरत छ।







# नेपाल फेरि निराश

**अजय हमाल**

काठमाडौं- नेपालले ठूला अन्तर्राष्ट्रिय प्रतियोगिताको सहभागितालाई निरन्तरता दिइरहेको छ। पछिल्लो छ महिनामा स्वदेशी टिमले तीन ठूला प्रतियोगितामा भाग लियो, तर तिनमा निराशा मात्र हात लाग्यो।

भियतनाममा आइतबार सम्पन्न तेस्रो इन्डोर एसियाली खेलकुद पनि नेपालका लागि उपलब्धिमूलक हुन सकेन। यसमा पनि नेपाल छ महिनाअघि सिंगापुरमा भएको युवा एसियाली खेलकुद र दुई महिना पहिले बैंककमा भएको एसियाली मार्शल आर्ट्सको नतिजा पछ्याउँदै पदकविहीन रह्यो।

कम तयारी र सहभागी हुने-नहुने अनिश्चिततासाथ नेपाली टिमले भियतनामको यात्रा गरेको थियो। बजेट अभावका साथै राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटीको समन्वय राम्रो नभएका कारण नेपालको सहभागिता अनिश्चित भएको थियो।

सरकार परिवर्तनका साथै राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा बेलैमा पदाधिकारी नियुक्त हुन नसकेपछि प्रतियोगिता तयारी ओलम्पिक कमिटीले गरेको थियो। अर्थमन्त्रालयले अन्तिम समयमा बजेट उपलब्ध गराएपछि नेपाली टोलीको भियतनाम भ्रमण पक्का भएको थियो।

कम तयारी गरे पनि ओलम्पिक कमिटीले भियतनाममा खेलाडीभन्दा दोब्बर पदाधिकारीलाई विदेश सवार गरायो। अक्टोबर ३० देखि नोभेम्बर ८ सम्म चलेको प्रतियोगितामा नेपालले बक्सिङ, आर्चरी, स्नुकर, बास्केटबल र बुद्धिचालमा भाग लिएको थियो। पाँच खेलका लागि कुल १७ खेलाडीले प्रतिस्पर्धा गरे पनि नेपाली टोलीको संख्या ४० नाघ्यो।

**नेपालको प्रदर्शन**

नेपाली बास्केटबल टिमले भियतनाममा लिग चरणअन्तर्गत पाँच खेल खेल्यो। त्यसमध्ये एकमा मात्र सफलता हासिल गर्‍यो। लिगको अन्तिम खेलमा नेपालले कतारलाई हराएको थियो। नेपालले कतारलाई ३३-२८ ले पछि पारेको थियो। नेपाल भारत, थाइल्यान्ड, जोर्डन तथा कुवेतसँग भने पराजित भएको थियो।

नेपाली आर्चरीको प्रदर्शन पनि खराब रह्यो। सिंगल्समा प्रतिस्पर्धा गरेका असिम शेरचन र जनक भट्टचन छनोट चरणबाटै बाहिरिए। चार खेलाडीले भाग लिएको प्रतिस्पर्धामा जितबहादुर मोक्तान र प्रेमप्रसाद पुन भने छनौट भए। मोक्तान र पुन आपसमा भिडेका थिए। त्यसमा पुनले मोक्तानलाई ११६-१०७ ले हराए। क्वार्टरफाइनलमा पुन दक्षिण कोरियाका वु जीन किमसँग ११७-११२ को झिनो अन्तरमा पराजित भए।

आर्चरीमा पनि नेपाली खेलाडीले राम्रो प्रदर्शन गर्न सकेनन्। महिला बक्सिङ खेलाडीले पनि हार बेहोरे। बेन्टमवेटतर्फ ५१ किलोग्राम तौल समूहमा सञ्जु लामा र लाइट फ्लाईतर्फको ४६ किलोग्राम तौल समूहमा माला राई पराजित भए। पहिलो भिडन्तमा हार बेहोरेर राई श्रीलंकाली प्रतिद्वन्द्वी दिलरुक्सी अनुषासँग १२-१ ले तथा लामा मकाओकी चाओ वोङ सियोसँग ७-४ ले पछि परिन्। स्नुकरतर्फ राजन लामा, सरोजकुमार मुल्मी र श्याम खड्गीले स्तरीय प्रतिस्पर्धा गर्न सकेनन्।

बुद्धिचालका खेलाडीको भने मिश्रित नतिजा निस्कियो। विलमलाल श्रेष्ठले लगातार तीन खेल जितेर नेपाललाई आस दिलाए पनि राष्ट्रिय प्रतियोगिता विजेता बद्रीलाल नेपालीको प्रदर्शन बिर्सनलायक रह्यो। ४३ वटा एसियाली मुलुकका २ हजारभन्दा बढी खेलाडी सहभागी भएको प्रतियोगिताको अन्तिम पदक तालिकामा ४८ स्वर्ण, २५ रजत र १९ कास्य जितेर चीनले आधिपात्य जमायो। नेपालसहित नौ देश पदकविहीन भए।

## ५ प्रश्न



फिडे मास्टर मनीष हमाल चेसमा उपाधि पाउने पहिलो र हालसम्मका एक मात्र नेपाली हुन्। मनमैजुका २४ वर्षीय यी खेलाडीले ठीक एक वर्षअघि जर्मनीको ड्रेस्डनमा सम्पन्न चेस ओलम्पियाडमा फिडे मास्टरका लागि आवश्यक ६ मध्ये ७ दशमलव ५ अंक प्राप्त गरेर फिडे मास्टरको उपाधि पाएका थिए।सानैदेखि चेस खेले पनि सात-आठ वर्षयता चेसमै केन्द्रित हमालले नेपालमा दुई प्रतियोगिता जितेका छन्। भारत, श्रीलंका, लेबनान, बंगलादेश, जर्मनी र श्रीलंकाको चेसयात्रा गरिसकेका मनीषसँगको पाँच प्रश्न :

**अबको लक्ष्य ?**

इन्टरनेसनल मास्टर (आईएम) बन्ने। मेहनत, तयारी र अन्तर्राष्ट्रिय प्रतियोगितामा राम्रो गरिरहेकाले मेरो सम्भावना प्रबल छ। सबैले सहयोग गरे दुई-तीन वर्षमै आईएम बन्नेमा विश्वस्त छु। बढीमा पाँच वर्षभित्र आईएम हुने मेरो योजना छ।

**फिडे मास्टर भएपछिको फाइदा ?**

कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रवेश शुल्क तिर्नुपर्दैन। प्रतियोगिता हेरेर खाने-बस्ने सुविधा र भत्ता पाइन्छ। वर्ल्ड चयाम्पियनसिपलगायत विश्वभरिका सबै ठूला प्रतियोगिता खेल्न पाइन्छ। उपाधि नहुनेहरूले कुनै सुविधा र सबै अवसर पाउँदैनन्।

**आम्दानी पनि राम्रै होला नि ?**

फिडे मास्टर भएपछि मैले नाम र इज्जत कमाएँ। आम्दानी खासै छैन, तर पहिलोजस्तो कुनै पनि प्रतियोगिता खेल्न घरमा पैसा माग्नुपरेको पनि छैन। चेसकै आम्दानीले खेलखर्च पुगेको छ।

**मेहनत कतिको गर्नुपर्छ ?**


निकै धेरै। प्रगति गर्न प्रविधिको पनि साथ चाहिने भएकाले दैनिक ८-९ घन्टा कम्प्युटरमा चेसको अध्ययन र अभ्यास गर्छु। गणितजस्तै हो चेस, राम्रो गर्न अभ्यास धेरै गर्नुपर्छ। दैनिक दुई घन्टा सिकाउँछु पनि।

**खेल्ने शैली र मन पर्ने खेलाडी ?**

म आक्रामक खेलाडी हुँ। कालो गोटीमा फ्रेन्च र सेतोमा इ-फोरबाट खेल सुरु गर्ने गरेको छु। नेपालमा दिगेशशंकर मल्ल, सूरवीर लामा तथा केशव श्रेष्ठ मलाई मन पर्ने खेलाडी हुन्।

**-राजु घिसिङ**

● मैदान बाहिर ●



## क्रिस एभर्ट अलग भइन्

अमेरीकाका पूर्व टेनिस खेलाडी क्रिस एभर्ट तथा गल्फ खेलाडी ग्रेग नरम्यानबीचको १५ महिना लामो वैवाहिक सम्बन्ध पारपाचुकेमा परिणत भएको छ। महिला टेनिसको क्षेत्रमा १८ वटा ग्रान्डस्ल्याम जितेकी एभर्टले नरम्यानसँग तेस्रो विवाह गरेकी थिइन् भने यो नरम्यानको दोस्रो विवाह थियो। एक महिनाअघि पारपाचुके गरेकी एभर्टले आफ्नो वैवाहिक जीवन किन अन्त्य भयो भन्ने कुरा हालै डब्लुपीटीभीलाई बताइन्। ५४ वर्षीया एभर्टले नरम्यानसँगको वैवाहिक जीवन एक गृहिणीका रूपमा बिताउने सोच राखेको बताइन्। व्यावसायिक टेनिस खेलजीवनमा प्रशस्त यात्रा गरेकी एभर्टले नरम्यानमार्फत सन्तान पाएर गृहिणी र आमाका रूपमा जीवन बिताउन चाहेको तर नरम्यानले विभिन्न स्थानको भ्रमण गराइरहेका कारण आफूहरूबीच मनमुटाव उत्पन्न भएको बताइन्।

## छोराको नाममा टाटु

म्यानचेस्टर युनाइटेडका स्ट्राइकर बाह्ये रुनी गत साता पिता भए। २३ वर्षीया श्रीमती कोलिन रुनी गर्भवती भएदेखि रुनी दम्पती सञ्चारमाध्यममा चर्चामा आइरहे। बाल्यकालदेखिको साथीसँग विवाह गरेका रुनीले गत साता लिभरपुलको एक अस्पतालमा छोरा जन्माए। ८ पाउन्डको स्वस्थ शिशुको तस्बिर सार्वजनिक गर्न विभिन्न सञ्चार-माध्यमले लाखौं पाउन्ड तिर्ने प्रस्ताव राखेका थिए, तर रुनी दम्पतीले उक्त प्रस्ताव अस्वीकार गरे। यसभन्दा अघि उनीहरूले आफ्ना निकटवर्तीहरूलाई बोलाएर थ्री डी प्रविधिद्वारा कोलिनको अल्ट्रासाउन्ड गरेर देखाएका थिए। उनीहरूले आफ्नो पहिलो सन्तानको नाम काई राखेका छन्। बाह्येले आफ्नो पहिलो सन्तानको नाम शरीरमा टाटु गराउने घोषणा पनि गरेका छन्। साथीहरूले छोराको तस्बिर पुठ्ठामा बनाए राम्रो हुने सल्लाह दिएका छन्। रुनी दम्पतीले आफ्नो छोराको नाम बेलायतमा खासै लोकप्रिय नहुने नाम चयन गरेका छन्। बेलायतको तथ्यांकअनुसार काई नाम चर्चित १ सय नाममध्ये ६८ औं स्थानमा आउँछ। यो नामको अर्थ साँचो रेखदेख गर्ने व्यक्ति हुन्छ। हवाईमा समुद्रको अर्थ राख्छ भने न्युजिल्यान्डका माहुरी आदिवासीबीच उक्त नामको अर्थ खानेकुरा हुन्छ।




साप्ताहिक Classified Advertisement

**रोजगार**

NGO संस्थालाई साधारण SLC+ Basic Internet जानेका १५ कर्मचारी तलब १०,०००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

Multinational कम्पनीलाई साधारण Internet जानेका १३ कर्मचारी तलब ९५००, ग्यारेन्टी, ९८४१४५९७५३, ९८४१९२८३७७ चाबहिल

Multinational Company लाई Basic Computer जानेका ११ कर्मचारीहरु तलब ९९००, ४७२०१७७, ९८४९१५२०४७ महाराजगंज

नेपाली पप गीतकोलागि Sponcers + Models चाहियो र पप गित compose, Arrange, Recording गर्नपरेमा ९८४१८००१८८

अगरबत्ती खेलौना बनाउनेमा रोजगार १०,०००, काम घरैमा ९७४११४८०५४ गौशाला

महिला कर्मचारीहरु चाहियो, घरमै बसी कामगर्न सकिने ७०००, गौशाला ४४६६७००

साना उद्योगमा अगरबत्ती, खेलौनामा रोजगार २०,५०० । कामघरैमा ९७४११४८०५४

नयाँ अफिसको लागि विभिन्न पदमा कर्मचारी Kalanki 9841887523

**सम्पर्क**

चलिरहेको पार्लर विक्रमा सम्पर्क ९८४९१५०२६४, ४२३२१९४ जमल

कपाल स्ट्रेटमा ग्यारेन्टी ९८४९१५०२६४, ४२३२१९४, धरान्ज जुन ब्युटी होम, जमल

**उपचार**

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

100% मोटोपन घटाउन बढाउन ९८४९०५११६१

सर्वाधिक विश्वासिलो डाक्टरद्वारा मधुमेह, बाथ, युरिकएसिड, पाइल्स, टन्सिल, Sexual सम्बन्धी ग्यारेन्टी, किर्तिपुर, ९८४९०५११६१

कपाल झर्नबाट रोक्न, दुबी, डन्डीफोर, दाग, चायापोतो 100% सफाचट, ९८४१९८१९७६

लिङ्गको साइज तथा यौनशक्ति बढाउन, स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट गर्न, ९८४१९८१९७६, ९८४९०५११६१

नि:सन्तान, मधुमेह, गुप्ताङ्ग, दम, अन्तर्राष्ट्रिय अनुभवी डाक्टर ९८४९०२०९९७



# महिला क्रिकेटमा मोरङको जित

विराटनगर- गत शनिबार विराटनगरमा सम्पन्न झापा, मोरङ र सिरहा जिल्ला सम्मिलित ट्र्याङ्गुलर महिला क्रिकेट प्रतियोगिताको उपाधि मोरङले जितेको छ । मोरङ क्रिकेट संघ तथा पूर्वाञ्चल क्रिकेट एकेडेमीको संयुक्त आयोजनामा भएको खेलको फाइनलमा सिराहालाई १८ रनले हराउँदै मोरङले उपाधि जितेको हो ।

ज्योति पाण्डेको ३२ रनको मद्दतले निर्धारित ओभरमा ६ विकेट गुमाउँदै मोरङले ६० रन जोडेको थियो । विजयी लक्ष्य लिएर मैदानमा उत्रिएको सिराहाले ४२ रन मात्र जोडेको थियो । बलिङतर्फ सिराहाकी लक्ष्मी चौधरीले २ विकेट लिइन् भने मोरङका तर्फबाट सुष्मा पुरीले ४, रश्मि शर्माले ३ र अम्बिका बुढाथोकीले २ विकेट लिएका थिए । प्रतियोगितामा उमन अफ द सिरिच र बेस्ट ब्याट्स उमनको उपाधि मोरङकी ज्योति पाण्डे तथा उमन अफ द म्याचको उपाधि मोरङकै सुष्मा पुरीलाई दिइयो । बेष्ट बलरको उपाधि भने सिराहाकी लक्ष्मी चौधरीले पाइन् ।

झापालाई ८६ रनको फराकिलो अन्तरले हराउँदै फाइनलमा पुगेको मोरङ र झापालाई नै १ रनले हराएको सिराहाबीच फाइनलमा प्रतिस्पर्धा भएको थियो । सेमिफाइनलमा झापाविरुद्ध १ सय २७ रन जोडेको मोरङका विरुद्ध मैदानमा उत्रिएको झापाले ४१ रन मात्र बनाउन सकेको थियो । सेमिफाइनलमै टस जिती ब्याटिङ रोजेको झापाले अलआउट हुँदै मात्र ९ रन जोडेको थियो । प्रतिउत्तरमा सिराहाले बिनाविकेट २ ओभरमा लक्ष्य हासिल गरेको थियो ।

**–कमल रिमाल**

# चर्चा मिस्टर हङकङ नेपालको

हङकङ– पर्सि आइतबार याउमा तेईस्थित हेनरी जी ल्योङ हलमा हुने शारीरिक सुगठन प्रतियोगिताबाट सातौं मिस्टर हङकङ नेपाल छानिनेछ । सहभागी १३ प्रतियोगीलाई प्रशिक्षण दिन धर्मश्री क्रमशः १० हजार, ७ हजार ५ सय तथा ५ हजार हङकङ डलरसहित ट्रफी पाउनेछन् । हङकङ नेपाल बडी बिल्डिङ एसोसिएसनद्वारा आयोजित उक्त प्रतियोगितामा विजेताले जित्ने यो रकम अहिलेसम्मकै बढी हो ।



विजेता मिस्टर नेपाल सानु गुरुङको आगमनले थप चर्चा पाएको छ । व्यायाम विधि, प्रतियोगिताको समयमा लिइने खुराकलगायत विभिन्न पोजिङका सम्बन्धमा प्रशिक्षण दिएको सानुले बताए । गत वर्षका विजेता लोकेन्द्र परियार तथा उपविजेता शम्भु तामाङ यसपटक पनि भिड्दैछन् । शम्भु २००६ का विजेता पनि हुन् ।

यसपटक प्रतियोगिताका विजेता, उपविजेता एवं तेस्रो हुनेले यसबाहेक बेस्ट पोजको उपाधि जित्नेले २ हजार हङकङ डलर तथा ट्रफी पाउनेछन् । स्थानीय कलाकारहरूको गीत, नृत्य एवं फेसन शो प्रस्तुत हुने उक्त कार्यक्रमको उद्घोषण अञ्जु घिसिङ र सुस्मिता गुरुङले गर्नेछन् । अञ्जु यस वर्ष मिस ट्यालेन्ट हन्टकी विजेता हुन् भने सुस्मिता २००७ की विजेता । यी दुई सुन्दरीलाई देवराज राईले सघाउनेछन् ।

**– निर्मल श्रेष्ठ**

# सडककै अवरोध गरेर फुटबल

भक्तपुर- खेल सुरु नहुँदै खेलमैदानवरपरिको दर्शकको खचाखच भरिएको थियो । सडकको डिल मात्र बाँकी थियो । वरिपरि बस्ने त कुरै छाडौं, उभिने ठाउँसमेत थिएन । जब तेस्रो टीभीएस टायर्स कप अन्तरविद्यालय आमन्त्रण फुटबल प्रतियोगिताको फाइनल खेल सुरु भयो । त्यसपछि दर्शकको भीड अझ थामिनसक्नु भयो ।

दर्शकको सुविधालाई ख्याल गरी आयोजकले बाँसलाई ठड्याएर बस्ने व्यवस्था मिलाएका थिए । त्यसैमा बसेर दर्शकहरू उफ्री-उफ्री खेलको मज्जा लिन थालेपछि दुर्घटना नहोस् भनेर आयोजकले बारम्बार माइकिङ गरेका थिए । सानोठिमी खेलमैदानको पूर्व-पश्चिममा बाँस ठड्याएर बस्ने ठाउँको व्यवस्था गरिएको थियो । भक्तपुरमा वर्षमा एकपटक हुने फुटबल हेर्न मोटरसाइकलमा अन्यत्र जान लागेकाहरूले पनि सडकमै सवारी साधन रोकेका थिए ।

मध्यपुर युथ एसोसियनले आयोजना गरेको प्रतियोगिता १३ देखि २३ गतेसम्म चलेको थियो । शनिबार फाइनल खेल गर्ने भनिए पनि दर्शकलाई बस्ने ठाउँको अभावले अगाडि नै गर्नुपरेको प्रतियोगिताका संयोजक अष्टकुमार कवेले बताए । पहिलो र दोस्रो प्रतियोगितामा अहिलेको जस्तो दर्शक सहभागी नभएको सम्झँदै उनी भन्छन्- 'बस्ने ठाउँ नै नभएर खचाखच भएको त



यसै वर्ष हो ।' फुटबल हेर्न भक्तपुरका मात्र नभै काठमाडौं, ललितपुर र बनेपाबाट समेत दर्शकको ओइरो लागेको उनले बताए ।

बनेपासहित उपत्यकाका २३ विद्यालय सहभागी भएको प्रतियोगिताको उपाधि वीरेन्द्र सैनिक आवासीय महाविद्यालयले रक्षा गरेको छ । वीरेन्द्र सैनिकले लिटिल एन्जललाई हराएर जित हात पारेको हो । सैनिकले एन्जललाई २-० ले पराजित गरेको थियो । सैनिकलाई जिताउन सुरेश नेपालीले १७ र ३७ औं मिनेटमा गोल गरेका थिए । उनले गरेको गोल नै निर्णायक बन्न पुग्यो । फाइनल खेलको प्रतियोगितामा म्यान अफ द म्याच विजेता समूहका सुरेश नेपाली नै घोषित भए ।

प्रतियोगितामाको उत्कृष्ट खेलाडी वीरेन्द्र सैनिकका रोशन राई भए । त्यस्तै बेस्ट गोल किपर एसओएसका टेकप्रसाद लम्साल घोषित भए । बेस्ट डिफेन्डर बेलर इन्टरनेसनल एकेडेमीका हरि माकाजू, बेस्ट मिडफिल्डर जेम्सका सुन महर्जन, बेस्ट स्टाइकर लिटिल एन्जलका रोहनजंग कुँवर घोषित भए ।

**–मकर श्रेष्ठ**




# प्रसंग कतिपय



विक्रम राई

आजभोलि काठमाडौंमा चिसो बढेको छ। चिसोसँगै जुलुस, घेराउ र धर्नाको लहर पनि चलेको छ, तर तन्नेरीहरूलाई मौसमले केही फरक पारेको छैन। काठमाडौंको यो खाल्डोमा चारवटा 'एम' को महत्त्व उनीहरूले बुझेका छन्। मोबाइल, मोटरसाइकल, मनी र मसल्सयुक्त तन्नेरीप्रति जो-कोही आकर्षित हुनु स्वाभाविक हो। त्यसो त यो जाडोमा पनि तन्नेरीहरू ट्राउजरबिनाको ब्लेड वास जिन्स पाइन्टमा मोटरसाइकल चढी सरर खाल्डो वरपर हुइँकिएका हुइँक्यै छन्। जवानी आफैंमा एउटा गर्मी हो। त्यो गर्मीको राप र तापलाई पखाल्न पछाडि कसैलाई ट्याप्प टसाएर गन्तव्यतर्फ लाग्नु कुनै ठूलो कुरा हुँदै होइन।

हर्कदाइलाई पनि जाडो बढेको महसुस भएपछि हालै उहाँ थर्मोकोल किन्न शोरुमहरूतिर पुग्नुभएको थियो। शोरुमहरूतिर सामान किन्दा सित्तैंमा 'भड्किला' शोहरू हेर्न पाइने रहेछ, जसको तुलना लन्डन सहरको 'शोहो' भन्ने ठाउँसँग रत्तिभर गर्न मिल्दैन, तथापि रिङ्कल स्कीनको ब्रान्ड एम्बेसडर बन्ने यो बेलामा दाइले मात्तिएका तरुनीहरूलाई देखेर झन्डै थर्मोकोल किन्न बिर्सनुभएको। त्यसो त दाइलाई यो खाल्डोमा सिहंदरबारतिर जागिर, गौशालातिर धर्मकर्म, न्युरोडतिरआँखाको जुधाइ र दरबारमार्गतिर साँझपख रक्सी पिउँदै बरालिनुको स्वाद उहिले कुरकुरे बैंसमा हुँदा नै थाहा थियो। उतिखेर सहरका गल्लीहरूतिर टपरीमा मःम खादै हंसचाललाई नियाल्ने बानी अहिले झन्डै जंकु गर्ने बेलामा आएर पनि हराएको छैन, दाइको हकमा। हुन त उहाँ यो खाल्डोको प्रत्येक मौसममा रमाउने व्यक्ति हो।

गर्मीमा 'जोनी वाकर विथ आइस क्युब' र जाडोमा 'नेपोलियन विथ हट वाटर' पिउने बानी भएका दाइलाई साँझपख दरबारमार्गतिर बरालिने नशा छाएको छ। ब्युटिज एन्ड बोल्डहरू बस्ने यो सहरमा कहिलेकाहीं बरालिँदा हुने जम्काभेटले उहाँलाई आनन्द दिने गरेको छ। त्यसो त गर्मीमा लगाइने ट्रान्सपरेन्ट फेसन, त्यसमा पनि नाइटो प्रदर्शन हुँदै अहिले हाफ कट्टुमा आएर टुङ्गिएको छ। अहिलेको जाडोमा थर्मोकोलको सहयोगले शरीरलाई गठिलो र भड्किलो देखाउने चलनलाई सम्झेर उहाँ रोमाञ्चित हुनुहुन्छ। यद्यपि यो जाडोमा तरुनीहरूमा चलेको लङ्ग कोटको फेसनले उहाँको चित्त दुखाएको छ। बुर्काभित्रको सुन्दरीलाई शतप्रतिशत ठम्याउन्न सकिँदैन रे। त्यसरी नै लङ्ग कोटमा ५० प्रतिशत मात्र ठम्याउन्न सकिन्छ भन्ने मान्यता दाइको छ। भन्ने नै हो भने आफूसँगैकाहरू नाति-नातिनाका हजुरआमा बनिसकेका पनि उहाँलाई थाहा छ, तर मन बूढो कहाँ हुँदो रहेछ र? फेरि पहिले-पहिले केटीहरूका लागि मात्र कस्मेटिक्स पाइए पनि अहिले केटाहरूका लागि 'कस्मेटिक्स फर मेन' पनि पाइन थालेपछि दाइले मायालु साबुनको प्रयोग गर्न छाड्नुभएको छ।

यहाँ शनिबार सबै सुस्ताउँछन्। भोलिको भागदौडका निम्ति कम्युनिस्टहरूले शक्ति सञ्चय गरेजस्तै गरी सबै सुस्ताउँछन्। यो दिन सबैले फुर्सद लिए पनि देवी-देउताहरूले फुर्सद पाउँदैनन्। भक्तजनहरूको अपार श्रद्धाले गर्दा मठ-मन्दिरमा शनिबार बाक्लो भीडभाड हुन्छ। अन्य दिनहरूभन्दा यो दिन पशुपतिको दर्शन गर्न असाध्यै रुचाउने दाइलाई भगवान्को मन्दिरमा भएको राजनैतिक हस्तक्षेप पटक्कै मन परेको छैन, तर पशुपतिनाथ दरबारबाट मुक्त भै जनताको माझ आइपुगेकोमा उहाँ खुसी हुनुहुन्छ। वास्तवमै मुलुकको यो जटिल समयमा पनि पशुपतिनाथले हामी सबैको कल्याण गरेको देख्दा दाइ कहिलेकाही छक्क पर्नुहुन्छ। शनिबारको दर्शनमा सुन्दरी दर्शनार्थीहरूको दर्शन भएपछि उहाँ राजेशपायलले गाएझैं 'दर्शन नमस्ते' भन्न बिर्सनु हुन्न।

जाडोको यो मौसममा पनि दाइ आफ्नो बूढो जवानीलाई थर्मोकोलले छोपेर कसैको खोजीमा भौंतारिएजस्तो देखिनुहुन्छ। अहिलेको आन्दोलनजस्तै दाइको जवानी भुमरी कि निकास के हो भनी छुट्ट्याउन गाह्रो छ। यदि भुमरी बन्ने हो भने उहाँले अहिलेसम्म कमाएको प्रतिष्ठा धरापमा पर्ने पक्कापक्की छ। यसको निकास के हुने हो, उहाँलाई पनि थाहा छैन। निभ्न लागेको दियो एकपटक बेस्सरी बल्छ भन्ने दाइलाई थाहा छ। सायद त्यसैले होला, उहाँलाई आजभोलि अनुशासन कायम गर्न गाह्रो पर्दै गएको छ।

prasangakatipaya@hotmail.com

काठमाडौंको यो खाल्डोमा चारवटा 'एम' को महत्व उनीहरूले बुझेका छन्। मोबाइल, मोटरसाइकल, मनी र मसल्सयुक्त तन्नेरीप्रति जो-कोही आकर्षित हुनु स्वाभाविक हो।

त्यसो त दाइलाई यो खाल्डोमा सिहंदरबारतिर जागिर, गौशालातिर धर्मकर्म, न्युरोडतिरआँखाको जुधाइ र दरबारमार्गतिर साँझपख रक्सी पिउँदै बरालिनुको स्वाद उहिले कुरकुरे बैंसमा हुँदा नै थाहा थियो।

ब्युटिज एन्ड बोल्डहरु बस्ने यो सहरमा कहिलेकाहीं बरालिँदा हुने जम्काभेटले उहाँलाई आनन्द दिने गरेको छ।

भन्ने नै हो भने आपूःसँगैकाहरु नाति-नातिनाका हजुरआमा बनिसकेका पनि उहाँलाई थाहा छ, तर मन बूढो कहाँ हुँदो रहेछ र ?

यहाँ शनिबार सबै सुस्ताउँछन्। यो दिन सबैले फुर्सद लिए पनि देवी-देउताहरूले फुर्सद पाउँदैनन्।

मुलुकको यो जटिल समयमा पनि पशुपतिनाथले हामी सबैको कल्याण गरेको देख्दा दाइ कहिलेकाही छक्क पर्नुहुन्छ।

जाडोको यो मौसममा पनि दाइ आफ्नो बूढो जवानीलाई थर्मोकोलले छोपेर कसैको खोजीमा भौंतारिएजस्तो देखिनुहुन्छ।

ग्लोवलको तालिम 5★मा
* Hotel Mgmt./ F&B Management
* Kitchen Mgmt. / Fast food cooking
* House wife cooking
* Pastry & Bakery arts/ Carving
* F&B Service & Bar
* House-Keeping/ Front office Mgmt.
* In service course for Cook/Chef
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

Admission Open
In Bachelor
Programmes: B.B.S., B.A. & B.Ed.
Shift : Morning
English, Maths, Population, Socialogy, Journalism, R.D. Economics
English, Maths, Population, HPE, Nepali, Economics
* Various Scholarship schemes for deserving candidates.
RAINBOW INT'L COLLEGE
Dallu, Kathmandu, 4278169, 4278247, 4280842

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
आश्चर्यजनक सफलता थोरै लगानीमा व्यवसायी बन्न सकिने !
नेपालमा पहिलो उद्यमशीलता तालिम तथा रोजगारी विकास
DIGITAL VIDEO-EDITING & ANIMATION
WORK IN USA फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
१३ वर्ष पूरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।




* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

HOTEL TRAINING
Student Visa मा जानेहरूको लागि सुवर्ण अवसर
Part time/Full time Job को लागि सिपयुक्त तालिमहरू
Special Training Courses:
Cook - 1 month
Bakery - 1 month
Waiter/ress - 1 month
Barman - 1 month
साथै अन्य होटल सम्बन्धि सम्पूर्ण तालिमहरू दिइन्छ
National Employment Training Center Pvt. Ltd.
NETC चुच्चेपाटी, चावहिल ४४९००१६ २०२३३६७

जाँड-रक्सी साथै सुर्ति, चुरोटको कुलत थाहै नदिई छुटाउन
मोटोपना बढाउन साथै घटाउन
Breast Care @ 1275/-
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

फ्रि ! फ्रि !
तालिम पश्चात उत्कृष्ट १० जनालाई रोजगारीको ग्यारेन्टी
30 जना युवालाई निशुल्क वेटर तालिम
भत्ता रु १५००
बेरोजगार, विद्यार्थी र विदेश जानेलाई विशेष प्राथमिकता दिइने।
कोलम्बिया एकेडेमी
नयाँबानेश्वर, संखमुल झर्ने ओरालोमै
फोन नं. : 4781061, 9841387697
कोलम्बस कलेजको ठिक अगाडी

Shaping Minds Group
Kumaripati 2292244/33
Putalisadak 2222605 4233478
New Baneshwor 4782162
नि:शुल्क शिक्षा
Exams & Hands out will be charged
सेपिङ्ग माइन्ड्स ग्रुप सोसल वेलफेएर (NGO) र सेपिङ्ग माइन्ड्स ग्रुप शिक्षा विभाग मिलेर विभिन्न विषयहरुमा १७२५ जनालाई नि:शुल्क शिक्षा प्रदान गर्दैछ।
IELTS
Special English*
RJ / VJ Training
Secretary Trainig
Cook / Waiter Training
Personality development
Graphic Design / Tally Course
Computer Hardware Training
भर्ना हुने अन्तिम मिति: २०६६ मंसिर ४ गते सम्म।
Satdobato 5536751
Itahari 025-584310
Study + Work
UK/USA
Canada
Australia
New Zealand
Many Others

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414
New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक, वेटर, वारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि।
*५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने।
*टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था।
*Ex-practical को लागि होटलहरुमा पठाईने। सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.
बालाजु चोक, काठमाडौं
फोन: 01-4384548

ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना
- बिदेशबाट तालिम प्राप्त गरेको Trainer बाट तालिम गराईन्छ।
- बिदेश जानेहरुको लागी Special Class का साथै Visa Processing गराईन्छ।
Korean Hair Straight, Brazalian. B.Waxing, Freanch Menicure/ Pedicure, Faceleft, Blowdry
तथा अन्य सम्पूर्ण कामहरु पनि गरिन्छ।
ट्रेनिङ्ग तथा अन्य जानकारीको लागी, तुरुन्त सम्पर्क राख्नु होला
FABULOUS LADIES BEAUTY SALOON & TRAINING INSTITUTE
LAZIMPAT, KATHMANDU
01-4433622, 9841240127


खुम्जुङ्ग होटेल तालिम बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिइदैछ। प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक विल्डिङ्ग
PH 016226791, 9841578724

HOTEL TRAINING
Student Visa मा जानेहरूको लागि सुवर्ण अवसर
Part time/Full time Job को लागि सिपयुक्त तालिमहरू
Special Training Courses:
Cook - 1 month
Bakery - 1 month
Waiter/ress - 1 month
Barman - 1 month
साथै अन्य होटल सम्बन्धि सम्पूर्ण तालिमहरू दिइन्छ
Manpower Training Center (P.) Ltd.
(A Leading Institute for Basic Hotel Management Training)
PACIFIC Jamal, Kathmandu 4232196

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र।
कुक १ ½ महिना रू. २७००/-
कुक ३ महिना रू. ३७००/-
वेटर र बारमेन रू. १३००/-
कफिमेकर रू. ३०००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराईने व्यवस्था छ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तथा पर्यटन तालिम



* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
स्थापनाको दशौं वर्ष
४४७२५५३/४४७५११३/०१६९१६३४७

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया तथा रामेश्वर थापा, सम्पादक : सुवास ढकाल।